वर्ष ५ अंक २

ISSN : 2795-1596 (P)

लोकदर्पण

LOKADARPANA

वैशाख - असोज, २०८२

बहुविषयात्मक विज्ञ-समीक्षित अनुसन्धानमूलक जर्नल

(A Multidisciplinary Peer-reviewed Research Journal)

पण्डित श्रीलोकनाथ लुइटेल स्मृति-प्रतिष्ठान

धरान, सुनसरी

पण्डित श्रीलोकनाथ लुइटेल स्मृति-प्रतिष्ठान Committee On Publication Ethics (COPE) नामक अन्तराष्ट्रिय संस्थाको सदस्य हो ।

लोकदर्पण
LOKADARPANA

बहुविषयात्मक विज्ञ-समीक्षित अनुसन्धानमूलक जर्नल

(A Multi-disciplinary Peer-reviewed Research Journal)

लोकदर्पण
LOKADARPANA

सम्पादक मण्डल

प्रा.डा. सागरमणि सुवेदी - प्रधान सम्पादक
डा. यज्ञेश्वर निरौला - कार्यकारी सम्पादक
डा. रघुनाथ नेपाल - सम्पादक
भवानीप्रसाद मिश्र - सम्पादक
कुमुद अधिकारी - प्रबन्ध सम्पादक

सल्लाहकारहरू

प्रा.डा. माधवप्रसाद पोखरेल
प्रा.डा. गोविन्दराज भट्टराई
प्रा.डा. गोपाल भण्डारी
प्रा. नारायणप्रसाद शर्मा कट्टेल
प्रा.डा. रमेश घिमिरे

व्यवस्थापक

निर्मला लुइटेल
तुलसी/प्रमिला लुइटेल
माधव लुइटेल
गोविन्द/कृष्णा लुइटेल
सङ्गीता लुइटेल पौडेल

संरक्षक

श्रीमती राधादेवी लुइटेल
डा. हरिशरण लुइटेल

प्रकाशक : पण्डित श्री लोकनाथ लुइटेल स्मृति-प्रतिष्ठान, धरान -१६, सुनसरी, कोशी प्रदेश, नेपाल

सर्वाधिकार : पण्डित श्री लोकनाथ लुइटेल स्मृति-प्रतिष्ठान

प्रकाशन मिति : वैशाख-आश्विन २०८२

आवृत्ति : अर्धवार्षिक

प्रकाशित सङ्ख्या : २००

कम्प्युटर सेटिङ : कुमुद अधिकारी

आवरण सज्जा : विष्वक्सेन पौडेल

मुद्रण : उज्ज्वल प्रिन्टर्स, धरान

मूल्य : रू. १५०/-

ISSN : 2795 - 1596 (Print)

इमेल : lokdarpan@llspweb.org

वेबसाइट : llspweb.org

द्रष्टव्य : लोकदर्पणमा प्रकाशित हुने अनुसन्धानमूलक लेखहरू विज्ञहरूको खरो समीक्षाबाट पारित भएका हुनेछन्। लेखहरूमा व्यक्त भएका वस्तुगत तथ्य, समयसूचक मिति, गणना, मौलिक भावना, विचार, वक्तव्य, एवम् सन्दर्भ सामग्रीहरूमाथि भने सम्बन्धित लेखकहरू नै जिम्मेवार रहनेछन्।

स्वस्तिवाचन (मङ्गलकामना)

हरिः ॐ आनो भद्द्रा: क्क्रतवो यन्तु व्विश्वतो दब्धासोऽअपरीतासऽउद्भिद÷।
देवा नो यथा सदमृद्धिधेऽ असन्नप्रायुवो रक्षितारो दिवेदिवे।।१।।

देवानाम्भद्द्रासुमतिर्ऋजूयतान्देवानाꣳरातिरभिनोनिवर्त्तताम्।
देवानाꣳ सक्ख्यमुपसेदिमा व्वयन्देवानऽआयु: प्प्रतिरन्तु जीवसे।।२।।

तान् पूर्व्वया निविदाहूमहे व्वयम्भगम्मित्त्रमदितिन्दक्षमस्रिधम्।
अर्य्यमणं व्वरुणꣳ सोममश्श्विना सरस्वती न: सुभगामयस्करत्।।३।।

तन्नो व्वातो मयोभुव्वातु भेषजन्तन्माता पृथिवी तत्पिता द्यौः।
तद्ग्रावाण: सोमसुतोमयोभुवस्तदश्श्विना श्रृणुतन्धिष्ष्ण्या युवम्।।४।।

तमीशानञ्जगतस्तस्त्थुषस्पतिन्धियञ्जिन्वमवसे हूमहेव्वयम्।
पूषानो यथाव्वेदसामसद्वृधे रक्षिता पायुरदब्ध: स्वस्तये।।५।।

स्वस्तिनऽइन्द्रो व्वृद्धश्रवा: स्वस्तिन÷ पूषा व्विश्ववेदा:।
स्वस्ति नस्तार्क्ष्योऽअरिष्टनेमि: स्वस्ति नो बृहस्पतिर्द्दधातु।।६।।

पृषदश्वा मरुत: पृश्निमातर: शुभं य्यावानो व्विदथेषु जग्ग्मय:।
अग्निजिह्वा मनव: सूरचक्षसो व्विश्वे नो देवाऽअवसागमन्निह।।७।।

भद्द्रङ्कर्णेभि: श्रृणुयाम देवा भद्द्रं पश्येमाक्षभिर्य्यत्त्रा:।
स्थिरैरङ्गैस्तुष्टुवाꣳसस्तनूभिर्व्व्यशेमहि देवहितं य्यदायु÷।।८।।

शतमिन्नुशरदोऽअन्ति देवा यत्त्रानश्चक्क्रा जरसन्तनूनाम्।
पुत्त्रासो यत्त्र पितरो भवन्ति मानो मद्ध्यारीरिषतायुर्ग्गन्तोः।।९।।

अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्म्माता सपितासपुत्त्रः।
विश्वे देवाऽअदिति: पञ्चजनाऽअदितिर्ज्जातमदितिर्ज्जनित्वम्।।१०।।

तं पत्क्नीभिरनुगच्छेम देवा: पुत्त्रैर्भ्रातृभिरुतवाहिरण्यैः।
नाकङ्गृभ्णानाः सुकृतस्य लोके तृतीये पृष्ठेऽअधिरोचने दिवः।।११।।

द्यौः शान्तिरन्तरिक्षꣳशान्ति: पृथिवी शान्तिराप: शान्तिरोषधय: शान्ति:।
व्वनस्पतय: शान्तिर्व्विश्श्वेदेवाः शान्तिर्ब्रह्मशान्तिः
सर्व्वꣳ शान्ति: शान्तिरेव शान्ति: सामाशान्तिरेधि।।१२।।
ॐ यतोयत: समीहसे ततो नोऽअभयङ्कुरु।
शन्न÷ कुरुप्प्रजाभ्योभयन्नः पशुभ्य÷।।१३।।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत्।।१४।।

ॐ शान्तिः, शान्तिः, शान्तिः

सम्पादकीय

अनुसन्धान कार्य गम्भीर अध्ययन, बोध, अभिरुचि र जिज्ञासा विना नहुँदो रहेछ। अभिरुचि भए तापनि उपयुक्त वातावरण भएन भने अनुसन्धान कार्यले पूर्णता नपाउँदो रहेछ भन्ने उदाहरणहरू देखिन्छन्। लोकदर्पण जर्नल (पत्रिका) अनुसन्धाताज्यूहरूका लागि साझा प्राज्ञिक मञ्च हो। प्राज्ञिक परामर्शसहित लेखकज्यूहरूलाई अनुसन्धान कार्यप्रति अभिमुख गराई विभिन्न विधा, विषयसम्बद्ध अनुसन्धानमूलक लेख नियमित रूपमा सङ्कलन, प्रकाशन गर्ने काम उक्त जर्नल सम्बद्ध पण्डित श्रीलोकनाथ लुइटेल स्मृति-प्रतिष्ठानले गरिरहेको छ। संस्थागत रूपमै सामाजिक उत्तरदायित्व वहन गर्ने सत्सङ्कल्पका साथ गठित उक्त संस्थाका उद्देश्यहरूमध्ये अनुसन्धान र प्रकाशन मुख्य हुन्।

अनुसन्धाताज्यूहरूले तयार गर्नुभएका सामग्री प्रकाशन गर्दै आउँदा छोटै समयावधिमा पनि हामीले धेरै अनुभव हासिल गरेका छौँ। पाठक समाजको माग र लेखकज्यूहरूको रुचि, आवश्यकता बोध हुन थालेको छ। हामी सिक्दै काम गर्दै यस अङ्कसम्म आइपुगेका छौँ। यो यात्रा निरन्तर चलिरहन्छ। यहाँहरूको साथ, सहयोग र मार्गदर्शनले हामीलाई उत्साहित बनाएको छ। यस अङ्कका लागि लेख उपलब्ध गराइदिनुहुने लेखकज्यूहरूप्राति हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। विषयविज्ञज्यूहरूप्रति विनम्रतापूर्वक कृतज्ञता प्रकट गर्दछौँ। जर्नल सम्पादन, प्रकाशन कार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

सम्पादक मण्डल

विषयसूची

विषयसूची

स्वस्तिवाचन (मङ्गलकामना) क

सम्पादकीय ग

नेपाली

१. नेपाल र भारतबाट सम्पन्न भएका पाणिनीय व्याकरणका अनुसन्धानहरूमा समानता र भिन्नता - डा. मतिप्रसाद ढकाल १

२. नागेश भट्टको व्यक्तित्व र कृतित्व - डा. भोलानारायण रेग्मी १४

३. मृत्युवञ्चनोपदेश ग्रन्थको प्रथम परिच्छेदमा वर्णित मृत्युसमय निर्धारक तत्त्वहरूको विश्लेषण - निरज दाहाल २५

४. कक्षा दशमा अध्ययनरत विद्यार्थीको भाषा सिकाइ उपलब्धिको परीक्षण - सुनिता तामाङ ४१

५. प्राकृत भाषाको वैशिष्ट्य - मधुसूदन घिमिरे ५३

संस्कृत

६. रसवदाद्यलङ्काराणामनुशीलनम् - डा. महानन्दतिमिल्सिना ६४

नेपाल र भारतबाट सम्पन्न भएका पाणिनीय व्याकरणका अनुसन्धानहरूमा समानता र भिन्नता

डा. मतिप्रसाद ढकाल*

dhakalmatip@gmail.com

लेखसार

पाणिनीय व्याकरणमा आधारित नेपालका स्नातकोत्तर तहका ५४, विद्यावारिधि तहका १८ र भारतका विद्यावारिधि तहका ७६ वटा प्रतिनिधिमूलक अनुसन्धानमूलक सामग्री सङ्कलन गरेर नेपालका स्नातकोत्तर तहका तथा नेपाल र भारतका विद्यावारिधि तहका अनुसन्धान गरी तीन प्रकारमा वर्गीकरण गरेर तिनका बिचमा तुलनात्मक अध्ययन एवं विश्लेषण गरिएको छ। फलस्वरूप भारतका विद्यावारिधिस्तरीय अनुसन्धान र प्रकाशित ग्रन्थबाट नेपालका विद्यावारिधिस्तरीय केही अनुसन्धान प्रभावित भएका र नेपालकै स्नातकोत्तरस्तरीय पूर्ववर्ती अनुसन्धानको समेत प्रभाव उत्तरवर्ती अनुसन्धानमा परेका कारण केही अनुसन्धानमा समानता देखिन्छ भने नेपालका अनुसन्धानको पहिलो अध्याय वा परिच्छेदमा राखिने 'शोधपरिचय' भारतीय अनुसन्धानहरूमा भेट्न सकिँदैन। त्यस्तै नेपालका अनुसन्धानहरू प्राविधिक पक्षमा अल्झिँदा विषयवस्तुमा गम्भीर बन्न सकेका छैनन् भने भारतीय अनुसन्धानले प्राविधिक पक्षलाई भन्दा विषयवस्तुको गहिराइलाई बढ्ता महत्त्व दिँदै आएका छन्।

शब्दकुञ्जी : पाणिनीय, व्याकरण, स्नातकोत्तर, विद्यावारिधि, समानता, भिन्नता।

विषय परिचय

संस्कृत वाङ्मयको आदिस्रोत वेद मानिन्छ। वेदरूपी शरीरका छवटा अङ्गहरूमध्ये व्याकरणलाई प्रधान अङ्ग (मुख) ठानिएको छ (पतञ्जलि, २००४, पृ. २३)। संस्कृत वाङ्मयमा विभिन्न प्रकारका व्याकरणहरू

---

* लेखक कालिका संस्कृत विद्यापीठ, गैँडाकोट, नवलपरासीमा सहप्राध्यापक हुनुहुन्छ।

रचिए पनि पाणिनीय व्याकरण नै सर्वाङ्गपूर्ण मानिएको छ। पाणिनीय व्याकरण मुख्यतः प्राचीन व्याकरण र नव्यव्याकरण गरी दुई प्रकारको अध्ययन पद्धतिमा विकसित हुँदै आएको छ। पाणिनिद्वारा विरचित व्याकरणको मूल ग्रन्थ अष्टाध्यायीका आठ अध्यायका चारचारवटै पादका क्रमले सोदाहरण समस्त सूत्रहरूको अध्ययन गर्ने पद्धतिलाई 'प्राचीन व्याकरण' भनेर चिनिन्छ भने सन्धि, सुबन्त, तिङन्त, कृदन्त आदि उदाहरणमूलक शब्दहरूको निर्माणका लागि पाणिनीय सूत्रहरूको अध्ययन गर्ने पद्धतिलाई 'नव्यव्याकरण' भनेर बुझिन्छ। यी दुवै अध्ययन पद्धतिमध्ये हालसम्म नव्यव्याकरण पद्धतिको अध्ययन परम्परा कायमै रहेको र यस पद्धतिमै बढ्ता अनुसन्धानहरू पनि भएका पाइन्छन्।

पाणिनीय व्याकरणको परम्परामा व्याकरण अध्ययन गर्नुका मुख्य र गौण प्रयोजनहरूको विस्तृत चर्चा गरिएको छ (पतञ्जलि, पूर्ववत्, पृ. १९-४९)। पाणिनीय व्याकरण वैदिक र लौकिक उभयविध व्याकरण मानिएकाले व्याकरण अध्ययनका मुख्य प्रयोजनहरू मुख्यतः वैदिक संस्कृतसँग र गौण प्रयोजनहरू लौकिक संस्कृतसँग सम्बद्ध देखिन्छन्। लोकव्यवहारमा वैदिक संस्कृतभन्दा लौकिक संस्कृतको बढ्ता प्रयोग गरिने भएकाले हालसम्म विभिन्न देशबाट पाणिनीय व्याकरणअन्तर्गतको वैदिक व्याकरणभन्दा लौकिक व्याकरणका पक्षमा अनेकौँ अनुसन्धानहरू भएको पाइए पनि पाणिनीय व्याकरणका सबैभन्दा बढ्ता अध्ययन एवं अनुसन्धानहरू भारतमा भएका भेटिन्छन्। संस्कृत विश्वविद्यालयको स्थापनापश्चात् नेपालबाट पनि पाणिनीय व्याकरणका क्षेत्रमा विभिन्न अनुसन्धानहरू हुँदै आएका छन्। भारतीय विश्वविद्यालयहरूमा स्नातक र स्नातकोत्तर तहमा पाणिनीय व्याकरणका विषयमा अनुसन्धान गरी शोधपत्र तयार गर्ने परम्परा विकसित भएको नपाइए पनि नेपालका अन्य विश्वविद्यालयमा जस्तै संस्कृत विश्वविद्यालयमा पनि स्नातक र स्नातकोत्तर तहमा अन्य विषयमा जस्तै पाणिनीय व्याकरणका विषयमा समेत अनुसन्धान गर्ने परम्परा विकसित हुँदै आएको छ। भारतमा अनेकौँ विश्वविद्यालयहरूबाट पाणिनीय व्याकरणका विभिन्न विषयमा विद्यावारिस्तरीय अनुसन्धान हुँदै आएको पाइन्छ भने नेपालमा एउटा मात्र नेपाल संस्कृत विश्वविद्यालयले पाणिनीय व्याकरणसँग सम्बद्ध विद्यावारिधिस्तरीय अनुसन्धानहरू गराउँदै आएको छ। यसै सन्दर्भमा यहाँ पाणिनीय व्याकरणका विषयमा नेपाल र भारतका विभिन्न विश्वविद्यालयबाट हालसम्म गरिएका स्नातकोत्तर र विद्यावारिधि तहका अनुसन्धानको सङ्क्षिप्त परिचयसँगै तिनमा देखिएका समानता र भिन्नताहरूको सङ्क्षिप्त चर्चा गरिएको छ।

नेपालबाट सम्पन्न भएका पाणिनीय व्याकरणका स्नातकोत्तर र विद्यावारिधि तहका प्रतिनिधिमूलक अनुसन्धानहरू तथा भारतबाट सम्पन्न भएका पाणिनीय व्याकरणका विद्यावारिधिस्तरीय अनुसन्धानहरू नै यस अध्ययनको विषयक्षेत्र हो। प्रतिनिधिमूलक यस्ता अनुसन्धानहरू हालसम्म केकति भएका छन् ? हालसम्म सम्पन्न भएका अनुसन्धानहरूमा केकस्तो समानता र भिन्नता पाइन्छ ? भन्ने मुख्य समस्यामा केन्द्रित रहेको यस लेखको उद्देश्य नेपालभित्रकै पाणिनीय व्याकरणका अनुसन्धानमा पाइने समानता र भिन्नताको निर्क्योल गर्ने तथा नेपाल र भारतका पाणिनीय व्याकरणसँग सम्बद्ध अनुसन्धानहरूमा देखापर्ने समानता र भिन्नता ठम्याउनु हो।

पाणिनीय व्याकरणका विषयमा हालसम्म विभिन्न देशहरूबाट अनेकौँ अनुसन्धाताहरूले विभिन्न

शीर्षकमा अनुसन्धानहरू पूरा गरेका छन् तापनि प्रतिनिधिमूलक अनुसन्धानलाई नै आधार बनाएर नेपाली भाषाका माध्यमले हालसम्म समानता र भिन्नता भने केलाइएको पाइँदैन। यही शोधान्तराललाई आंशिक मात्रामा पूर्ति गर्दै नव्यव्याकरण विषयका नवअनुसन्धाता र जिज्ञासु पाठकहरूका लागि उपयोगी बनाउनुमा यस लेखको औचित्य र महत्त्व पुष्टि भएको छ।

अध्ययन विधि

सामग्री सङ्कलनका विभिन्न विधिहरूमध्ये यस लेखका लागि नमुना छनौट विधिलाई अध्ययन सामग्री सङ्कलनको आधार बनाइएको छ। नेपालबाट सम्पन्न भएका स्नातकोत्तर तहका शोधपत्रहरू र नेपाल एवं भारतबाट गरिएका विद्यावारिधि तहका शोधप्रबन्धहरूलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ भने 'पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा' ग्रन्थका १, २ र ३ भागलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ। यहाँ तुलनात्मक विधिबाट परस्पर प्रेरणा र प्रभाव ठम्याउँदै निष्कर्षमा पुगिएको छ। यसका लागि द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको 'पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा' ग्रन्थका तीनवटै भागमा समीक्षित प्रतिनिधिमूलक १४७ वटा अनुसन्धानमा यस अध्ययनलाई सीमाङ्कन गरिएको छ।

सैद्धान्तिक पर्याधार

अनुसन्धानका विभिन्न सैद्धान्तिक पद्धतिहरूमध्ये कुनै दुई विषय वा क्षेत्रमा पारस्परिक प्रेरणा र प्रभावका आधारमा समानता र भिन्नताको निर्क्योल गर्ने पद्धति नै तुलनात्मक पद्धति हो। एकपक्षीय अध्ययन एवं विश्लेषण हुनबाट बच्तै तटस्थ, निरपेक्ष, वस्तुनिष्ठ र पूर्वाग्रहरहित हुनु तुलनात्मक पद्धतिको मुख्य उद्देश्य मानिन्छ। यो लेख तुलनात्मक पद्धतिका यिनै मूलभूत सैद्धान्तिक आधारलाई ध्यानमा राखेर तयार पारिएको हो।

विषय विश्लेषण

पाणिनीय व्याकरणका बारेमा विभिन्न मुलुकहरूबाट अध्ययन एवं अनुसन्धानहरू भएको पाइए पनि हालसम्म भारतबाट जेजति अध्ययन एवं अनुसन्धानहरू भएका छन् त्यति अनुसन्धानहरू अन्य कुनै पनि मुलुकबाट भएको पाइँदैन। यसै सन्दर्भमा यहाँ नेपाल र भारतबाट हालसम्म भएका पाणिनीय व्याकरणका अनुसन्धानलाई नेपालबाट सम्पन्न भएका पाणिनीय व्याकरणका स्नातकोत्तरस्तरीय अनुसन्धानहरू, नेपालबाट सम्पन्न भएका पाणिनीय व्याकरणका विद्यावारिधिस्तरीय अनुसन्धानहरू र भारतबाट सम्पन्न भएका पाणिनीय व्याकरणका विद्यावारिधिस्तरीय अनुसन्धानहरू गरी तीन प्रकारमा वर्गीकरण गरेर तिनको परिचयात्मक चर्चासँगै समानता र भिन्नता केलाइएको छ।

नेपालबाट सम्पन्न भएका पाणिनीय व्याकरणका स्नातकोत्तरस्तरीय अनुसन्धानहरूमा समानता र भिन्नता

नेपालबाट पाणिनीय व्याकरणका विषयमा औपचारिक रूपमा स्नातकोत्तरस्तरीय अनुसन्धानको प्रारम्भ २०४८ सालदेखि भएको हो। त्यसबेलादेखि हालसम्म स्नातकोत्तरस्तरीय ५९ वटा अनुसन्धानात्मक

शोधपत्रहरू पूरा भएका छन्। हालसम्म सम्पन्न भएका स्नातकोत्तरस्तरीय अनुसन्धानहरूले प्रक्रियापरक अनुसन्धानका रूपमा अनुबन्धको वैशिष्ट्य, इट् आगमको व्यवस्था, लिङ्गानुशासनको विश्लेषण, संज्ञा वा पारिभाषिक शब्दहरूको प्रयोजन र विश्लेषण, अव्ययको परिचय र वर्गीकरण, कारक र विभक्तिको विवेचना, समासका प्रमुख भेद र उपभेद, सिद्धान्तकौमुदीका सन्धि, कर्मकारक, स्त्रीप्रत्यय, कृदन्त र उणादि प्रकरणको विश्लेषण, लघुसिद्धान्तकौमुदीका वार्तिकहरूको विवेचना, पाण्डुलिपि र लिपिको परिचय तथा लेखनपरम्परासँगै लघुशब्देन्दुशेखर र व्याकरणसिद्धान्तसुधानिधि ग्रन्थका पाण्डुलिपिको सम्पादनका साथै व्याकरण शिक्षणपद्धतिको पर्यालोचनसमेत गरिएको छ। त्यसैगरी दर्शनपरक अनुसन्धानका रूपमा शक्ति, सुबर्थ, धात्वर्थ, लकारार्थ, समासशक्ति, कारक र वाक्तत्त्वको विवेचना, वाक्यस्फोटको मुख्यत्व प्रतिपादन र प्रातिपदिकार्थको परिष्कारात्मक अध्ययन गरिएको छ। त्यस्तै कृतिपरक अनुसन्धानका रूपमा कृष्णकर्णाभरण, परमानन्दचरितामृत, गण्डकीगौरव, जगदम्बिकावैभव, विष्णुव्रत, श्रीमभगवद्गीता, श्रीमद्भागवत, अमरकोशपरिशेष र देवाधिदेव श्रीनीलकण्ठमहाकाव्य ग्रन्थमा प्रयुक्त लकारार्थ, कृदन्त शब्द, समस्त शब्द, तिङन्त शब्द र अव्यय शब्दको पहिचान र विश्लेषण गरिएको छ। त्यसैगरी तुलनात्मक अध्ययनका रूपमा वैयाकरणभूषणसार र परमलघुमञ्जूषा एवं पाणिनीय व्याकरण र जैनेन्द्रीय व्याकरणका संज्ञाको तुलनात्मक अध्ययन तथा सिद्धान्तकौमुदीको संज्ञा, परिभाषा र अच्सन्धि प्रकरणका बालमनोरमा र तत्त्वबोधिनी दुवै टीकाको तुलनात्मक समीक्षासमेत गरिएको छ। त्यस्तै व्यक्तिपरक अनुसन्धानका रूपमा मङ्गलकुमार नेपाल, प्रा. धुवप्रसाद ज्ञवाली र प्रा.डा. विष्णुराज आत्रेयको जीवनी, व्यक्तित्व र कृतित्वको परिचयसँग सम्बद्ध अनुसन्धानहरू पनि सम्पन्न भएका छन्।

नेपालबाट गरिएका पाणिनीय व्याकरणका स्नातकोत्तर तहका अनुसन्धानहरूलाई मुख्यतः प्रक्रियापरक, दर्शनपरक, कृतिपरक, तुलनात्मक र व्यक्तिपरक गरी पाँच प्रकारमा वर्गीकरण गर्न सकिन्छ। यीमध्ये प्रक्रियापरक अनुसन्धान सबैभन्दा बढ्ता र व्यक्तिपरक अनुसन्धान सबैभन्दा कम भएका छन् भने दर्शनपरक र कृतिपरक अनुसन्धानको सङ्ख्या समान रहे पनि तिनका तुलनामा तुलनात्मक अनुसन्धान न्यून भएका देखिन्छन्। यी पाँचै प्रकारका अनुसन्धानहरूको तुलना गर्दा व्यक्तिपरक अनुसन्धानमा पूर्ववर्ती अनुसन्धानको प्रत्यक्ष प्रभाव नपरेको वा संरचनात्मक समानता नपाइए पनि कृतिपरक र अन्य केही अनुसन्धानमा पूर्ववर्ती अनुसन्धानको प्रभाव परेको भेटिन्छ। कृतिपरक अनुसन्धानअन्तर्गत वाल्मीकि विद्यापीठको उत्तरवर्ती 'कुलचन्द्रगौतमप्रणीतस्य अमरकोशपरिशेषस्य व्याकरणदृष्ट्या समीक्षणम्' (२०७५) शीर्षकको अनुसन्धानका सबैजसो विषयवस्तु पिण्डेश्वर विद्यापीठको पूर्ववर्ती 'अमरकोशपरिशेषस्य प्रमुखशब्दानां धातूपसर्गप्रत्ययप्रदर्शनपूर्वकं समीक्षणम्' (२०७१) शीर्षकको अनुसन्धानका विषयवस्तुबाट प्रभावित भएको वा समानता रहेको र पूर्ववर्तीभन्दा उत्तरवर्ती अनुसन्धानमा ३३ वटा शब्दका विवृतिको न्यूनता वा असमानता रहेको छ (ढकाल क, २०८१, पृ. १४५-१४६)।

स्नातकोत्तर तहका तुलनात्मक अनुसन्धानअन्तर्गत वाल्मीकि विद्यापीठको उत्तरवर्ती 'भूषणसारपरमलघुमञ्जूषयोः समासशक्तिप्रकरणस्य तुलनात्मकमध्ययनम्' (२०७७) शीर्षकको अनुसन्धानमा महेश गुरुकुल विद्यापीठको पूर्ववर्ती 'नागेशभट्टकौण्डभट्टस्वीकृतसमासशक्तिविचारः'

(२०७६) शीर्षकको अनुसन्धानका पूर्वकार्यको समीक्षाका साथै १० देखि २१ पृष्ठ, २८, २९, ३१, ५२, ५३, ५४, ५८ देखि ७५ पृष्ठ र ७८ पृष्ठका विषयवस्तुको समानता पाइन्छ (पूर्ववत्, पृ. १६६-१६८)। त्यस्तै वाल्मीकि विद्यापीठको उत्तरवर्ती 'सिद्धान्तकौमुद्या अच्सन्धिप्रकरणस्य बालमनोरमातत्त्वबोधिनी टीकयोस्तुलनात्मिका समीक्षा' (२०७८) शीर्षकको अनुसन्धानमा पूर्ववर्ती 'वैयाकरणसिद्धान्तकौमुद्याः कृदन्तप्रकरणविमर्शः' (२०७५) शीर्षकको अनुसन्धानका १३ देखि १९ पृष्ठको प्रभाव परेको छ (पूर्ववत्, पृ. १७२)। त्यसैगरी वाल्मीकि विद्यापीठको समकालिक 'सिद्धान्तकौमुद्याः संज्ञापरिभाषाप्रकरणयोर्बालम नोरमातत्त्वबोधिनीटीकयोस्तुलनात्मिका समीक्षा' (२०७८) शीर्षकको अनुसन्धानमा वाल्मीकि विद्यापीठकै समकालिक 'सिद्धान्तकौमुद्या अच्सन्धिप्रकरणस्य बालमनोरमातत्त्वबोधिनीटीकयोस्तुलनात्मिका समीक्षा' (२०७८) शीर्षकको अनुसन्धानको पहिलो परिच्छेदको पहिलो अनुच्छेद, दोस्रो परिच्छेद, तेस्रो परिच्छेद, पाँचौँ परिच्छेद र सङ्क्षेपीकृत शब्दसूचीमा समेत समानता पाइन्छ (पूर्ववत्, पृ. १७५-१७७)।

स्नातकोत्तर तहका दर्शनपरक अनुसन्धानअन्तर्गत महेश गुरुकुल विद्यापीठको उत्तरवर्ती 'नागेशभट्ट कौण्डभट्टस्वीकृतसमासशक्तिविचारः' (२०७६) शीर्षकको अनुसन्धानमा महेश गुरुकुल विद्यापीठकै पूर्ववर्ती 'नागेशाभिमतप्रातिपदिकार्थविमर्शः' (२०७३) शीर्षकको अनुसन्धानका १० देखि १४ पृष्ठसम्मका ५ पृष्ठहरू प्रभावित भएको भेटिन्छ (पूर्ववत्, पृ. १२०)। त्यसैगरी वाल्मीकि विद्यापीठको उत्तरवर्ती 'वैयाकरणाभिमतलकारार्थविवेचनम्' (२०७७) शीर्षकको अनुसन्धानमा महेश गुरुकुल विद्यापीठको पूर्ववर्ती 'नागेशभट्टकौण्डभट्टस्वीकृतसमासशक्तिविचारः' (२०७६) शीर्षकको अनुसन्धानका ५ देखि ७ र १० देखि २१ पृष्ठसम्मका १४ पृष्ठहरूसँग सम्बद्ध विषयवस्तुको समानता पाइन्छ (पूर्ववत्, पृ. १२२-१२३)। त्यसैगरी महेश गुरुकुल विद्यापीठको उत्तरवर्ती 'नागेशकौण्डभट्टयोर्लकारार्थप्रकरणस्थानां सिद्धान्तानामध्ययनम्' (२०७८) शीर्षकको अनुसन्धानका विषयवस्तु महेश गुरुकुल विद्यापीठकै पूर्ववर्ती 'नागेशभट्टकौण्डभट्टस्वी कृतसमासशक्तिविचारः' (२०७६) शीर्षकको अनुसन्धानका १० देखि २१ सम्मका पृष्ठबाट तथा वाल्मीकि विद्यापीठको 'भूषणसारपरमलघुमञ्जूषयोः समासशक्तिप्रकरणस्य तुलनात्मकमध्ययनम्' (२०७७) शीर्षकको अनुसन्धानका ११ देखि २१ सम्मका पृष्ठबाट प्रभावित भएको देखिन्छ (पूर्ववत्, पृ. १२८)।

स्नातकोत्तर तहका प्रक्रियापरक अनुसन्धानहरूमध्ये वाल्मीकि विद्यापीठको उत्तरवर्ती 'वैयाकरणसिद्धान्तकौमुद्याः कारकप्रकरणस्थसूत्राणामध्ययनम्' (२०७६) शीर्षकको अनुसन्धानका ३६ देखि ७८ सम्मका पृष्ठअन्तर्गतका १७ पृष्ठहरूका विषयवस्तु वाल्मीकि विद्यापीठकै पूर्ववर्ती 'कारकत्वपर्यालोचनम्' (२०६६) शीर्षकको अनुसन्धानका २३ देखि ४८ सम्मका पृष्ठअन्तर्गतका १६ पृष्ठहरूका विषयवस्तुसँग समानता रहेको पाइन्छ (पूर्ववत्, पृ. ४७)। त्यसैगरी वाल्मीकि विद्यापीठको उत्तरवर्ती 'वैयाकरणसिद्धान्तकौमुद्याः तद्धितप्रकरणाध्ययनम्' (२०७७) शीर्षकको अनुसन्धानमा वाल्मीकि विद्यापीठकै पूर्ववर्ती 'वैयाकरणसिद्धान्तकौमुद्याः कृदन्तप्रकरणविमर्शः' (२०७५) शीर्षकको अनुसन्धानका ६ देखि ३९ पृष्ठसम्मका पृष्ठबाट तथा पूर्ववर्ती 'वैयाकरणसिद्धान्तकौमुद्याः स्त्रीप्रत्ययविमर्शः' (२०७६) शीर्षकको अनुसन्धानका ४६, ४७ र ४८ पृष्ठबाट प्रभावित भएको देखिन्छ (पूर्ववत्, पृ. ४९)। त्यस्तै वाल्मीकि विद्यापीठको उत्तरवर्ती 'वैयाकरणसिद्धान्तकौमुद्याः सुबन्तप्रकरणाध्ययन्' (२०७७) शीर्षकको अनुसन्धानमा

वाल्मीकि विद्यापीठकै 'वैयाकरणसिद्धान्तकौमुद्याः कृदन्तप्रकरणविमर्शः' (२०७५) शीर्षकको अनुसन्धानका ३, ४ र ६ देखि १९ पृष्ठसम्मका पृष्ठबाट र 'वैयाकरणसिद्धान्तकौमुद्याः स्त्रीप्रत्ययविमर्शः' (२०७६) शीर्षकको अनुसन्धानका ४५ र ४६ पृष्ठबाट प्रभावित भएको देखिन्छ (पूर्ववत्, पृ. ५२-५३)। त्यसैगरी महेश गुरुकुल विद्यापीठको उत्तरवर्ती 'वैयाकरणसिद्धान्तकौमुद्याः सन्नन्तप्रकरणस्थफक्किकानामध्ययनम्' (२०७८) शीर्षकको अनुसन्धानमा वाल्मीकि विद्यापीठको पूर्ववर्ती 'वैयाकरणसिद्धान्तकौमुद्याः कृदन्तप्रकरणविमर्शः' (२०७५) शीर्षकको अनुसन्धानका १३ देखि १८ पृष्ठसम्मका पृष्ठबाट प्रभावित भएको पाइन्छ ५६। त्यस्तै वाल्मीकि विद्यापीठको उत्तरवर्ती 'पाणिनीयाष्टाध्याय्याः (५-८) पारिभाषिकपदानामनुशीलनम्' (२०७८) शीर्षकको अनुसन्धानमा शोधशीर्षकबाहेक अन्य सबैजसो विषयवस्तु वाल्मीकि विद्यापीठकै पूर्ववर्ती 'पाणिनीयाष्टाध्याय्याः प्रथमाध्यायतश्चतुर्थाध्यायपर्यन्तानां पारिभाषिकशब्दानामनुशीलनम्' (२०७५) शीर्षकको अनुसन्धानबाट प्रभावित भएको वा त्यस अनुसन्धानसँग समानता रहेको भेटिन्छ (६१-६३)। त्यसैगरी वाल्मीकि विद्यापीठको 'सिद्धान्तसुधानिधिटीकायाः सम्पादनम्' (२०७९) शीर्षकको अनुसन्धान 'वैयाकरणसिद्धान्तसुधानिधिः' (पूर्वार्ध) ग्रन्थका १ देखि ६८ पृष्ठसम्मका पृष्ठबाट नै गतार्थ भइसकेको हुँदा पृष्टपेषणमात्रै हुन पुगेको देखिन्छ । त्यस्तै वाल्मीकि विद्यापीठको उत्तरवर्ती 'लघुसिद्धान्त कौमुदीस्थवार्तिकानां समीक्षणम्' (२०७९) शीर्षकको अनुसन्धानमा पूर्ववर्ती 'वैयाकरणसिद्धान्तकौमुद्याः स्त्रीप्रत्ययविमर्शः' (२०७६) शीर्षकको अनुसन्धानका ७ देखि २० पृष्ठसम्मका पृष्ठबाट प्रभावित भएको पाइन्छ। त्यसैगरी वाल्मीकि विद्यापीठको उत्तरवर्ती 'पाणनीयसंज्ञासूत्राणां प्रयोजनविश्लेषणम्' (२०७९) शीर्षकको अनुसन्धानका २६, २७, २८, २९, ३९, १०५ र १०६ पृष्ठबाट तथा 'पाणिनीयपुँल्लिङ्गानुशासनस्य विश्लेणात्मकमध्ययनम्' (२०७८) शीर्षकको अनुसन्धानका १२०, १२२ र १२३ पृष्ठबाट प्रभावित भएको देखिन्छ। स्नातकोत्तरस्तरीय शोधपत्रहरूमा यस किसिमको प्रभाव वा पृष्टपेषणमूलक समानता बढ्दै जानाले शोधपत्रको मौलिकता है हराउँदै जाने भएकाले यसतर्फ सम्बद्ध शोधार्थी, शोधनिर्देशक र विभागको समेत ध्यानाकर्षण हुनु आवश्यक छ।

नेपालमा पाणिनीय व्याकरणसँग सम्बद्ध स्नातकोत्तरस्तरीय अनुसन्धानमध्ये २०४८, २०५१ र २०५२ सालमा सम्पन्न भएका तीनवटा अनुसन्धानमा पहिलो अध्यायमा शोधप्रस्तावको परिमार्जित स्वरूपका रूपमा शोधपरिचय राखिएको पाइँदैन भने २०६६ सालदेखि हालसम्मका अनुसन्धानमा पहिलो अध्याय वा परिच्छेदमा अनिवार्य रूपमा शोधपरिचय र अन्तिम अध्यायमा समग्र शोधनिष्कर्ष प्रस्तुत गर्ने प्रचलनमा एकरूपता वा समानता पाइन्छ। हालसम्म पनि नेपाल संस्कृत विश्वविद्यालयको पृथक् शोध शैली पुस्तिका निर्धारण हुन नसकेकाले स्नातकोत्तरस्तरीय शोधपत्रहरूमा प्रयुक्त अनुसन्धान पद्धतिमा पूर्णतः एकरूपमा वा समानता भेट्न सकिँदैन। जसका कारण कतिपय शोधपत्रहरूमा समस्याकथन र उद्देश्यका बीचमा सामञ्जस्य नपाइनु, पूर्वकार्यको समीक्षा कालक्रमिक नहुनु, शोधपत्रमा समेत शोधप्रस्तावमा जस्तै भविष्यत्कालिक क्रियापदको प्रयोग हुनु, शोधपत्रको रूपरेखा र वास्तविक शोधपत्रका बीचमा एकरूपता नपाइनु जस्ता न्यूनता वा भिन्नता रहेको देखिन्छ।

नेपालबाट सम्पन्न भएका पाणिनीय व्याकरणका विद्यावारिधिस्तरीय अनुसन्धानहरूमा समानता र भिन्नता

नेपालबाट पाणिनीय व्याकरणका विषयमा औपचारिक रूपमा विद्यावारिधिस्तरीय अनुसन्धानको थालनी २०५२ देखि भएको पाइन्छ। त्यसबेलादेखि हालसम्म विद्यावारिधि तहका १८ वटा अनुसन्धानात्मक शोधप्रबन्धहरू पूरा भएका देखिन्छन्। तुलनात्मक अध्ययनका रूपमा वैयाकरणसिद्धान्तकौमुदीसँग प्रक्रियाकौमुदी, प्रतिसंस्कृता सिद्धान्तकौमुदी र श्लोकसिद्धान्तकौमुदी तीनग्रन्थसँग तीनवटा अनुसन्धान भएका छन् भने शुक्लयजुर्वेद प्रातिशाख्य र पाणिनीय व्याकरणको, पाणिनीय व्याकरण र जैनेन्द्र व्याकरणको, परिभाषेन्दुशेखरका भूति र सर्वमङ्गला टीकाको तथा लघुसिद्धान्तकौमुदीका भावार्थसुबोधिनी र सुबोधिनी टीकाको गरी चारवटा तुलनात्मक अनुसन्धानहरूसमेत गरिएका छन्। त्यस्तै ग्रन्थसम्पादन र विवेचनात्मक अनुसन्धानका रूपमा वृद्ध्याद्यष्टकविवृति र प्रासादकौमुदीका पाण्डुलिपिसँग सम्बद्ध दुईवटा अनुसन्धान सम्पन्न भएका छन्। त्यसैगरी व्याकरणका दृष्टिले कृतिपरक अनुसन्धानका रूपमा श्रीमद्भागवत महापुराणका अव्यय शब्द, ‘हरिकेलि’ महाकाव्यका शब्दहरूको निर्माणप्रक्रिया र अमरकोश परिशेष टीकाको पर्यालोचनसँग सम्बद्ध तीनवटा अनुसन्धान पूरा भएका छन्। त्यस्तै समीक्षात्मक अध्ययनका रूपमा लोप, आगम र वर्णविकारका नियम र प्रयोगसँग, वैयाकरणहरूका मतमा अव्यय शब्दसँग एवं अष्टाध्यायीको शारदाप्रभा व्याख्यासँग सम्बद्ध तीनवटा अनुसन्धानहरू सम्पन्न भएका छन्। त्यसैगरी व्युत्पत्तिमूलक दृष्टिले ‘दुर्घटवृत्ति’ ग्रन्थको तथा दार्शनिक दृष्टिले अष्टाध्यायीमा विद्यमान अद्वैतवादको अनुसन्धानमा आधारित एकएकवटा अनुसन्धानहरूसमेत गरिसकिएको छ।

नेपालबाट हालसम्म सम्पन्न भएका पाणिनीय व्याकरणसँग सम्बद्ध विद्यावारिधिस्तरीय १८ वटा अनुसन्धानहरूमध्ये भारतको हरियाणाबाट प्रकाशित विद्यावारिधि तहको ‘अष्टाध्यायीशुक्लयजुर्वेदप्रातिशाख्ययोः मतविमर्शः’ (सन् १९८३) शीर्षकको पुस्तक र नेसंविको विद्यावारिधिस्तरीय ‘वाजसनेयिप्रातिशाख्यपाणिनीयव्याकरणयोस्तुलनात्मकमध्ययनम्’ (२०६७) शीर्षकको शोधप्रबन्धका विषयवस्तुमा समानता पाइन्छ। त्यसैगरी नेसंविको विद्यावारिधि तहको ‘संस्कृतवैयाकरणानां मतेऽव्ययपर्यालोचनम्’ (२०७८) शीर्षकको शोधप्रबन्धमा भारतको चेन्नैबाट प्रकाशित ‘अव्ययकोशः’ (सन् २००४) शीर्षकको पुस्तकको भूमिका भागका ३ देखि १६ पृष्ठसम्म र मूलभागका ३ देखि ३९५ पृष्ठसम्मका अधिकांश सामग्रीहरूका बीचमा एकरूपता भेटिन्छ (ढकाल ख, २०८१, पृ. २५१)। त्यस्तै दरभङ्गा संस्कृत विश्वविद्यालयको ‘वैयाकरणसिद्धान्तकौमुदीश्लोकसिद्धान्तकौमुद्योस्तुलनात्मकमध्ययनम्’ (सन् २००९) शीर्षकको विद्यावारिधिस्तरीय अनुसन्धान र नेसंविको ‘सिद्धान्तकौमुदीश्लोकसिद्धान्तकौमुद्योः समीक्षात्मकमनुशीलनम्’ (२०८०) शीर्षकको विद्यावारिधिस्तरीय अनुसन्धानको तथा दरभङ्गा संस्कृत विश्वविद्यालयकै ‘शरणदेवकृतदुर्घटवृत्तेः समीक्षात्मकमध्ययनम्’ (सन् २०१२) शीर्षकको विद्यावारिधिस्तरीय अनुसन्धान र नेसंविको विद्यावारिधिस्तरीय ‘श्रीशरणदेवकृतदुर्घटवृत्तेः व्युत्पत्तिमूलकमध्ययनम्’ (२०८०) शीर्षकको अनुसन्धानका विषयस्तुमा समानता पाइए पनि पूर्ववर्ती अनुसन्धानबाट उत्तरवर्ती अनुसन्धान गतार्थ भएको छ कि छैन भन्ने बारेमा पूर्णतः तुलनात्मक परीक्षण गर्नुपर्ने देखिन्छ (ढकाल ख, पूर्ववत्)।

यस किसिमको पृष्टपेषणमूलक समानताबाट बच्न र बचाउन सम्बद्ध शोधार्थी र नेसंवि अनुसन्धान केन्द्रको समेत यथासमयमै गम्भीर ध्यानाकर्षण हुनुपर्छ।

नेपालका पाणिनीय व्याकरणमा आधारित विद्यावारिधिस्तरीय अनुसन्धानहरूमा प्रयुक्त कतिपय मूल आधारग्रन्थ र सहायक ग्रन्थहरूसमेत सन्दर्भग्रन्थसूचीमा समावेश नहुनु, पूर्वकार्यको समीक्षा कालक्रमिक नहुनु, मूलपाठ र विषयसूचीका विषयवस्तुमा एकरूपता नदेखिनु, शोधप्रस्ताव प्रस्तुत गर्दा प्रयुक्त भविष्यत्कालिक क्रियापदलाई शोधप्रबन्ध प्रस्तुत गर्दा परिवर्तन नगरिनु, समस्याकथन र उद्देश्यका बीचमा तलमेल नमिल्नु, सम्पादनीय भाषिक अशुद्धिहरू उत्तरोत्तर बढ्दै जानु, समीक्षात्मक र विश्लेषणणत्मक हुनुपर्नेमा विवरणात्मक हुनु, विषयवस्तुको पुनरावृत्ति हुनु जस्ता न्यूनता वा असमानताहरू रहेको पाइन्छ। स्नातकोत्तरस्तरीय अनुसन्धनमा जस्तै विद्यावारिधिस्तरीय अनुसन्धानमा पनि बढी मात्रामा देखिने असमानताहरू संस्कृत विश्वविद्यालयको पौरस्त्य शोध पद्धतिमा आधारित पृथक् शैली पुस्तिका निर्धारण नहुँदा देखिएका हुन् भने पृष्ठपेषणमूलक समानता र विषयवस्तुसँग सम्बद्ध असमानताहरू शोधार्थी स्वयं बढ्ता सचेत नहुँदा देखापरेका हुन्। यिनलाई निराकरण गर्न मुख्यतः सम्बद्ध शोधार्थीहरू नै बढ्ता गम्भीर हुनु आवश्यक छ।

भारतबाट सम्पन्न भएका पाणिनीय व्याकरणका विद्यावारिधिस्तरीय अनुसन्धानहरूमा समानता र भिन्नता

भारतमा हाल केन्द्रीय तथा प्रान्तीय गरी ४५५ वटा विश्वविद्यालयहरू रहेका छन् (विकिपिडिया)। तीमध्ये संस्कृतको समेत पठनपाठन र अनुसन्धान गरिने सयौँ विश्वविद्यालयबाट पाणिनीय व्याकरणका विषयमा हालसम्म हजारौँ अनुसन्धानहरू सम्पन्न भइसकेका छन्। तीमध्ये विद्यावाचस्पतिस्तरीय ७ वटा र विद्यावारिधिस्तरीय ७७१ गरी ७७७ वटा अनुसन्धानहरूको परिचयात्मक विवरण सङ्कलन गरिएको छ (ढकाल 'ग', २०८१, पृ. २०८–२४२) भने विद्यावारिधिस्तरीय ७६ वटा अनुसन्धानको समीक्षासमेत गरिएको (पूर्ववत्, पृ. १७–२०७) छ। सन् १९७१ देखि २०२३ सम्मको ५३ वर्षको अवधिमा २४ वटा भारतीय विश्वविद्यालयबाट सम्पन्न भएका विद्यावारिधिस्तरीय ७६ वटा समीक्षित अनुसन्धानहरू प्रातिशाख्यपरक, वर्णसमाम्नाय, संज्ञा र परिभाषासम्बन्धी, प्रक्रियापरक, खिलपाठसम्बन्धी, समीक्षात्मक, दर्शनपरक तथा कृतिपरक गरी सात प्रकारका देखिन्छन्। तीमध्ये प्रातिशाख्यपरक अनुसन्धानका रूपमा ऋग्वेदप्रातिशाख्य, शुक्लयजुर्वेद प्रातिशाख्य, तैत्तिरीय प्रातिशाख्य, अथर्ववेद प्रातिशाख्य र ऋक्तन्त्रको पाणिनीय व्याकरणसँग तुलनात्मक अध्ययन गरी 'प्रातिशाख्यहरू पाणिनीय व्याकरणका आधारभूत ग्रन्थ हुन्' भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ। त्यस्तै केही अनुसन्धानहरू वर्णसमाम्नाय, संज्ञा र परिभाषाको विश्लेषणका साथै यिनको पूर्वोत्तरवर्ती व्याकरणपरम्परामा परेको प्रभावका विषयमा सम्पन्न भएका छन्। त्यसैगरी प्रतिनिधिमूलक प्रक्रियापरक अनुसन्धानका रूपमा अनुबन्धको स्वरूप र प्रयोजन, उदाहरण र प्रत्युदाहरणका आधारमा सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि विभिन्न ऐतिहासिक पक्षहरूको अन्वेषण, ऋक्, तैत्तिरीय, वाजसनेयी, ऋक्तन्त्र र अथर्व प्रातिशाख्यका सन्धि व्यवस्थाको पाणिनीय, कातन्त्र, सुपद्म र सङ्क्षिप्तसार व्याकरणका सन्धिहरूसँग साम्य र वैषम्यसहित तुलनात्मक अध्ययन तथा

बाह्यसन्धि र आन्तरिक सन्धिका विशिष्ट प्रक्रियाहरूको विश्लेषण र वर्गीकरणसम्बन्धी अनुसन्धान गरिएका छन्। त्यस्तै एकवर्णादेश र सर्वादेशको अध्ययन, प्रत्याख्यान वार्तिक, भाष्यवार्तिक र श्लोकवार्तिकको समेत अध्ययन, सनादि, विकरण, कृत्य, कृत्, लकार र तिङ् प्रत्ययको प्रवृत्ति स्थल र प्रक्रियाविशेषको पनि अध्ययन गरिएको छ। त्यसैगरी प्रक्रियाकौमुदी र सिद्धान्तकौमुदी ग्रन्थका सापेक्षतामा प्रक्रियासर्वस्व ग्रन्थका तद्धितखण्डको समीक्षात्मक अध्ययन तथा लघुपाणिनीय आदि ग्रन्थका आधारमा पाणिनीय प्रक्रियाशिक्षणका आधुनिक पद्धतिहरूको विश्लेषणसमेत गरिसकिएको छ।

भारतीय विश्वविद्यालयका विद्यावारिधिस्तरीय प्रतिनिधिमूलक खिलपाठसम्बन्धी अनुसन्धानहरूमा पाणिनीय व्याकरणमा गत्यर्थक, हिंसार्थक, शब्दकरणार्थक, क्रीडार्थक, निवासार्थक, निकेतनार्थक, पाकार्थक, परिभाषार्थक, ज्ञानार्थक र व्यक्तवागर्थक धातुहरूको सङ्ख्या, स्वरूप र विभिन्न शब्दकोशहरूका मतमा तिनको अर्थनिर्धारण गरिएको छ। त्यसैगरी भाषावैज्ञानिक दृष्टिले पाणिनीय धातुपाठको स्वरूप, तिनमा हुने परिवर्तन र धातुको अर्थनिर्देश, कात्यायनका वार्तिकहरूको आलोचनात्मक अध्ययन, गणपाठ र उणादिपाठका विषयमा समेत अध्ययन भएको छ। त्यस्तै समीक्षात्मक अनुसन्धानका रूपमा अभिनव राजलक्ष्मी टीकाका माध्यमले व्याकरणमहाभाष्यका प्रारम्भिक दुई आह्निकको अध्ययन, 'अष्टाध्यायी लघुविवृति'को पाठसम्पादन, परिभाषाभास्करको अध्ययन, उदाहरणका आधारमा पाणिनीय व्याकरणको लोकजीवनसँग साक्षात्कार, नागेशको व्याकरणगत योगदानको मूल्याङ्कन, नारायण भट्टको प्रक्रियासर्वस्व, सिद्धान्तकौमुदीमा प्रयुक्त किमावली वा प्रत्युदाहरणको विशेष महत्त्वबोध, मध्यसिद्धान्तकौमुदीको मध्यमनोरमा टीका, पातञ्जल महाभाष्यमा विद्यमान वैज्ञानिक तत्त्वको अन्वेषण तथा शब्दकौस्तुभका समासप्रकरणमा विद्यमान समासप्रक्रियाहरूको विश्लेषणसमेत गरिसकिएको छ। त्यस्तै दर्शनपरक अनुसन्धानका रूपमा शब्दाद्वैतवाद र ब्रह्माद्वैतवादको स्वरूप, समानता र भिन्नता, स्फोट विषयक चिन्तनको विमर्श, अभिधादि तीन वृत्तिको विमर्श, परमलघुमञ्जूषामा रहेका सुबर्थ प्रकरणको विशिष्टीकृत अध्ययन, परिभाषेन्दुशेखरका केही परिभाषाहरूको परिष्कारात्मक अध्ययन, परिभाषेन्दुशेखरको भूति टीकाका प्रारम्भिक ५० वटा परिभाषाको समीक्षा तथा लकारार्थको प्रक्रियामूलक र दार्शनिक अध्ययन एवं विश्लेषण गरिएको छ। त्यसैगरी प्रतिनिधिमूलक कृतिपरक अनुसन्धानहरूमा 'अध्यात्मरामायण'मा प्रयुक्त अपाणिनीय प्रयोग, 'कौटिल्यको अर्थशास्त्र'मा प्रयुक्त शब्दार्थको विश्लेषण, व्याकरणशास्त्रका दृष्टिले 'अर्जुनरावणीय', 'भट्टिकाव्य', 'अष्टमीमहोत्सव', 'पाञ्चालीस्वयंवर' र 'उत्तररामचरित'को अध्ययन, महाभाष्यका दृष्टिले 'शाब्दबोधमीमांसा' ग्रन्थको अध्ययन, भाषाशास्त्रीय दृष्टिले शुक्लयजुर्वेदसंहिताका प्रारम्भिक १० अध्यायका तिङन्तको अध्ययन तथा श्रीमद्भागवतका तद्धितान्त र तिङन्त शब्दहरूको अध्ययनसमेत भइसकेको छ।

पाणिनीय व्याकरणलाई मूल आधार बनाएर भारतका सयौँ विश्वविद्यालय हालसम्म विद्यावारिधिस्तरीय हजारौँ अनुसन्धानात्मक सम्पन्न भइसकेका छन्। तीमध्य विभिन्न २४ वटा विश्वविद्यालयमा प्रस्तुत भएका प्रतिनिधिमूलक विद्यावारिधिस्तरीय ७६ वटा अनुसन्धानका आधारमा केही समानता र केही असमानता निर्क्योल गर्न सकिन्छ। इलाहाबाद विश्वविद्यालयको पूर्ववर्ती 'अष्टाध्यायी के आदेशसूत्र : एक समीक्षात्मक

अध्ययन' (सन् १९९४) शीर्षकको अनुसन्धान बुन्देलखण्ड विश्वविद्यालयको उत्तरवर्ती 'अष्टाध्यायी में वर्णित आदेशविधायक सूत्र : एक समीक्षात्मक अध्ययन (सन् २००५) शीर्षकको अनुसन्धान प्रतिलिपिकरण गरिएकाले दुवैमा पूर्णतः समानता पाइएको (ढकाल ग, २०८२, पृ. ७८) हुँदा पृष्टपेषणमूलक उत्तरवर्ती अनुसन्धानको औचित्य देखिँदैन। त्यसैगरी प्रतिनिधमूलक केही अनुसन्धानमा 'तस्य लोपः' सूत्रलाई लोपसंज्ञा विधायक सूत्र ठान्नु, पदसंज्ञा उल्लेख हुनुपर्नेमा षट्संज्ञा उल्लेख गरिनु, आदेशका उदाहरणलाई आगमका उदाहरणका रूपमा चर्चा गरिनु, जुहोत्यादि गणदेखि क्र्यादि गणसम्मका रूपहरूको सिद्धि गर्ने सन्दर्भमा 'शपागत्य लोपः स्यात्' उल्लेख गरिनु (ढकाल ग, पूर्ववत्, पृ. २०६) जस्ता केही न्यूनता वा असमानता भेटिन्छन्।

नेपाल र भारतबाट सम्पन्न भएका पाणिनीय व्याकरणका अनुसन्धानहरूमा समानता र भिन्नता

नेपालमा पाणिनीय व्याकरणका विषयमा स्नातकोत्तरस्तरीय अनुसन्धान गर्ने प्रचलन २०४८ सालबाट भएको पाइए पनि भारतीय विश्वविद्यालयहरूबाट स्नातकोत्तर तहमा पाणिनीय व्याकरणका विषयमा अनुसन्धान गर्ने प्रचलन रहेको जानकारी प्राप्त गर्न सकिएको छैन भने नेपालबाट हालसम्म कसैले पनि पाणिनीय व्याकरणलाई आधार बनाएर विद्यावाचस्पति तहको अनुसन्धान गरेको भेटिँदैन। त्यसैले दुवै देशका पाणिनीय व्याकरणसँग सम्बद्ध विद्यावारिधिस्तरीय अनुसन्धानहरूलाई मात्र आधार मानेर तिनका बिचमा देखिने प्रमुख समानता र भिन्नताका बारेमा चर्चा गरिनु युक्तिसङ्गत देखिएको हो। नेपाल र भारत दुवै देशबाट गरिएका पाणिनीय व्याकरणमा आधारित विद्यावारिधिस्तरीय अनुसन्धानमा विषयगत दृष्टिले तुलनात्मक, कृतिपरक, समीक्षात्मक र ग्रन्थसम्पादनमूलक अध्ययनमा, संरचनात्मक दृष्टिले अध्याय र परिच्छेदमा विभाजन गरिनु एवम् प्रत्येक अनुसन्धानको अन्तिम अध्याय वा परिच्छेदलाई उपसंहारका रूपमा नामकरण गरिनु आदिमा समानता पाइन्छ। त्यसैगरी नेपालका अनुसन्धानहरूको पहिलो अध्यायमा शोधप्रस्तावलाई परिष्कृत गरेर 'शोधपरिचय' राख्ने गरिएको भए पनि भारतीय अनुसन्धानमा त्यस्तो प्रचलन रहेको देखिँदैन। नेपालका अनुसन्धानमा प्रविधिगत पक्षलाई बढ्ता महत्त्व दिँदा विषयवस्तुगत पक्षको गम्भीर अध्ययन एवं विश्लेषण हुन सकेको भेटिँदैन भने भारतका अनुसन्धानमा प्राविधिक पक्षलाई भन्दा विषयवस्तुगत पक्षलाई बढ्ता जोड दिइएको पाइन्छ। नेपालमा हालसम्म दुईवटा ग्रन्थसम्पादनमूलक अनुसन्धान भइसके पनि भारतीय अनुसन्धानमा ग्रन्थसम्पादनमूलक अध्ययन तुलनात्मक रूपमा न्यून भएको देखिन्छ। भारतीय अनुसन्धानका तुलनामा नेपालबाट अत्यन्त कम अनुसन्धान भएका कारण हालसम्म पाणिनीय वर्णसमाम्नाय, संज्ञा, परिभाषा, धातुपाठ, गणपाठ, वार्तिक आदिका क्षेत्रमा विद्यावारिधिस्तरीय अनुसन्धान हुन सकेको पाइँदैन।

निष्कर्ष

पाणिनीय व्याकरणलाई आधार बनाएर नेपालबाट हालसम्म स्नातकोत्तर तहमा ५४ र विद्यावारिधि तहमा १८ वटा अनुसन्धान भएका छन् भने भारतबाट हजारौँ अनुसन्धान भए पनि ७६ वटा अनुसन्धानलाई प्रतिनिधिमूलक अनुसन्धान ठानेर नेपाल र भारतका अनुसन्धानको तुलनात्मक अध्ययन गर्दा भारतका अनुसन्धानबाट नेपालका विद्यावारिधिस्तरीय अनुसन्धानहरू प्रभावित भएका र नेपालकै स्नातकोत्तर

तहका पूर्ववर्ती अनुसन्धानको उत्तरवर्ती अनुसन्धानमा प्रभाव परेका कारण केही अनुसन्धानमा समानता पाइन्छ भने नेपालका स्नातकोत्तर र विद्यावारिधि तहका अनुसन्धानको पहिलो अध्याय वा परिच्छेदमा समावेश गर्दै आइएको 'शोधपरिचय' शीर्षक भारतीय अनुसन्धानमा भेट्न सकिँदैन। नेपालबाट भएका पूर्ववर्ती अनुसन्धानहरूमा भारतीय अनुसन्धानमा जस्तै प्राविधिक पक्षमा भन्दा विषयवस्तुको समीक्षात्मक विश्लेषणमा बढ्ता केन्द्रित भएका पाइन्छन् भने नेपालका उत्तरवर्ती अनुसन्धानमा प्राविधिक पक्षलाई बढ्ता प्राथमिकता दिँदा विषयवस्तुगत पक्ष गम्भीर बन्न सकेको देखिँदैन। वर्षौं लगाएर अनुसन्धान गर्ने तर त्यसलाई पढिदिने पाठक मुस्किलले पाँचजना पनि पाइन गाह्रो हुने र अनुसन्धानको उपयोगितासमेत अध्ययन तथा अध्यापनका क्षेत्रमा हुन नसक्नाले धेरैजसो अनुसन्धानहरू ओझेलमा पर्दै गएका छन्। जबसम्म बढुवा प्रयोजनका लागि स्नातकोत्तर तह र विद्यावारिधि तहको अङ्क निर्धारण गरिन्छ तबसम्म बढुवा प्रयोजनका लागि अनुसन्धान गर्ने शोधार्थीहरूको सङ्ख्या बढ्दै गए पनि विषयगत गहनता र स्तरीयताको मापन गर्न सकिने अनुसन्धानहरू हुन कठिन हुनसक्छ तापनि शोधनिर्देशन गर्ने शोधनिर्देशक र शोधविशेषज्ञ गुरुहरू तथा शोधमूल्याङ्कन समिति र अनुसन्धान परिषद्को समेत गम्भीर ध्यानाकर्षण हुन सक्यो भने निश्चय नै नेपालका संस्कृत व्याकरणसँग सम्बद्ध अनुसन्धानहरू पनि अझै स्तरीय, गहन र विश्वव्यापी हुँदै जान सक्नेछन्।

सन्दर्भसूची

अधिकारी, विक्रम. (सन् २०१८). *श्रीमद्भागवतमहापुराणस्यैकादशस्कन्धस्थतिङन्तसमीक्षणम्* [विद्यावारिधि शोधप्रबन्ध]. वाराणसी : काशी हिन्दू विश्वविद्यालय।

अनिल कुमार. (सन् २००४ पश्चात् २०१३ पूर्व). *पाणिनीय अष्टाध्यायी में अनुबन्ध योजना : एक अध्ययन* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/7811

जोशी, गौरीशङ्गर मोहनभाइ. (सन् २०११), *लोकव्यावहारिकदृष्ट्या पाणिनीयव्याकरणस्य परिशीलनम्* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/521392

झा, शिवशङ्कर. (सन् २०१०). *पाणिनीय व्याकरण में प्रयुक्त संज्ञाओं की समीक्षा* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/491279

ढकाल, मतिप्रसाद. (२०८१ क). *पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा (भाग १)*. नवलपरासी : आस्था ढकाल।

ढकाल, मतिप्रसाद. (२०८१ ख). *पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा (भाग २)*. नवलपरासी : आगम ढकाल।

ढकाल, मतिप्रसाद. (२०८१ ग). *पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा (भाग ३)*. नवलपरासी : आस्था ढकाल।

दवे, चिन्तनकुमार हसमुखभाइ. (सन् २०१८). *श्रीमद्भागवतस्य दशमस्कन्धस्य तद्धितशब्दरूपाणां परिशीलनात्मकमध्ययनम्* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/300198

दास, भोलानाथ. (सन् २०१२). *प्रातिशाख्य–पाणिनि–पाणिन्युत्तरकालीनव्याकरणेषु सन्धिपरिशीलनम्* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/532517

पतञ्जलि. (सन् २००४). *व्याकरणमहाभाष्यम्* (प्रथम खण्डम्, सम्पा. शास्त्री, भार्गव). दिल्ली : चौखम्बासंस्कृत प्रतिष्ठान।

पाठक, रामभरत. (सन् १९८४). *पाणिनीयसंज्ञापरिभाषासूत्रपरिशीलनम्* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/518804

पाण्डेय, श्यामलता. (सन् १९९४). *अष्टाध्यायी के आदेशसूत्र : एक समीक्षात्मक अध्ययन* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/ia601404.us.archive.org/24/items/in.ernet.dlif\.2015.262824/2015.262824.Asllthadhayaiee-Ke.pdf.

भट्ट, सतीशचन्द्र. (सन् २०१३). *पाणिनीय व्याकरणान्तर्गत सन्धि एवं समासों का समीक्षात्मक अनुशीलन* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/179618

भारतीय विश्वविद्यालयहरूको सूची. https;//ne.wikipedia.org/wikif/ .

मधु. (सन् २००५). *अष्टाध्यायी में वर्णित आदेशविधायक सूत्र : एक समीक्षात्मक अध्ययन* [विद्यावारिधि शोधप्रबन्ध]. https;//shodhganga.inflibnet.ac.in/handle/10603/10730f

मिश्र, विनोदकुमार. (सन् १९८५). *प्रातिशाख्यपाणिनीयव्याकरणयोस्तुलनात्मकमध्ययनम्* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/519453

राजगोर, कुलदीप कमलेशभाइ. (सन् २०२१). *पाणिनीयव्याकरणस्य पदसिद्धिप्रक्रियायाः प्रबन्धनस्य अनुशीलनम्* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/490131

वि. आर्. मनोज. (सन् २००१). *पाणिनीयतन्त्रे प्रत्ययविमर्शः* (तृतीयाध्यायमात्रम्) [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/39293

विश्वनायक. (सन् १९९१). *संस्कृत सन्धि और उसका रूपस्वनिमिकीय विवेचन* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/415901

सरिता, ए.वी. (सन् २०१९). *गणपाठीयविशेषशब्दानां काव्यादिषु प्रयोगः* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/358991

सी.जी., राजेशकुमार. (सन् २०१०). *पाणिनीयपारिभाषिकशब्दानां समीक्षात्मकमध्ययनम्* [विद्यावारिधि शोधप्रबन्ध]. http;//shodhganga.inflibnet.ac.in/handle/10603/5191

सुदेश. (सन् २००७). *पाणिनीय संज्ञासूत्रों का विवेचनात्मक अध्ययन* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/115555

स्वामी शिवानन्द. (सन् २०१९). श्री*मद्भागवतमहापुराणस्यैकादशस्कन्धस्य तिङन्तपदानां शाब्दिकपर्यालोचनपूर्वकं दार्शनिकं समीक्षणम्* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/400752

हेगडे, मञ्जुनाथ आर. (सन् २००७). *पाणिनीयसूत्रपाठे तिङन्तम् : सविमर्शात्मकमध्ययनम्* [विद्यावारिधि शोधप्रबन्ध]. https;|/shodhganga.inflibnet.ac.in/handle/10603/100217

नागेश भट्टको व्यक्तित्व र कृतित्व

डा. भोलानारायण रेग्मी*

Email:drbholanarayanregmi@gamil.com

लेखसार

प्रस्तुत लेख नागेश भट्टको देश काल र कृतिमा आधारित रहेर जीवनवृत्तको गहिरोसँग अध्ययन गरी दृष्टान्तका रूपमा मानव जीवनको रहस्यमय खोजमा केन्द्रित रहेको छ। शिव भट्ट तथा सतीदेवीका सुपुत्र महावैयाकरण भट्ट नागेशको जन्म तथा समयका बारेमा इदमित्थम् गर्न सकिने अवस्था छैन तथापि विभिन्न किंवदन्ती, कतिपय शिलालेख तथा विद्वान्हरूको भनाइका आधारमा उनको जन्म १७३१ भारतको महाराष्ट्रमा ऋग्वेदी ब्राह्मणका कुलमा भएको थियो। नागेश भट्टले व्याकरण र तन्त्रशास्त्रको अध्ययन व्याकरणविचक्षण महामहोपाध्याय हरि दीक्षितबाट गरेका थिए भने न्याय, वेदान्त तथा धर्मशास्त्र आदि विषयको गहन अध्ययन विद्धद्धौरेय श्रीराम भट्टाचार्यबाट गरेका थिए। कतिपय इतिहासविद्को भनाइअनुसार साहित्य शास्त्रमा नागेश भट्टका गुरु पण्डितराज जगन्नाथ थिए। जुन विषय प्रत्यक्ष प्रमाणले पुष्ट हुँदैन तर उनको कृतिका आधारमा अनुमान गरिएको छ। कतिपयले यिनलाई आबाल ब्रह्मचारी भन्ने मान्यता राखे तापनि वस्तुतः यिनको विवाह ब्राह्मण कुलकी कन्या दुर्गादिवीसँग भएको थियो। धर्मपत्नीका कोखबाट सन्तति नभए पनि यिनका शब्देन्दुशेखरनामक ग्रन्थ पुत्रका रूपमा र मञ्जूषानामक ग्रन्थरत्न पुत्रीका रूपमा प्रसिद्ध छन्। अन्वर्थक संज्ञक नागेश भट्ट शास्त्रजिज्ञासुका मानस पटलमा अनन्त कालसम्म ससम्मान समवेत भएर रहेका छन्।

* लेखक पोखरास्थित श्री बिन्दुवासिनी विद्यापीठमा व्याकरण विषयका सहप्राध्यापक हुनुहुन्छ।

शब्दकुञ्जी : काल, कृतित्व, नागेशभट्ट, महावैयाकरण, व्यक्तित्व

विषय परिचय

पौरस्त्य जगत्मा अनेक ऋषि, ऋषिकल्प साधक, विद्वान् तथा चिन्तकको आविर्भाव भएको विषय स्पष्ट छ। त्यस्ता विद्वान् साधकका बारेमा विभिन्न इतिहास, शिलालेख, लेखोट आदिको अध्ययनका माध्यमले जिज्ञासुलाई केही जानकारी गराउँदा ती जिज्ञासुका लागि विद्वान् साधकहरूद्वारा अभिनिर्मित मार्गको अनुसरण गर्दै जीवनलाई सार्थक बनाउन मार्ग प्रशस्त हुन्छ। शास्त्रमा "महाजनो येन गतः स पन्थाः" अर्थात् 'महापुरुषहरू जुन बाटोमा हिँडे, त्यही नै हाम्रो आदर्श हो' भनिएको पाइन्छ (वेदव्यास, २०६६, पृ. १०९)। तसर्थ महान् साधक, सारस्वत उपासनाका प्रतिमूर्ति विद्वान्हरूको जीवनी तथा योगदानलाई यथार्थपरक ढङ्गले पर्गेल्नु र जनसमक्ष प्रस्तुत गर्नु वाञ्छनीय हुन्छ। विविध शास्त्रका ज्ञाता भट्ट नागेश केवल व्याकरण विषयका मात्र विद्वान् नभएर तन्त्र, वेदान्त, धर्मशास्त्र, साहित्यशास्त्र, न्यायदर्शन आदि विषयका पनि मूर्धन्य विद्वान् थिए . उनले लेखेका ग्रन्थहरू सबै क्षेत्रमा आधिकारिक निर्णयको लागि प्रसिद्ध छन्। धर्मशास्त्रमा आशौच निर्णय इतिहासमा रामायणको नागेशी टीका, अलङ्कार शास्त्रमा "अलङ्कारसुधा", न्यायमा तर्कभाषाको टीका तन्त्रमा "कात्यायनीतन्त्र", वेदसूत्रेन्दुशेखर आदि धेरै ग्रन्थहरूको रचनाकार र प्रवीण ज्ञानका खानी नागेश भट्टलाई तत्कालीन राजा रामशाहले "महामहोपाध्याय" जस्तो गरिमामय उपाधि प्रदान गरेका थिए (भट्ट, २०५२, पृ. १-२)। जुन उपाधि प्राप्त गर्नको लागि १२ जना आफ्ना शिष्य प्रशिष्य तच्छिष्य विभिन्न विश्वविद्यालयका प्राध्यापक, कुलपति र उपकुलपति पदमा अनिवार्य रहनुपर्ने हुन्छ । यही विचारलाई आत्मसात् गर्दै प्रस्तुत आलेखमा महावैयाकरण, शारदा देवीका वरदपुत्र नागेश भट्टको जीवनी, कृतित्व र व्यक्तित्वका बारेमा स्पष्ट पार्ने प्रयास गरिएको छ। यसरी महावैयाकरण नागेश भट्टको जन्म, कर्म र योगदानका बारेमा स्पष्ट पार्नु नै प्रस्तुत आलेखको कृत्य हो। यस अन्वेषणबाट सरस्वती कहिल्यै बन्ध्या हुँदिनन् भन्ने शिष्टहरुको अनुभूति सिद्ध लोकोक्ति पनि यथार्थ भएको प्रमाणित हुन्छ।

प्रस्तुत अनुसन्धान नागेश भट्टको व्यक्तित्व र कृतित्वलाई आधारित मानेर देश, काल, कृति कहाँ, कहिले र कति रहेका छन् भन्ने मूल शोध्य समसयामा केन्द्रित भएर तयार गरिएको छ। खासगरी अन्य लेखकहरूको भन्दा नागेश भट्टको लेखन कला तथा भाषाशैली, त्याग र तपस्यामा नै आफ्नो जीवनयापन गरेका, शास्त्र प्रति समर्पित रहेका, गृहस्थ भएर पनि सन्तानको मोह त्यागेका, आफैले रचना गरेका कृतिबाट संसारिक विषयपिपासा शान्त गरेका त्यस्ता व्यक्तिको जीवनमा घटित घटनाहरू के -के रहेका छन् भन्ने मूल समस्यामा आधारित नागेश भट्टको परिचय दिई उनको कृतित्वबाट पाठकमा परेको प्रभाव पहिल्याउनु यस अनुसन्धानको उद्देश्य हो

यस अनुसन्धानात्मक अध्ययनले पूर्ववर्ती चिन्तकहरूमा नागेश भट्टको व्यक्तित्व र कृतित्वलाई मुख्यतः सिमाङ्कन गरेको भएता पनि नागेश भट्टबाट आधुनिक र अत्याधुनिक अनुसन्धानहरूलाई दृष्टान्तका रूपमा अध्ययन अनुसन्धान लेखन एवम कृति प्रकाशन बोध गराउने उद्देश्यले देश, काल, कृति र लेखको भाषाशैली उजागर गर्नु शोधको सीमा रहेको छ।

अध्ययन विधि

प्रस्तुत लघुशोध शीर्षकभित्र रहेका मूल धारलाई लिएर यहाँ केवल व्याकरणशास्त्रका पश्चवर्ती आचार्यहरूको मात्र चिन्तन रहेको छैन तापनि तन्त्र, वेदान्त, न्याय, साहित्य, धर्मशास्त्र र मीमांसा आदि शास्त्रहरूका वेत्ता धेरै आचार्यहरूले आ - आफ्ना बुद्धि क्रिया कुशलताका आधारमा कृतित्व र व्यक्तित्वको खोज गर्ने प्रयास गरेको पाइन्छ (भट्ट, २०५२ पृ. ६१)। त्यस समय नागेश भट्ट काशीका विद्वान्हरूको परम्परामा अग्रगण्य भएको कुरा सबै व्याकरण शास्त्रका आचार्यहरूले स्वीकारेका छन्। अन्य विषयका आधुनिक विद्वान्हरूले पनि आफ्नो कृतिको भूमिकामा यत्र तत्र सर्वत्र नागेशको नाम लिएको उनीहरूका कृतिबाट सिद्ध गर्न सकिन्छ (भट्ट, २०५२, पृ. ५५- ५६)। विविध भाषा र कलाको समेत ज्ञान भएका भट्ट नागेश नव्यव्याकरणका संस्थापक हुन् भन्दा पनि अतिशयोक्ति नहुने हुनाले उनले रचना गरेका परमलघुमञ्जूषा, वैयाकरणसिद्धान्तमञ्जूषा, वैयाकरणसिद्धान्तलघुमञ्जूषा, यी मञ्जूषात्रयीमा प्रयोग गरिएको न्यायशास्त्रीय अवच्छेदकावच्छिन्न जस्ता भाषाले उनको बहुमुखी प्रतिभालाई झल्काइरहेको हुन्छ। उनी व्याकरण शास्त्रमा रहेका प्रक्रिया, परिष्कार र दर्शन पक्ष समेत तीन ओटै विधामा निपुण थिए। प्रक्रिया पक्षको पुष्टि गर्ने परिष्कार पक्षलाई समेत जरैसँग समातेर “लघुशब्देन्दुशेखर” “बृहच्छब्देन्दुशेखर” जस्ता वाद ग्रन्थ रचना गरेका छन्।

उनको व्यक्तित्व र कृतित्वका आधारमा जीवनीलाई धेरै अनुसन्धाताले खोज अनुसन्धान गरिएको भएता पनि इदमित्थं गर्न भने कठिन देखिन्छ (भट्ट, २०५२, पृ. ५८- ५९)। यसैगरी व्यक्तित्व तथा कृतित्वलाई अन्वेषण गर्ने क्रममा महाभाष्यव्याख्याग्रन्थ, आशौचनिर्णय, अन्य व्याकरणशास्त्रका आचार्यहरूको जीवनी सम्बन्धी ग्रन्थहरूलाई आधार मानी यो लघुशोध तयार गरिएको छ।

प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचालाई अवलम्बन गरिएको छ। यस अध्ययनमा नागेश भट्टको व्यक्तित्व र कृतित्वको खोजमा उनले गरेको पौरस्त्य चिन्तनलाई प्रमुख आधार बनाएर सुख, दुःख, मान, अपमान, सन्तानप्रतिको मोह, लोकको प्रतिष्ठालाई समेत ध्यान नदिई अध्ययन अध्यापन तथा कृति रचना गर्नु मात्र आफ्नो जीवनको कर्तव्यको रूपमा लिइएको छ। यस अध्ययनमा सम्भाव्य नमुना छनोटअन्तर्गतको यादृच्छिक नमुना छनोट विधिको उपयोग गरिएको छ। यस अध्ययनका लागि विधि र प्रक्रिया आवश्यक पर्ने सामग्री पुस्तकालयबाट जुटाइएको छ भने प्राथमिक स्रोतको सामग्रीको रूपमा नागेश भट्टका समकालीन पौरस्त्य विद्वान्हरूले लेखेका टीकाग्रन्थ, वादग्रन्थ, भूमिका खण्ड आदि कृतिहरूलाई आधार बनाइएको र द्वितीय स्रोत सामग्रीका रूपमा विभिन्न विद्वान्हरूसँग संवाद गरेर तथ्य सङ्कलन गरी यस अध्ययनमा उठेका जिज्ञासाको समाधान गर्नुका साथै सङ्कलित सामग्रीहरूको अध्ययनबाट प्राप्त सूचना वा तथ्यलाई वर्णनात्मक, संवादात्मक एवम् व्याख्यात्मक विधिको उपयोग गरी लेखकीय दृष्टिकोणसहित विभिन्न तर्क, दाबी , प्रमाणका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ। प्रस्तुत शोधलेखमा नागेश भट्टले लेखिएका व्याकरण, साहित्य, न्याय, दर्शन, धर्मशास्त्र र तन्त्रशास्त्र लगायत धेरै विषयमा आधारित भएर सामग्री सङ्कलन गरेर धेरैभन्दा धेरै कोणबाट उनका योगदानबारे अध्ययन गरिएको छ।

सैद्धान्तिक पर्याधार

पौरस्त्य चिन्तन परम्पराका नागेश भट्टले वि.सं १७३१ मा भारतको महाराष्ट्र प्रदेशमा जन्म लिएर वि.सं १८१० सम्म भारत वर्षमा आफ्नो वर्चस्व स्थापित गरेका थिए। उनले भारतको उत्तर प्रदेश प्रयागराज श्रृङ्गीवेरपूरका राजा रामशाहबाट योगक्षम प्राप्त गरेर तीर्थराज प्रायागलाई ज्ञानले अभिसिञ्चित गर्दै काशीनगरी ज्ञानगङ्गा, विश्वनाथ भगवान्को वरद पुत्रका रूपमा सर्वमान्य विद्वान्हरूका प्रिय बनेर ज्ञानको साधनामा निरन्तर लागिरहेका थिए। (भट्ट, २०५२ पृ. ५१- ५२) भट्टको जीवनको लक्ष्य अध्ययन अध्यापन र कृति लेखन नै थियो। त्यस्ता व्यक्तित्वको जीवनीका आधारमा रहेर व्याकरण शास्त्र प्रणेता आचार्यहरूका मूल ग्रन्थलाई मुख्य आधार बनाए पनि पुस्तकालयविधि र विज्ञ परामर्श तथा शास्त्रहरूको अध्ययन चिन्तनसँगै पश्चवर्ती आचार्यहरूले गरेका अनुसन्धानलाई समेत आधार बनाएर व्याख्यान विश्लेषण प्रस्तुत लघु शोधमा गरिएको छ। विविध विषयका विद्वान् बहुमुखी प्रतिभाका धनी नागेश भट्ट न केवल व्याकरण शास्त्रका मात्र प्रतिमूर्ति थिए अपि तु न्यायशास्त्र, तन्त्र र अलङ्कार आदि शास्त्रका पनि बहुमूल्य रत्नका रूपमा स्थापित भएका नव अनुसन्धाता थिए। भट्ट नागेशले शृङ्गवेरपुराधीशबाट योगक्षेम प्राप्त गरेका थिए। अहोरात्र अध्ययन, अध्यापन र शास्त्रचिन्तनलाई नै मूल कर्म र धर्म ठान्ने नागेशले व्याकरण, तन्त्र, धर्मशास्त्र, साहित्य शास्त्र आदि विषयमा अत्यन्त प्रौढ ग्रन्थको रचना गरेर संस्कृत वाङ्मयको श्रीवृद्धिपूर्वक शास्त्रजिज्ञासुमाथि ठुलो गुन लगाएका छन्। उनका ग्रन्थमध्ये परिभाषेन्दुशेखर, लघुशब्देन्दुशेखर, महाभाष्यप्रदीपोद्योत, शब्दकौस्तुभ, अलङ्कारसुधा, तिथीन्दुशेखर, अध्यात्मरामायणटीका, आशौचनिर्णय, कात्यायनीतन्त्र आदि अत्यन्त स्मर्तव्य ग्रन्थ हुन्। नागेश भट्टमा विविध भाषा र सबै कलाको ज्ञान भए तापनि आत्मतत्त्व ज्ञानका लागि संस्कृत भाषाको ज्ञान अपरिहार्य छ। नागेशले धेरै भाषाको अध्ययन गरेका थिए। उनी संस्कृतका प्रकाण्ड विद्वान् भएका कारण संस्कृतका ग्रन्थ निर्माणमा उनले कलापूर्ण भाषाको प्रयोग गरेका छन्। उनले सरल संस्कृत भाषाको प्रयोग नगरी प्राय जसो शास्त्रीय भाषा किंवा दार्शनिक भाषाको प्रयोग गरेको पाइन्छ। नागेशले आफ्ना कयौँ ग्रन्थमा नव्य न्यायको भाषिक शैलीको अवलम्बन गरेका छन्। जस्तै परमलघुमञ्जूषामा यस प्रकारको भाषा प्रयोग गरेको पाइन्छ— तद्धधर्माविच्छिन्नविषयकशाब्दबुद्धित्वावच्छिन्नं प्रति तद्धर्मावच्छिन्ननिरूपितवृत्तिविशिष्टज्ञानं हेतुः (भट्ट, २०५४, पृ. १२) । यस्ता वाक्यहरू प्रयोग गरेर अरूको मत खण्डन गरी आफ्नो मतलाई बलिया बलिया तर्कले स्थापना गर्नु यिनको भाषिक विशेषता र मुख्य प्रयोजन हो। 'फलाम काट्न फलामै' भन्ने कथनको अवलम्बन गरी उनले नैयायिकको मत खण्डनमा उनले न्यायकै भाषाको प्रयोग गरका छन्। नागेशले कतै अति प्रसादिनी (सरल) भाषाको प्रयोग पनि गरेका छन् भने कतै अत्यन्त कठिन शास्त्रीय भाषाको प्रयोग पनि गरेका छन्। उनी अनेक भाषाभाषिकाको प्रयोग कलाका कालिगड नै थिए। अत्यन्त सरल लालित्यपूर्ण सुललित भाषादेखि जटिल भाषाको प्रयोग गर्ने नागेशले कयौँ ग्रन्थमा नव्य न्यायको शैली अपनाएका छन्। त्यस प्रकारका व्यक्तिको जीवित अवस्थामा रहेको व्यक्तित्व र हालसम्म संस्कृत विश्वविद्यालयको स्नातक र स्नातकोत्तर तहमा पनि उनका कैयौ प्रकरण ग्रन्थ र वादग्रन्थहरूको अध्ययन, अध्यापन र अनुसन्धान पनि भइरहेको छ। त्यस्ता पौरस्त्य विधाका चिन्तक नागेशको जीवनमा घटित

घटनाका आधारमा आधारित भएको व्यक्तित्व र कृतित्व वर्तमानका लागि प्रेरणा स्रोत बनिरहोस् भन्ने लक्ष्यलाई हृदयङ्गम गरी नागेश भट्टभन्दा परवर्ती चिन्तकहरूका कृतिमा प्राप्त सामग्रीलाई आधार बनाएर तयार पारिएको जीवनवृत्त नै आधार हो। यस आलेखको मुख्य आधार लघुशब्देन्दुशेखर बृहतच्छब्देन्दुशेखरमा रहेको पृष्ठभूमि हो। यस अनुसन्धानमा लेखकमा हुनुपर्ने गुण व्यवहार स्वभाव त्याग र तपस्याबाट प्राप्त उपलब्धिलाई मुख्य आधार मानिएको छ। पौरस्त्य चिन्तक नागेशको योगदान अनुस्मरणीय, अनुकरणीय र अनुसरणीय रहेको पुष्टि गरिएको छ। व्याकरणशास्त्रीहरूको इतिहासमा पौरस्त्य वैयाकरण महामहोपाध्याय उपाधिले विभूषित भट्ट नागेश केवल व्याकरण शास्त्रका विद्वान् मात्र थिएनन्, उनी पौरस्त्य विधाका धरोहर हुन् भन्ने मूल आधारलाई विषय बनाएर यो लघुशोध तयार पारिएको हो।

नागेश भट्टको जन्मभूमि तथा काल

वैयाकरणकेशरी नागेश भट्टको जन्मस्थानका साथै जीवन कालका बारेमा इदमित्थम् गर्ने अकाट्य प्रमाण उपलब्ध छैन। उनी कहाँ जन्मे ? कहाँ हुर्के र कहाँ शरीर त्याग गरे ? भन्ने विषयमा किटानीका साथ भनिहाल्ने अवस्था त छैन। तर पनि किंवदन्ती, कतिपय शिलालेख तथा विविध पाण्डुलिपिलाई आधार मान्दा उनको जन्म भारतको महाराष्ट्र प्रदेशका ऋग्वेदी उत्तम ब्राह्मणका कुलमा भएको स्पष्ट हुन्छ (भट्ट, २०५२, पृ. ५८)। उनको जीवनयात्रा भने तीर्थराज प्रयाग, काशी आदि क्षेत्रहरूमा भएको देखिन्छ। यिनको समय १७३१ देखि १८१० बिचको हो भन्ने अनुमान गरिन्छ । यो समय तथ्यपूर्ण नै देखिन्छ। किनभने वर्तमान भारतको राजस्थानको सदरमुकाम जयपुरका राजा जयसिंह वर्माले गरेको अश्वमेध यज्ञमा नागेशलाई लेखेको निमन्त्रणा पत्र र त्यसको उत्तरमा नागेशले लेखेको उत्तरपत्रको पाण्डुलिपि अहिले पनि उपलब्ध भएको विषय ऐतिह्यविद्ले सप्रमाण प्रस्तुत गरेका छन् (भट्ट, २०५२, पृ. ५९) । त्यस पत्रमा नागेशले 'म क्षेत्र सन्न्यास लिएर काशीवास गरेको छु, अहिले काशी छाडेर कतै पनि जान सक्दिनँ' भनेका छन्— अहं क्षेत्रसन्न्यासं गृहीत्वा काश्यां स्थितोऽस्मि, अतस्तां परिज्यत्य नान्यत्र गन्तुं शक्नोमि (शर्मा, पृ. ५— भूमिका)। यो विषय जयपुर निवासी महामहोपाध्याय दुर्गाप्रसाद शर्माद्वारा सम्पादन गरिएको रसगङ्गाधरनामक ग्रन्थको भूमिकामा छ। अर्को कुरा नागेशले मेरो प्रथम चालीस वर्ष बित्यो भनेर त्यस पत्रमा लेखेका छन्। यी सबै प्रमाणलाई आधार मान्दा उनको जन्म १७३१ मा हुनुपर्छ। १७६६ मा नागेश भट्टले लेखेको लेख इन्डिया अफिस लाइब्रेरी नामको लण्डन स्थित पुस्तकालयमा सुरक्षित छ (भट्ट, २०५२, पृ. ५९)। उनका बुबाको नाम शिव भट्ट थियो भने आमा सतीदेवी थिइन्। जसका बारेमा प्रस्तुत कारिकाबाट पनि स्पष्ट हुन सकिन्छ । जस्तै -

पातञ्जले महाभाष्ये कृतभूरिपरिश्रमः।
शिवभट्टसुतो धीमान् सतीदेव्यास्तु गर्भजः।।
याचकानां कल्पतरोररिकक्ष हुताशनात्।
श्रृङ्गिबेरपुराधिशाद् रामतो लब्धजीविकः।।(भट्ट, २०५५ पृ.१ मङ्गलपद्यम्)

उनको वंशवृक्ष यस प्रकार बनेको पाइन्छ। (भट्ट, २०५२ पृ. ६०)

शेषकृष्ण भट्ट

भट्टोजीदीक्षित(शिष्य)

विरेश्वर दीक्षित (पुत्र)

हरिदीक्षित (पुत्र)

नागेश भट्ट (शिष्य)

वैद्यनाथ पायगुण्डे (शिष्य)

मन्नुदेव (शिष्य) (भट्ट, २०५२) पृ. ६० प्रस्तावना)

वैद्यनाथ पायगुण्डे पुत्र बालशर्मा (शिष्य)

शेषवीरेश्वर (पुत्र)

पण्डितराज जगन्नाथ(शिष्य)

चक्रपाणी दत्त (पुत्र)

नागेश भट्टको योगदान

प्राचीन ऋषिकुल, गुरुकुल, पितृकुल, मातृकुल र भ्रातृकुल परम्परामा अध्ययन गर्दा तीन प्रकारले अध्ययन गर्ने गराउने चलन थियो। ती मध्ये गुरुकुल परम्परामा अहिले पनि केही आंशिक संस्कार रहेको पाइन्छ। जस्तै-

गुरुशुश्रूषया विद्या पुष्कलेन धनेन वा।
अथवा विद्यया विद्या चतुर्थी निष्फला भवेत्।। (वेदव्यास, २०४०, अ.२०९, श्लो.१७)

अर्थात् गुरुलाई सेवाले प्रसन्न गराएर पर्याप्त धन दिएर आफूसँग भएको ज्ञान क्रिया कौशलसँग आदानप्रदान गरेर उक्त प्रचलनमा गुरुकुल परम्परालाई विशेष अंगालेका सर्वशास्त्र विशारद सर्वतन्त्र स्वतन्त्र भट्ट नागेशका न्यायशास्त्र, वेदान्तदर्शन र धर्मशास्त्र विषयका गुरु श्रीराम भट्टाचार्य थिए। व्याकरण र तन्त्रशास्त्रका गुरुदेव भने हरिजिदीक्षित थिए। केही ऐतिह्यविद्का अनुसार भट्ट नागेशले साहित्य शास्त्रको अध्ययन पण्डितराज जगन्नाथसँग गरेका हुन् भनिएको छ (भट्ट, २०५२ पृ. ५४)। तर यस विषयमा स्पष्ट प्रमाण भने पाइँदैन। उनले पण्डितराजका कृतिका कयौँ विषयमा आलोचना गरेको पाइन्छ (भट्ट, २०५२, पृ. ५४)। अतः उनी समाकालीन भएता पनि जगन्नाथसँग अध्ययन नगरेको हुनुपर्दछ किनभने उनको र पण्डितराज जगन्नाथको भाषाशैली विविधता देखिन्छ (दीक्षित, २०४०, पृ. १७) । नागेश भट्ट मल्लविद्या

(कुस्तिवाजी) मा पनि प्रवीण थिए। भट्ट नागेशको शास्त्राध्ययनका बारेमा धेरै किम्वदन्तीहरू पाइन्छन्। श्रुतिपरम्पराको एउटा भनाइअनुसार उनी एक समय काशी विद्वत्सभामा शास्त्रार्थ भएको ठाउँमा पुग्छन्। त्यस सभामा उनलाई निमन्त्रणा गरिएको थिएन। उनी आफ्नो स्वाभिमानले सभाकक्षको अग्र आसनमा बस्छन्। त्यो देखेर विद्वत्सभाका सबै विद्वान्हरूले नागेशको तिरस्कार गर्दछन्। उक्त तिरस्कारलाई सहन नसकेर नागेश तन्त्र विद्याका विज्ञगुरुको खोजीमा सात दिन सात रातसम्म भोकभोकै बनारसका गल्लीगल्लीमा घुमे। दैवप्रेरणा नै भन्नुपर्ला त्यसरी घुम्दाघुम्दै काशीनगरिका भैरवदेवलाई पुकार्दै तान्त्रिक गुरुको सान्निध्य प्राप्त गरे। यसकारण काशी नगरीका द्वारपाल भैरवदेव प्रसन्न भएनन् भने काशीवास असम्भव हुन्छ भन्ने किंवदन्ती अझै पनि सार्थक छ। उनीबाट दीक्षित भएर नागेश सरस्वतीको उपासना गर्न थाले। तान्त्रिक विधिले गरिएको कठोर आराधनाबाट छोटो समयमा नै प्रसन्न भएकी वाणीकी अधिष्ठात्री सरस्वती प्रकट भइन् र वर दिइन्। त्यसरी शारदा देवीका वरदपुत्रका रूपमा प्रसिद्धि प्राप्त गरेका नागेशले छोटो समयमा धेरै ग्रन्थहरूको रचना गरे। त्यसपछि सबै शास्त्रमा पारङ्गत नागेश पण्डित सभामा जाँदा उनले अग्रासन प्राप्त गर्दथे। नागेशका पादुकाको आवाज सुन्नासाथ सबै पण्डित काँप्दथे (भट्ट, २०५२ पृ. ५५)। तर पनि लक्ष्मी र सरस्वतीको परस्परमा विरोध भएका कारणले नै हुन सक्दछ उनी धनका गरिब थिए। अर्थका कमीले गर्दा उनले दुई तीन दिनमा मात्र एक पटकमात्र भोजन गर्दथे **(भट्ट, २०५२ पृ. ५५-५६)**।

नागेश भट्टको शिष्यपरम्परा

नागेश भट्टका हजारौं शिष्यहरू थिए। तीमध्ये वैद्यनाथ पायगुण्डे नामका एक शिष्य अतुलनीय प्रतिभा सम्पन्न थिए। उनले गुरुलाई पनि तर्कले परास्त गर्न सक्दथे। गुरुकुल परम्परामा यसलाई गुरुकृपा मान्ने चलन थियो। “गुरु गुडै रहे चेला चिनी बने” यो लोकोक्ति प्राचीन कालदेखि चलेको थियो।**(भट्ट, २०५२ पृ. ५३-५४)** मीमांसा शास्त्रका गुरु कुमारिल भट्टलाई शिष्य प्रभाकर मिश्रले पनि आफ्ना बुद्धि प्रतिभाद्वारा परास्त गर्न सक्थे। त्यसै कारण प्रभाकर मिश्रको मतलाई नै गुरुमते तु भनेर कुमारिल भट्टले सम्बोधन गरेको श्लोकवार्तिक आदि मीमांसा शास्त्रमा प्रसिद्धि छ । पायगुण्डेले आफ्ना गुरु नागेश भट्टले लेखेका धेरै ग्रन्थमाथि अत्यन्त गम्भीर विद्वत्तापूर्ण टीका गरेका छन्। वैद्यनाथ पायगुण्डेले पनि आफ्नो गुरुपरम्पराको रक्षा गर्दै सयौँ शिष्यलाई शिक्षा प्रदान गरेका दिए। तिनीहरूमध्ये मन्नुदेव नामका एउटा शिष्य प्रखर बुद्धि भएका थिए। उनले आफ्ना परम गुरु नागेश भट्टको कृति परिभाषेन्दुशेखरमा मन्नुदेवी टीका लेखेका छन्। त्यसै गरी उनले ‘लघुशब्देन्दुशेखर दूषणोद्धार’ नामको स्वतन्त्र ग्रन्थ पनि लेखेका छन्। वैद्यनाथका छोरा बाल शर्मा थिए। उनी पनि आफ्नै पितृगुरुसँग पढेर ठुला विद्वान् बनेका थिए।

भट्ट नागेशको विवाह तथा सन्तति

लघुशब्देन्दुशेखर, वैयाकरणसिद्धान्तलघुमञ्जूषा, परमलघुमञ्जूषा, सिद्धान्तलघुमञ्जूषा, परिभाषेन्दुशेखर, पातञ्जलमहाभाष्यको प्रदीपोद्योत आदि कयौँ ग्रन्थका लेखक वैयाकरणकेशरी आदि उपाधिले विभूषित सर्वतन्त्रस्वतन्त्र पाणिनीय व्याकरणका वास्तविक एक मात्र परिष्कारका धनी नागेश भट्टले आफ्नै कुल परम्पराअनुसार वैदिक विधिले ब्राह्मण कुलकी सुकन्या दुर्गा देवीसँग पाणिग्रहण गरेका

थिए। केही विद्वान्हरूले नागेश भट्ट आबाल ब्रह्मचारी भएको तथ्य प्रकट गर्दछन् **(भट्ट, २०५२ पृ. ५७-५८)** तर त्यो भनाइ प्रमाणका कसीमा खरो उत्रेको पाइँदैन। नागेश भट्टका सन्तानको परम्परा खोज्दा छोरा थिएनन्। छोरीको पनि परम्परा त पाइँदैन तर पनि छोरी थिइनन् भन्ने स्पष्ट प्रमाण छैन। उनकी धर्मपत्नी पतिप्रति अत्यन्त समर्पित पतिव्रता र ग्रन्थ रचनामा अहर्निश सहयोगी थिइन्। एक दिन उनका मनमा आफ्नी दिदी बहिनीका सन्तान देखेर मेरा पनि एक छोरा एक छोरी भइदिए हुन्थ्यो भन्ने इच्छा आफ्ना पतिदेवसँग प्रकट गरिन्। त्यसपछि नागेश भट्टले 'शब्देन्दुशेखर' नामको ग्रन्थ छोराका रूपमा, 'मञ्जूषा' नामको ग्रन्थ छोरीका रूपमा रचना गरी आफ्नी धर्मपत्नीका हातमा राखिदिएको प्रमाण पाइन्छ।

शब्देन्दुशेखरः पुत्रो, मञ्जूषा चैव कन्यका।
स्वमतौ सम्यगुत्पाद्य शिवयोरर्पितौ मया। (भट्टः, २०५५, पृ. २ -३)

नागेश भट्टको कृतित्व

नागेश भट्टको जीवन आधारित कृतित्वलाई निहाल्दा एक दिन नागेशलाई आफ्नी धर्मपत्नी दुर्गादेवीले पैसा कमाउन पठाउने कोसिस गरेपछि नागेश पैसा कमाउनका लागि प्रस्थान गर्दछन्। त्यसरी जाँदा नदी पार गर्न नौकामा बसेर तर्नुपर्दथ्यो। नागेशसँग पैसा थिएन। त्यस कारण नदीका किनारमा बसिरहेका थिए। केही समयमा एउटा नौकाको मालिक नौका लिएर नागेशका नजिक नजिक आयो। त्यसलाई बोलाएर नागेशले भने— 'भाइ म पैसा कमाउन हिँडेको हुँ, मेरो नाम नागेश भट्ट हो। मसँग एक पैसा पनि छैन। मसँग पुस्तकहरू छन्। म पण्डित हुँ। पण्डित सम्झेर मलाई पैसाविना पार गराइदिए तिमी पुण्यका भागिदार हुने थियौ **(भट्ट, २०५२ पृ. ५५-५७)**। यस प्रकारको सरल र सहज रूपमा दुःखित अन्तस्करणबाट प्रार्थना सुन्दा पनि बोटेको हृदय पग्लेन। उसले निराशापूर्ण कठोर वाणीले भन्यो— 'पण्डितज्यू ! मेरा अगाडि शास्त्रार्थ गरेर सबै पण्डितलाई जसले परास्त गर्छ, त्यस्तालाई नै पण्डित मान्छु। अरू मेरा लागि पण्डित होइनन्। तिमी जस्तालाई मैले पण्डित मान्दिनँ। म त शास्त्रार्थ महारथीलाई मात्र गुरु मान्छु' **(भट्ट २०५२ पृ. ५३-५५)**। त्यसपछि नागेश लुरुक्क परी जुरुक्क उठी फरक्क घर फर्के। फेरि आफ्नै ग्रन्थ निर्माण कार्यमा जुटे। यसै क्रममा एक दिन भारतको उत्तर प्रदेश प्रयागराज (इलाहाबाद) को उत्तर दिशामा पर्ने सिंगौरपुर (पुराणमा प्रसिद्ध शृङ्गवेरपुर) का विशेन वंशमा उत्पन्न क्षत्रीय राजा रामसिंहलाई भगवान् काशी विश्वनाथको दर्शन गर्ने इच्छा भएछ र प्रयागबाट काशी आइपुगेर भगवान् विश्वनाथको दर्शन तथा पूजन गरे। त्यसपछि विद्वान्हरूको दर्शन तथा आशीर्वचन प्राप्त गर्ने सिलसिलामा उनी नागेश भट्टको दर्शन गर्न उनको निवासमा गए। नागेशले आफू कुप्रा भएका कारण आफ्नो कुटीको भित्तामा प्वाल पारी त्यही प्वालमा पिठिउँको विकृत भागलाई पसालेर ग्रन्थ लेख्दै राखेको राजाले देखे। नागेशको आज खाए भोलि छैन, भोलि खाए पर्सि छैन यस्तो अवस्था थियो। राजा शृङ्गवेरपुराधीशले भोक प्यासको चिन्ता त्यागी शास्त्रमा तल्लीन भएका विद्वान्को दयनीय अवस्था देखे। त्यस्तो अवस्था देखेर राजाले नागेशको गास, वास र कपासको व्यवस्था गर्ने दृढ सङ्कल्प गरे। त्यसपछि राजाले गुरुदेव ! हजुरलाई के टक्रयाऊँ ? के सेवा गरूँ ? भनी सोधे। जसको उत्तरमा नागेशले भने— 'यदि तपाईँलाई सेवा गर्ने इच्छा छ भने मैले दश दिनदेखि अहोरात्र चिन्तन गर्दा पनि शास्त्रको अमुक पङ्क्तिको भावार्थ आत्मसात् गर्न सकेको छैन। अतः

कृपा गरेर यस पङ्क्तिको भावार्थ लगाइदिनुहोस्। त्यसो भएमा दसौँ दिनदेखि केही नखाएको भए पनि मेरो बुभुक्षा र तितीर्षा शान्त हुने थियो'। यस प्रकारको वचन सुनेर लाजले भुतुक्क भई राजाले नागेश भट्टका दुवै पाउमा साष्टाङ्ग दण्डवत् प्रणाम गरेर 'म हजुरको शिष्य हुँ यस्तो गम्भीर विषय त मैले कहाँ जान्दछु र ! भनी शिष्यत्व ग्रहण गरेर नागेश भट्टको अध्ययन, चिन्तन मनन र साधनाको सहजताका लागि भोजन, आवास आदि आवश्यक चिजको व्यवस्था गरे। राजा रामसिंहले उनमा भएका ज्ञान तथा साधनबाट प्रभावित भएर प्रत्येक महिनाको सय रुपियाँका दरले वृत्ति उपलब्ध गराउँदथे। त्यही वृत्तिका सहाराले नागेशको जीवन केही सहजताका साथ चलेको बुझिन्छ।

याचकानां कल्पतरोररिकक्षहुताशनात्।
श्रृङ्गिबेरपुराधीशात् रामतो लब्धजीविकः ॥ (भट्टः २०५३, पृ. १)

नागेशले काशीवास गर्दै शास्त्रको अध्ययन, अध्यापन तथा लेखनमा नै समय बिताउँदथे। बिहान उषाकाल ब्रह्म मुहूर्तमा उठी शौचादि गरी भागीरथी गङ्गामा स्नान, नित्यकर्म, सन्ध्या, स्वाध्ययनका साथै विश्वेश्वरको दर्शन गर्ने भट्ट नागेश तात्कालिक समयमा उपाध्याय, वैयाकरणकेशरी, वादीभकण्ठीरव, शास्त्रार्थमहारथी, महामहोपाध्यायजस्ता उपाधिले विभूषित भएका थिए। प्राचीन विद्वान्हरूले शिष्ट परम्परा अवलम्बन गरी आफ्ना बुद्धि तथा प्रतिभाद्वारा निर्मित कृतिहरू आ—आफ्ना इष्टदेव, वंशका ऋषि, पितृ तथा ज्येष्ठ श्रेष्ठ मान्य जनहरूलाई अर्पण गरेको पाइन्छ। जुन विषय भट्टोजी दीक्षितको प्रस्तुत भनाइबाट पनि स्पष्ट हुन्छ। "प्रीत्यै भूयात् भगवतो भवानीविश्वनाथयोः" (दीक्षित, २०४० पृ. ७४४)। अतः यही परम्पराको अनुसरण गर्दै नागेशले पनि कयौँ कृति आफ्ना इष्टदेव तथा गुरुदेवलाई समर्पण गरेको पाइन्छ।

महाराष्ट्रमा जन्मेका शास्त्र व्यसनमा व्यस्त नागेश विद्याको खोजीका क्रममा काशी आइपुगे। काशीमा आएरै आफ्नो मानव चोला सफल पारे। नागेशले सनातन कुलधर्म अनुसारको कर्मलाई मूर्तरूप दिँदै आफ्नो कुलपरम्पराको रक्षा गरे। त्यस क्रममा उनले हजारौँ छात्रछात्राहरूलाई ज्ञानगङ्गामा अवगाहन गराउँदै सयौँ कृतिको रचना गरे र काशीमा नै आफ्नो जीवन यात्रा सफल पारे। नागेश भट्टले व्याकरणका साथै न्याय, धर्मशास्त्र, पुराण, साहित्य, ज्योतिष आदि विद्यासँग सम्बद्ध ग्रन्थको रचना गरेका छन्। उनका परिभाषेन्दुशेखर, लघुशब्देन्दुशेखर, लघुशब्दरत्न, बृहच्छब्देन्दुशेखर, गुरुमञ्जूषा, परमलघुमञ्जुषा, अष्टाध्यायीसूत्रपाठ, तिङन्तसङ्ग्रह, धातुवृत्ति, णेरणौवादार्थ, महाभाष्यप्रदीपोद्द्योत, विषमपदी, शब्दकौस्तुभटीका, वैयाकरणकारिका, वृत्तिवाद, शब्दानन्तसागरसमुच्चय, सुप्तिङन्तसागरसमुच्चय, स्फोटवाद, अलङ्कारसुधा (कुवलयानन्द टीका), लघुकाव्यप्रदीपोद्योत, गुरुकाव्यप्रदीपोद्योत, गुरुमर्मप्रकाश, सरतङ्गिणी टीका, रसमञ्जरीप्रकाश, तिथीन्दुशेखर, अध्यात्मरामायणटीका, सप्तशती चण्डीको टीका, चण्डीस्तोत्रप्रयोगविधि, आचारेन्दुशेखर, तीर्थेन्दुशेखर, त्रिस्थलीसेतु, आशौचनिर्णय, कात्यायनीतन्त्र, इष्टिकालनिर्णय, प्रयोगतरणि, प्रायश्चितेन्दुसङ्ग्रह, लक्षणरत्नमाला, सापिण्ड्यमञ्जरी, तर्कभाषाटीका, तात्पर्यदीपिका, प्रभाकरचन्द्रतत्त्वदीपिका, पदार्थदीपिका, पातञ्जलसूत्रवृत्ति, पातञ्जलसूत्रवृत्तिभाष्यच्छायाव्याख्या, एकश्रुतिवाद, श्राद्धेन्दुशेखर, कालेन्दुशेखर, गीतगोविन्दटीका, सुधालहरीटीका, वाल्मीकीयरामायणटीका, परमार्थसारविवरण, वृत्तिसङ्ग्रह आदि ग्रन्थ रहेका छन् (भट्ट, २०५२ पृ. ६२)।

निष्कर्ष

यस जीवनयात्राको विश्लेषणबाट कुनै पनि क्षेत्रमा सिद्धि प्राप्त गर्दा कठिन साधनाको आवश्यकता पर्छ भन्ने पुष्टि हुन्छ। हामीमा सादा जीवन उच्च विचारको भावना हुनु पर्दछ भन्ने प्रेरणा उनको सादगी जीवनबाट प्राप्त गर्न सकिन्छ। यसै गरी उनको शास्त्रप्रतिको त्याग तपस्याबाट कहिल्यै पनि काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य जस्ता भावनामा नलागि आफ्नो मानवत्व जोगाउदै अमूल्य जीवनलाई सार्थक तुल्याउने कार्यमा अगाडि बढ्नु पर्दछ भन्ने उदाहरणका रूपमा भट्टको व्यक्तित्वलाई लिन सकिन्छ। नागेश भट्टद्वारा निर्मित व्याकरण, न्याय, तन्त्र, योग, धर्मशास्त्र, मीमांसा, रामायणको नागेशी टीका आदि कैयौँ कृतिहरूको पठन, चिन्तन, मनन र निदिध्यासनबाट प्राप्त तत्त्व हाम्रो जीवनका लागि आदर्श बन्न सक्दछ। नागेशका जस्तो उत्तम लक्ष्यलाई पूर्णता दिन सक्ने साधना तथा ज्ञानयोग हाम्रो जीवनका लागि अत्यन्त महत्त्वपूर्ण रहेको छ। यो हठयोगीहरूको जस्तो योग होइन। यो ज्ञानयोगीको योग हो। नागेश भट्ट त्यस्ता ज्ञानयोगी हुन्, जसको जन्मस्थान तथा जन्मकालका बारेमा किटेर सप्रमाण भन्न सकिने अवस्था छैन। वस्तुतः उनको जीवन मरणको नै पत्तो छैन केवल अनुमान र समकालीन अन्य विद्वान्हरूका कृतिलाई आधारमानेर उनको देश, काल, कृतिबारे यस लघुअनुसन्धानद्वारा निर्क्योल गर्दै अध्ययन, अध्यापन र जीवनका बारेमा केही जानकारी प्राप्त गरिएको छ जसले गर्दा नागेशलाई हाम्रा समक्ष जीवित राखेको छ। 'जसको कीर्ति छ, त्यो न जीवित हुन्छ' भनेझैँ नागेशका कृतिरूपी ध्वज हामी सबैका समक्ष फरफराइरहेको छ। अतः उनी हाम्रा लागि सदा सदा जीवित छन्। नागेशजस्ता महापुरुषले अवलम्बन गरेको मार्गमा अगाडि बढ्दा मात्र हाम्रो जीवन कृतकृत्य हुनेछ। सामान्य रूपमा बाँच्न त 'काग पनि अलिक समय बलि खाएर पनि बाँच्दछ' भनेजस्तै हाम्रो जीवन पनि अन्य प्राणीको जस्तै नहुनका लागि नागेशजस्ता महावैयाकरणको जीवनलाई आदर्श मानेर अगाडि बढ्दा नै वस्तुतः बाँच्नुको सार्थकता हुन्छ भन्ने शिक्षा नागेशको जीवनीबाट पाउन सकिन्छ।

सन्दर्भसूची

आचार्य, रामचन्द्र. (२०५६). *प्रक्रियाकौमुदी.* वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय।

दीक्षित, भट्टोजी. (२०४०). *सिद्धान्तकौमुदी सुबोधिनी तत्त्वबोधिनी संहिता,* मुम्बई : क्षेमराज श्रीकृष्णदास श्री बैंकटेश्वर स्टिम मुद्रणालय।

पतञ्जलि. (सन् १९८८). *व्याकरणमहाभाष्यम्.* वाराणसी : चौखम्बा विद्याभवन।

भट्ट, नागेशः. (२०४९). *वैयाकरणसिद्धान्तलघुमन्जूषा.* वाराणसी : भारतीय विद्या संस्थान।

भट्ट, नागेश. (२०५२). *बृहच्छब्देन्दुशेखर,* वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय।

भट्, नागेश. (२०५३). *लघुशब्देन्दुशेखर.* वाराणसी : चौखम्बा संस्कृत संस्थान।

भट्ट ,नागेश. (२०५४) . *परमलघुमञ्जूषा.* वाराणसी : चौखम्बा संस्कृत सिरिज।

रेग्मी, भोलानारायण. (सन् २००५). *वैयाकरणसिद्धान्तलघुमन्जूषाया दार्शनिकतत्त्वविचारः* (शोधग्रन्थ). वाराणसी : सम्पूर्णान्द संस्कृत विश्वविद्यालय।

वेदव्यास. (२०४०). *स्कन्दपुराण मूलमात्र*. मुम्बई : श्रीवेङ्कटेश्वर स्टीम प्रेस।

वेदव्यास. (२०६६) *महागरुडपुराण*, वाराणसी, दत्तात्रेय इण्टर प्राईजेज नेपाली खपडा भारत।

त्रिपाठी, ब्रह्मानन्द. (२०३८). *व्याकरणशास्त्रस्येतिहासः*. वाराणसी : चौखम्बा सुरभारती प्रकाशन।

मृत्युवञ्चनोपदेश ग्रन्थको प्रथम परिच्छेदमा वर्णित मृत्युसमय निर्धारक तत्त्वहरूको विश्लेषण

निरज दाहाल*

nirajdahaldrn@gmail.com

लेखसार

यस शोधलेखमा काठमाडौँस्थित राष्ट्रिय अभिलेखालयमा संरक्षित, दशौँ/एघारौँ शताब्दीका विद्वान् भिक्षु वागीश्वरकीर्तिद्वारा रचित 'मृत्युवञ्चनोपदेश' नामक प्राचीन बौद्ध पाण्डुलिपिको प्रथम परिच्छेदमा वर्णित मृत्युसमय निर्धारणका लक्षणहरूको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ। गुणात्मक शोध ढाँचा अन्तर्गत विषयवस्तु विश्लेषण विधि अपनाइएको छ। ग्रन्थका ८७ वटा श्लोकहरूमा उल्लिखित विभिन्न शारीरिक, मानसिक र अलौकिक लक्षणहरूको आधारमा तत्कालदेखि पाँच वर्षभित्र हुने मृत्युको समय कसरी निर्धारण गरिएको छ भन्ने कुराको व्यवस्थित अध्ययन गरिएको छ। ग्रन्थको प्रथम परिच्छेदमा मृत्युको समय निर्धारण गर्ने १४७ लक्षणहरू सूचीकृत छन्, जसलाई मुख्यतया सपना, दृष्टिभ्रम, शारीरिक वेदना, इन्द्रिय विकार, र शारीरिक छायाँमा आउने विकार जस्ता प्रमुख श्रेणीहरूमा वर्गीकरण गर्न सकिन्छ। तत्काल मृत्युका लागि ३ वटा, ६ महिनाभित्रका लागि २७ र ५ वर्षभित्रका लागि २ वटा आदि फरक-फरक समयावधिका लक्षणहरू उल्लेख छन्। अध्ययनका नतिजाले ग्रन्थलाई बौद्ध वज्रयान सम्प्रदायको तान्त्रिक साधनाको एक व्यावहारिक ग्रन्थको रूपमा पुष्टि गर्दछ, जसले मृत्युका सूक्ष्म लक्षणहरू पहिचान गरी योग, मन्त्र र जडीबुटीको प्रयोगद्वारा त्यसलाई पराजित गर्ने विधि बताउँछ। यसरी, यो बौद्धवज्रयानग्रन्थ प्राचीन नेपाली चिकित्सा, ज्योतिष र तन्त्रसाधनाको अद्वितीय सङ्गमको रूपमा रहेको छ भन्ने कुरा यस शोधलेखले प्रमाणित गर्दछ।

शब्दकुञ्जी : मृत्युवञ्चनोपदेश, वज्रयान, पाण्डुलिपि, मृत्युलक्षण, वागीश्वरकीर्ति, दृष्टिभ्रम।

---

* लेखक नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठको बौद्धदर्शन विभागमा उपप्राध्यापक हुनुहुन्छ।

विषय परिचय

नेपाल सरकारको संस्कृति पर्यटन तथा नागरिक उडयन मन्त्रालय अन्तर्गतका विभिन्न विभागहरूमध्ये राष्ट्रिय अभिलेखालय काठमाडौँमा बौद्धदर्शन विषय अन्तर्गत सूचीकृत देवनागरी लिपिमा 'मृत्युवञ्चनोपदेश' नाम लेखिएको जीर्णस्वरूप भएको पाण्डुलिपिलाई नेपाल–जर्मन हस्तलिखित पाण्डुलिपि संरक्षण परियोजना अन्तर्गत माइक्रोफिल्ममा संरक्षित गरिएको छ। यसको नेपाल–जर्मन हस्तलिखित पाण्डुलिपि संरक्षण परियोजनाअन्तर्गत लगतसङ्ख्या ५–२८८ तथा विषयसङ्ख्या ११० रहेको र रिल नं. बि–९०/१२ मा माइक्रोफिल्म गरिएको छ। पुरानो कागजमा कालो पाको मसीले संस्कृत भाषामा देवनागरी लिपिमा लेखिएको उक्त कृति ३३ से. मि.लम्बाइ र १२.५ से. मि. चौडाइ परिमाणको रहेको कुरा उल्लेख गरिएको छ। यसमा १८ पत्रसङ्ख्या रहेका छन्। हस्तलिखित एवं जीर्ण अवस्थामा रहेको पाण्डुलिपिको हालसम्म सम्पादन र प्रकाशन नभएकाले यसभित्रका कतिपय अक्षरहरू लुप्त भएका, पत्रहरू हराएका छन् भने कतिपय अक्षरहरू धेरै भएका देखिन्छन्। कतिपय वाक्यहरू अशुद्ध भएकाले अर्थमा अनर्थ बोध हुने देखिन्छ।

ग्रन्थको मङ्गलाचरण नष्ट भए तापनि हरेक परिच्छेदको अन्त्यमा भिक्षु वागीश्वरकीर्तिद्वारा लेखिएको भने प्रष्ट लेखिएको र ग्रन्थको समाप्तिपछि गद्यमा पनि विद्वान् भिक्षु वागीश्वरकीर्तिद्वारा लेखिएको ग्रन्थ समाप्त भएको भनी उल्लेख भएकाले यस ग्रन्थका लेखक दशौँ/एघारौँ शताब्दीका विद्वान् पण्डित भिक्षु वागीश्वरकीर्ति नै हुन् भन्ने कुरा प्रमाणित हुन्छ।

बौद्धदर्शन दुःखको आधारमा खडा भएको दर्शन मान्ने गरिन्छ। मृत्युजस्तो महादुःखलाई जित्ने विधिहरूको वर्णन गरिएको यस अमूल्य ग्रन्थ एकदमै उपयोगी छ। यस पाण्डुलिपिमा मृत्युका विभिन्न लक्षणहरू जस्तै बाह्य लक्षण, आन्तरिक लक्षण, देवता रिसाएर हुने मृत्यु, महाभूतहरू रिसाएर हुने मृत्यु तथा दुवैको संयुक्त योगले हुने मृत्यु आदि विषयहरूको विस्तृत वर्णन गरिएको छ। मानिसको छायाँमा आउने विकारहरू, सपनामा देखिने विषयहरूको विश्लेषण, शरीरमा प्राणवायुको प्रवेशको अङ्ग, मात्रा र अवस्था, शरीरमा आउने अचानकका विकारहरूको अन्वेषण तथा ग्रह नक्षत्रको पनि अध्ययन गरेर मृत्युका लक्षणहरू पत्ता लगाउन सकिन्छ। ती लक्षणहरूका आधारमा एक दिनदेखि लिएर १८ वर्षभित्रमा हुने मृत्युहरूको व्याख्या गरिएको छ। मृत्युका लक्षणहरूलाई पहिचान गरी सोही लक्षणका आधारमा जडीबुटीको सेवन, रत्न आदिको धारण र मन्त्र तथा ध्यानको साधनाद्वारा सो लक्षणलाई विजय प्राप्त गरी मृत्युलाई छल्न सकिने कुराको वर्णन आदि विषयहरूको विश्लेषण गरिएको छ। तसर्थ यसलाई बौद्ध दर्शनको महायान सम्प्रदाय अन्तर्गत वज्रयानमतको तान्त्रिक साधनाको व्यावहारिक पक्षको व्याख्या भएको महत्त्वपूर्ण र विविध गहनविषयान्वित मध्यमरूपात्मक विशिष्ट ग्रन्थ मान्न सकिन्छ।

पाण्डुलिपिमा जम्मा ४ वटा परिच्छेदहरू रहेका र कूल पद्यसङ्ख्याहरू ३७४ मात्र छन्। वज्रयानको तान्त्रिक पद्धति अनुसार मृत्युका लक्षणहरू र त्यसबाट बच्ने उपायहरूको यस पाण्डुलिपिमा वर्णन गरिएको छ। कुनैपनि परिच्छेदको शीर्षक दिइएको छैन। प्रस्तुत अनुसन्धानात्मक शोधलेख ग्रन्थको पहिलो परिच्छेदको विश्लेषणमा मात्रै केन्द्रित छ। पहिलो परिच्छेदमा १३२ वटा पद्यहरू छन्। तिनीहरूमा मानिसहरूले मृत्युबाट

बच्न रत्न, मन्त्र, जडीबुटी आदि उपायहरूमा विश्वास गर्ने र यिनको प्रयोग गर्ने, मृत्युका लक्षणहरू बाह्य र आन्तरिक रूपमा दुई प्रकारका छन्, सो को पहिचान अभ्यासले गर्न सकिने, समय, ग्रहगोचर, छायाँ, शारीरिक पीडा र इन्द्रियको विकारबाट पनि मृत्यु नजिक छ भन्ने बुझ्न सकिने, नाभि, घाँटी, आँखा, कान, मुख, छाती आदि अङ्गहरूमा असमान्य पीडाहरू देखिनुले मृत्युको समय बताउने, स्वप्नहरू पनि मृत्युका सूचक हुन् – विशेषगरी काली, यमदूत, दक्षिणगमन, पशुहरूद्धारा लखेटिएको आदि सपना, चन्द्र, सूर्य, तारा, इन्द्रेणी, छायाँ आदिका विकृत वा अस्वाभाविक दृश्यहरूले पनि मृत्यु सूचित गर्ने, वीर्य, पिसाब आदिको रङ्ग, स्वरूपमा आएको परिवर्तनले मृत्युको समय अनुमान गर्न सकिने र यी सबै लक्षणहरूलाई चिनेपछि तुरुन्तै मन्त्रादिको प्रयोग गरी मृत्युलाई टार्ने प्रयास गर्नु उत्तम हुने कुराको विस्तृत व्याख्या छ। यस शोधलेखमा मृत्युवञ्चनोपदेश ग्रन्थको प्रथम परिच्छेदमा वर्णित मृत्यु निर्धारक तत्त्वहरूको विस्तृत अध्ययन गरिएको छ। प्रथम श्लोकदेखि २८ श्लोकसम्म मृत्युका विभिन्न लक्षणहरूको आधारमा ती लक्षणहरूलाई विभिन्न वर्गमा वर्गीकरण गरिएको कुराको वर्णन गरिएको छ। जस्तै - बाह्य लक्षण, आन्तरिक लक्षण, नियतकाल लक्षण, अनियतकाल लक्षण, अधिदैविक लक्षण, अधिभौतिक लक्षण, उभय लक्षण (दुबैको मिश्रणबाट हुने लक्षण) आदि। २९ श्लोकदेखि १३२ श्लोकमध्ये अन्तिमका दुई श्लोक र बिचका १४ श्लोकहरूमा पनि निश्चित मृत्युसमयको वर्णन पाइँदैन। त्यसैले यो शोधलेख ८७ वटा श्लोकहरूमा वर्णन गरिएको सम्भावित निश्चित मृत्युका समयको विस्तृत अध्ययनमा केन्द्रित छ। यी श्लोकहरूमा १४७ लक्षणहरूको आधारमा तत्कालै हुने मृत्युदेखि पाँच वर्षभित्रमा हुने मृत्युसम्मको वर्णन पाइन्छ। यहाँ ८७ वटा श्लोकमा वर्णित मृत्युसमयको अध्ययनलाई मृत्युको कारण, मृत्युको लक्षण, मृत्यु हुने समय र श्लोक सङ्ख्या गरेर चारवटा कोलममा तालिका बनाई गरिएको विस्तृत अध्ययनको विश्लेषण, व्याख्या र निष्कर्ष प्रस्तुत गरिएको छ।

बौद्ध दर्शनसँग सम्बन्धित ‘मृत्युवञ्चनोपदेश’ जस्ता ग्रन्थहरूको अध्ययन अहिलेसम्म पर्याप्त रूपमा भएको छैन। यस ग्रन्थको प्रथम परिच्छेदमा मृत्युको समय निर्धारण गर्ने सन्दर्भमा १४७ लक्षणहरू के कस्ता छन् र तिनलाई के कसरी वर्गीकरण गर्न सकिन्छ भन्ने शोधसमस्यामा केन्द्रित रही उक्त ग्रन्थको प्रथम परिच्छेदमा उल्लेखित मृत्युसमय सूचक लक्षणहरूको सुनिश्चित सूची बनाई ती लक्षणहरूलाई तार्किक आधारमा शारीरिक, सपना सम्बन्धी, दृष्टिगत, आदि विभिन्न श्रेणीहरूमा वर्गीकरण गर्दै कुन लक्षणले कति समय (दिन, महिना, वर्ष) भित्रमा मृत्यु हुन्छ भन्ने कुराको विश्लेषण गर्नु यस शोधलेखको उद्देश्य रहेको छ।

अध्ययन विधि

यस अनुसन्धानकार्यमा गुणात्मक शोध विधिको प्रयोग गरिएको छ। प्राथमिक स्रोतको रूपमा ‘मृत्युवञ्चनोपदेश’ को प्रथम परिच्छेद (१३२ श्लोक मध्येका मृत्युसमय निर्धारणका ८७ श्लोक) लाई आधार बनाइएको छ । डेस्क रिसर्च गरी पाण्डुलिपिको विषयवस्तुको गहन अध्ययन गरिएको छ। सङ्कलन गरिएका तथ्याङ्कहरूको विश्लेषणका लागि विषयवस्तु विश्लेषणको विधि अपनाइएको छ। विश्लेषणको सहजताका लागि लक्षणहरूलाई दुई प्रमुख दृष्टिकोणबाट हेरिएको छ: (क) समयको

आधारमा (तत्कालदेखि ५ वर्षसम्म), र (ख) कारण वा प्रकृतिको आधारमा (सपना, शारीरिक वेदना, इन्द्रिय विकार आदि)। यसरी विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

यो शोधलेख मृत्युवञ्चनोपदेश ग्रन्थको चार परिच्छेदमध्ये केवल प्रथम परिच्छेदमा मात्र केन्द्रित रहेको छ। ग्रन्थमा उल्लिखित मृत्यु टार्ने उपायहरू मन्त्र, जडीबुटी, रत्न धारणको विषय यस शोधको विषयक्षेत्रभित्र पर्दैन। साथै, यस अध्ययनको उद्देश्य लक्षणहरूको आधुनिक वैज्ञानिक प्रमाणीकरण गर्नु होइन, अपितु ग्रन्थमा उल्लिखित सैद्धान्तिक पक्षको व्यवस्थित विवरण, वर्गीकरण र विश्लेषण गरिएको छ।

समयको आधारमा मृत्युसमय निर्धारण

मृत्युवञ्चनोपदेश ग्रन्थको पहिलो परिच्छेदमा वर्णन गरिएको विभिन्न लक्षणहरूको आधारमा हुने मृत्युको समयलाई क्रमशः न्यूनबाट अधिकको आधारमा विश्लेषण प्रस्तुत गरिएको छ।

तत्कालै हुने मृत्यु

यसमा तीनवटा लक्षणहरूको वर्णन छ। उर्णास्थानमा तीव्र वेदना भएमा (मृत्युवञ्चनोपदेश पाण्डुलिपि, प्रथम परिच्छेद, श्लोक सङ्ख्या ३४), कानको मूलभाग आँखीभौँको बिच भाग र निधारको अग्रभागमा ठाँउ सरि सरि तीव्र वेदना भएमा (श्लो. सं. ४३) र आफ्नो छायाँ दक्षिण दिशातर्फ गएको देखेमा (श्लो. सं. ११२) तत्कालै मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

निकट मृत्यु

यसमा सपनाको आधारमा तीनवटा लक्षणहरूको वर्णन छ। सपनामा धुँवा, बादल वा वर्षामा प्रवेश गरेको देखेमा (श्लो. सं. १२२), सपनामा रूखबाट खसेमा (श्लो. सं. १२२) र सपनामा बाँदरको रथमा सवार भएर पूर्व दिशामा जाँदै गर्दा ब्युँझिएमा (श्लो. सं. १२३) मृत्यु निकट छ भनी वर्णन गरिएको छ।

एक दिनमा हुने मृत्यु

यसमा ४ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। खुट्टाको बुढी औँलादेखि शिरसम्म तीव्र वेदना भएमा (श्लो. सं. ४५), कानको पछाडिको भागको नाडी हराएमा (श्लो. सं. ५२), सम्पूर्ण शरीर नै गलेमा (श्लो. सं. १०५) १ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

दुई दिनमा हुने मृत्यु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। दाहिने नाकको तल्लो र माथिल्लो भागको ज्योति नष्ट भएमा (श्लो. सं. ९९) २ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

तीन दिनमा हुने मृत्यु

यसमा ७ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। एकैसाथ हात खुट्टा र नाभिमा तीव्र वेदना भएमा (श्लो. सं. २९), एकैसाथ हात खुट्टा र नाकमा तीव्र वेदना भएमा (श्लो. सं. ३१), जिब्रोको टुप्पो नदेखिएमा (श्लो. सं. ३३), एकैसाथ तीनवटै तालुमा बारम्बार तीव्र वेदना भएमा (श्लो. सं.

३९) र शरीर विकृत भएर दुर्गन्धित भएमा (श्लो. सं. ८०) ३ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

चार दिनमा हुने मृत्यु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। दाहिने आँखाको तल्लो र माथिल्लो भागको ज्योति नष्ट भएमा (श्लो. सं. ९९) ४ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

पाँच दिनमा हुने मृत्यु

यसमा ५ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। आँखा र नाकमा स्पन्दन हराएमा (श्लो. सं. ४७), कानको पछाडिको भागको नाडी हराएमा (श्लो. सं. ५२), नाभिमा उल्टोपना भएमा (श्लो. सं. १०४), निधारका तीन रेखाहरूको नाश भएमा (श्लो. सं. १०५) र स्वस्थ रातो जिब्रोको एक्कासि रक्तता हराएमा (श्लो. सं. १०६) ५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

सात दिनमा हुने मृत्यु

यसमा ८ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। ऐनामा बाँया आँखाको पुतली नदेखेमा (श्लो. सं. ४०), नाकको अग्रभागमा नाडी हराएमा (श्लो. सं. ४५), (श्लो. सं. ४९), नक्षत्र चन्द्रमा सप्तर्षि आदिको दिन तथा रातमा बारम्बार दर्शन भइरहेमा (श्लो. सं. ६४), शरीर आधा चिसो र आधा तातो भएमा (श्लो. सं. ७२), कपडाले शरीरलाई मजाले पुस्दा पनि कुनै आवाज नआएमा (श्लो. सं. ७६), सबै अङ्गहरू चिसो भएमा (श्लो. सं. ७६) र कालीकुमारी क्रोधित भएर बन्धनमा बाँधेर लगेको सपना देखेमा (श्लो. सं. १२०) ७ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।। ग्रन्थमा ४९ औ श्लोक यसप्रकार छ –

अकस्मान्नासिकावक्रौ कर्णौ भ्रष्टौ स्वदेशतः।
नेत्रे च वर्त्तुली भूते सप्ताहान्मृत्युर्दर्शनम् ।। ४९।।

अकस्मात् नाक बाङ्गो भई कानले आफ्नो ठाँउ छोडी आँखा गोलाकार भएमा ७ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

दश दिनमा हुने मृत्यु

यसमा ३ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। आगो चिसो महसुस भएमा (श्लो. सं. ७३), पानी तातो महसुस भएमा (श्लो. सं. ७३) र जिब्रो फर्केमा (श्लो. सं. १०३) १० दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

पन्ध्र दिनमा हुने मृत्यु

यसमा ३ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। अकस्मात् हृदयको आकार सानो भएमा **(श्लो. सं. ५०),** अकस्मात् घाँटीको सफा स्वरमा विकार आएमा **(श्लो. सं. ५०)** र अर्काको आँखामा प्रतिबिम्ब नदेख्नाले **(श्लो. सं. १०३)** १५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

अठार दिनमा हुने मृत्यु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। ग्रन्थमा श्लोक यसप्रकार छ –

अनामिकानां मूलेषु दृष्ट्या कृष्णरेखया।
अष्टादशदिनादूर्ध्वं मृत्युः प्राक्कर्मदोषतः।। ७४।।

साहिँली औलाको मूलमा कालो रेखा देखिएमा १८ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

एक महिनामा हुने मृत्यु

यसमा १९ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। देब्रे र दाहिने दुबै नाकमा तीव्र वेदना भएमा (श्लो. सं. ३५) र अचानक इन्द्रियले विषय ग्रहण गर्न नसकेमा (श्लो. सं. ५५) आदि लक्षणहरूमा १ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

डेढ महिना (४५ दिन) मा हुने मृत्यु

यसमा २० वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। एकैसाथ हृदय र घाँटीको मध्य भागमा तीव्र वेदना भएमा (श्लो. सं. ३८) र खुट्टाको बुढी औँलादेखि घाँटीसम्म तीव्र वेदना भएमा (श्लो. सं. ४५) आदि लक्षणहरूमा ४५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

पचास दिनमा हुने मृत्यु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। स्वस्थ रातो जिब्रोको एक्कासि रक्तता हराएमा (श्लो. सं. १०६) ५ देखि ५० दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

दुई महिनामा हुने मृत्यु

यसमा ३ वटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। मुटु र खुट्टा सुनिएर रगत पनि बगेमा (श्लो. सं. ८१), देब्रे नाकको तल्लो र माथिल्लो भागको ज्योति नष्ट भएमा (श्लो. सं. ९८) र भ्रूमध्यको बिचमा ज्योतिको दर्शन नभएमा (श्लो. सं. १०२) ६० दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

तीन महिनामा हुने मृत्यु

यसमा ६ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। एकैसाथ हात, खुट्टा र आँखामा तीव्र वेदना भएमा (श्लो. सं. ३०) र यौनसम्पर्कको समयमा कानभित्र घण्टीको आवाज गुञ्जिएमा (श्लो. सं. ४१) आदि लक्षणहरूमा ९० दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

सय दिनमा हुने मृत्यु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। आँखामा पीडा नदिकनै चारैतिर पहेँलो देखिएमा (श्लो. सं. ९७) १०० दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

चार महिनामा हुने मृत्यु

यसमा ५ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। कानको अगाडिको भागमा तीव्र

वेदना भएमा (श्लो. सं. ३४) र एकैसाथ दुबै हात दुबै खुट्टा विशेषतः कान्छी औँलाको जोर्नीमा तीव्र वेदना भएमा (श्लो. सं. ३७) आदि लक्षणहरूमा ४ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

पाँच महिनामा हुने मृत्यु

यसमा ३ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। गालामा स्पर्शता हराएमा (श्लो. सं. ४६), निधारमा माउसुली चढेमा (श्लो. सं. ७५) आदि लक्षणहरूमा ५ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

हाच्छिउँ जतिपटक आउँछ त्यति नै महिनामा हुने मृत्यु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। यौन सम्पर्क गर्दै गर्दा हाच्छिउँ जतिपटक आउँछ त्यति नै महिनामा (श्लो. सं. ३६) मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

छ महिनामा हुने मृत्यु

यसमा २७ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। शुक्लप्रतिपदामा वीर्यको रङ्ग परिवर्तन भई कालो भएमा (श्लो. सं. ४२), खुट्टाको बुढी औँलादेखि नाभिसम्म सँधै तीव्र वेदना भएमा (श्लो. सं. ४४), आँखामा अकस्मात् ताराको गुजुल्टो देखिएमा (श्लो. सं. ४८) आदि

आठ महिनामा हुने मृत्यु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। रातो माला धसी रातो चन्दन घसेको र रातै लुगा लगाएको व्यक्तिलाई सपनामा भेटेमा (श्लो. सं. १३०) ८ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

एक वर्षमा हुने मृत्यु

यसमा १५ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। हाच्छिउँ आउँदा एकैसाथ घाँटी र कम्मरमा तीव्र वेदना भएमा (श्लो. सं. ३२), दुब्लो पातलो शरीर अचानक घैलाजस्तो डरलाग्दो मोटो भएमा (श्लो. सं. ५४) आदि लक्षणहरूमा १ वर्षमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

दुई वर्षमा हुने मृत्यु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। कान साह्रो दुखेर गुनगुन गम्भीर आवाज आएर २० दिनसम्म केहीपनि नसुनेमा (श्लो. सं. ९२) २ वर्षमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

तीन वर्षमा हुने मृत्यु

यसमा दुईवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। अचानक कालो र पहेंलो रङ्ग भएको मान्छे देखा परेमा (श्लो. सं. ७९), कान साह्रो दुखेर गुनगुन गम्भीर आवाज आएर १५ दिनसम्म केहीपनि नसुनेमा (श्लो. सं. ९२) ३ वर्षमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

चार वर्षमा हुने मृत्यु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। कान साह्रो दुखेर गुनगुन गम्भीर आवाज आएर १० दिनसम्म केहीपनि नसुनेमा (श्लो. सं. ९२) ४ वर्षमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

पाँच वर्षमा हुने मृत्यु

यसमा दुईवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। गड् गड् गरेर नाभि तीव्र दुखेमा (श्लो. सं. ३३), कान साह्रो दुखेर गुनगुन गम्भीर आवाज आएर ५ दिनसम्म केहीपनि नसुनेमा (श्लो. सं. ९२) ५ वर्षमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

मृत्युको कारणको आधारमा मृत्युसमय निर्धारण

मृत्युवञ्चनोपदेश ग्रन्थको पहिलो परिच्छेदमा वर्णन गरिएको विभिन्न लक्षणहरूको आधारमा हुने मृत्युको कारणहरूलाई क्रमशः अधिकबाट न्यून क्रमको आधारमा विश्लेषण प्रस्तुत गरिएको छ।

सपनाको आधारमा हुने मृत्यु

यसमा सपनामा रूखबाट खसेमा (श्लो. सं. १२२), कुकुरले खाँदै वा लखेट्दै गरेको सपना देखेमा (श्लो. सं. १२५) आदि २६ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा निकट मृत्युदेखि १ वर्षभित्रमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

दृष्टिभ्रमका आधारमा हुने मृत्यु

यसमा नक्षत्र, चन्द्रमा, सप्तर्षि आदिको दिन र रात बारम्बार दर्शन भइरहेमा (श्लो. सं. ६४), बादल बिनाको स्वच्छ दिनमा सिधा अगाडि आकाशको बिचमा बालुवा, मोतीको हार, मोतीको माला र अन्य विभिन्न विभुषणहरू देखिएमा (श्लो. सं. ८४) आदि २१ वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा एक हप्तादेखि ६ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

शारीरिक वेदनाका आधारमा हुने मृत्यु

यसमा गड् गड् गरेर नाभि दुखेमा (श्लो. सं. ३३) र कानको मूलभाग आँखीभौँको बिच भाग र निधारको अग्रभागमा ठाँउ सरि सरि तीव्र वेदना भएमा (श्लो. सं. ४३) आदि १६ वटा लक्षणहरूको आधारमा तत्कालैदेखि ५ वर्षभित्रमा व्यक्तिको मृत्यु हुन्छ भनी मृत्युसमय निर्धारण गरिएको छ।

आँखाको विकारले हुने मृत्यु

यसमा देब्रे आँखाको तल्लो र माथिल्लो भागको ज्योति नष्ट भएमा (श्लो. सं. ९८), दाहिने आँखाको तल्लो र माथिल्लो भागको ज्योति नष्ट भएमा (श्लो. सं. ९९) आदि १० वटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा ४ दिनदेखि ६ महिनासम्ममा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

श्रवणेन्द्रियमा विकार

यसमा कान साह्रो दुखेर गुनगुन गम्भीर आवाज आएर पाँच दिनसम्म केहीपनि नसुनेमा (श्लो. सं. ९२),

कान साह्रो दुखेर गुनगुन गम्भीर आवाज आएर २५ दिनसम्म केहीपनि नसुनेमा(श्लो. सं. ९४) आदि ५ वटा लक्षणहरू दिएको छ। जसमा १ वर्षदेखि ५ वर्षभित्रमा हुने मृत्युसमयको निर्धारण गरिएको छ।

स्पर्शेन्द्रियमा हुने विकार

यसमा गालामा स्पर्शता हराएमा (श्लो. सं. ४६), कपडाले शरीरलाई मजाले पुस्दा पनि कुनै आवाज नआएमा(श्लो. सं. ७६) आदि पाँचवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा ७ दिनदेखि ५ महिनाभित्रमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

नाडीमा हुने विकार

यसमा नाकको अग्रभागमा शिथिलता भएमा (श्लो. सं. ४६), आँखा र नाकमा स्पन्दन हराएमा (श्लो. सं. ४७) र कानको पछाडिको भागको नाडी हराएमा (श्लो. सं. ५२) जस्ता तीनवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा १ दिनदेखि ७ दिनभित्रमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

कानमा विकार

यसमा देब्रे कानको तल्लो र माथिल्लो भागको ज्योति नष्ट भएमा (श्लो. सं. ९८), दाहिने कानको तल्लो र माथिल्लो भागको ज्योति नष्ट भएमा (श्लो. सं. ९९) र कानहरूमा बाधा उत्पन्न भएमा (श्लो. सं. १०१) जस्ता तीनवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा ३ दिनदेखि ४ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

नाकमा विकार

यसमा देब्रे नाकको तल्लो र माथिल्लो भागको ज्योति नष्ट भएमा (श्लो. सं. ९८), दाहिने नाकको तल्लो र माथिल्लो भागको ज्योति नष्ट भएमा (श्लो. सं. ९९), नाकको अग्र भागको ज्योति नष्ट भएमा (श्लो. सं. १००) र तीनवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा २ दिनदेखि ५ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

आफ्नो शरीरको छायाँमा विकार

यसमा आफ्नो शरीरको छाया आफू स्थिर हुँदा पनि अस्थिर छ भने (श्लो. सं. १११) र आफ्नो छायाँ दक्षिण दिशातर्फ गएको देखेमा (श्लो. सं. ११२) जस्ता दुईवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा तत्कालैदेखि ४ महिनाभित्रमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

पिसाबमा विकार

यसमा लगातार पाँच पटकसम्म देब्रेपटि गोलाकार रूपमा तथा दुर्गन्धित पिसाब बहेमा (श्लो. सं. १०८) र कृष्ण वा शुक्ल पक्षमा पिसाब क्रमशः झन् कालो भएमा (श्लो. सं. १०९) जस्ता दुईवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा ६ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

जिब्रोमा विकार

यसमा जिब्रो फर्केमा (श्लो. सं. १०३) र स्वस्थ रातो जिब्रोको एक्कासि रक्तता हराएमा (श्लो. सं.

१०६) जस्ता दुईवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा १० दिनदेखि ५० दिनसम्ममा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

अङ्गको वनावटमा विकार

यसमा अकस्मात् नाक बाङ्गो भई कानले आफ्नो ठाँउ छोडी आँखा गोलाकार भएमा (श्लो. सं. ४९) र अकस्मात् हृदयको आकार सानो भएमा (श्लो. सं. ५०) जस्ता दुईवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा १५ दिनदेखि ७ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

घाँटीमा विकार

यसमा देब्रे घाँटीको तल्लो र माथिल्लो भागको ज्योति नष्ट भएमा (श्लो. सं. ९८) तथा दाहिने घाँटीको तल्लो र माथिल्लो भागको ज्योति नष्ट भएमा (श्लो. सं. ९९) जस्ता दुईवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा १ दिनदेखि १ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

रगतको मात्रामा कमी

यसमा अकस्मात् रातो रङ्गको नङमा रातोपना हराएमा (श्लो. सं. ५३) र मुख कमल जस्तै सेतो देखिनु (श्लो. सं. ६८) जस्ता दुईवटा लक्षणहरूको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जसमा १५ दिनदेखि ७ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

नाभिमा हुने विकार

यसमा एउटा लक्षण नाभिमा उल्टोपनाको आधारमा (श्लो. सं. १०४) मृत्युसमय निर्धारण गरिएको छ। जसमा ५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

जिब्रो र नाभिमा एकसाथ विकार

यसमा एउटा लक्षण जिब्रो फर्केर नाभिमा उल्टोपना पनि एकैसाथ भएको आधारमा (श्लो. सं. १०४) मृत्युसमय निर्धारण गरिएको छ। जसमा ३ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

जिब्रो र दाँतमा एकसाथ विकार

यसमा एउटा लक्षण अकस्मात् जिब्रोको मध्यभागमा कालो रेखा देखिएमा र दाँतमा झन्झनाहट सहित तीव्र वेदनाको आधारमा (श्लो. सं. ५१) मृत्युसमय निर्धारण गरिएको छ। जसमा २ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

स्वस्थ इन्द्रियको पतन

यसमा एउटा लक्षण स्वस्थ इन्द्रियको पतन भएको आधारमा (श्लो. सं. १०१) मृत्युसमय निर्धारण गरिएको छ। जसमा ३ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

वीर्य र पिसाबको रस र रङ्गमा विकार

यसमा एउटा लक्षण वीर्य र पिसाबको अम्लीयपना र रूपको नीलोपनामा विकार आएको आधारमा (श्लो. सं. १०७) मृत्युसमय निर्धारण गरिएको छ। जसमा ६ महिनामा मृत्यु हुने छ भनी उल्लेख गरिएको छ।

अण्डकोषमा विकार

यसमा एउटा लक्षण अण्डकोषको गोलोपना नष्ट भएको आधारमा (श्लो. सं. १०२) मृत्युसमय निर्धारण गरिएको छ। जसमा १ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

सम्पूर्ण शरीर नै गल्नु

यसमा एउटा लक्षण सम्पूर्ण शरीर नै गलेको आधारमा (श्लो. सं. १०५) मृत्युसमय निर्धारण गरिएको छ। जसमा १ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

निधारका रेखाहरूको नाश

यसमा एउटा लक्षण निधारका तीन रेखाहरूको नाश भएको आधारमा (श्लो. सं. १०५) मृत्युसमय निर्धारण गरिएको छ। जसमा ५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

स्वरमा विकार

यसमा एउटा लक्षण अकस्मात् घाँटीको सफा स्वरमा विकार आएको आधारमा (श्लो. सं. ५०) मृत्युसमय निर्धारण गरिएको छ। जसमा १५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

हाच्छिउँ आउँदा

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। यौन सम्पर्क गर्दै गर्दा जतिपटक हाच्छिउँ आउँछ त्यतिनै महिना भित्रमा (श्लो. सं. ३६) मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

कानमा घण्टीको आवाज गुञ्जिनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। यौन सम्पर्कको समयमा कानमा घण्टीको आवाज गुञ्जिएमा (श्लो. सं. ४१) ३ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

वीर्यको रङ्गमा परिवर्तन

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। शुक्लप्रतिपदामा वीर्यको रङ्गमा परिवर्तन भई कालो भएमा रगतको रोगको कारण (श्लो. सं. ४२) ६ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

आफ्नै अङ्ग नदेखेमा

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। जिब्रोको टुप्पो नदेखिएमा (श्लो. सं. ३३) ३ दिनमै मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

शरीर एक्कासि धेरै मोटो भएमा

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। ग्रन्थमा श्लोक यसप्रकार छ –

अकस्माज्जायते स्थूलं कृशः कुंहो भयाकुलः।
यस्तस्य मृत्युर्वर्षेण यदि धर्मन्न सेवते।। ५४।।

दुब्लो पातलो शरीर अचानक घैलाजस्तो डरलाग्दो मोटो भएमा १ वर्षमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

इन्द्रियमा विकार

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। अचानक इन्द्रियले विषय ग्रहण गर्न नसकेमा (श्लो. सं. ५५) १ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

बारम्बार बरबराउनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। बारम्बार बरबराएमा (श्लो. सं. ५६) १ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

शत्रु चराहरूको एकता

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। हाँस, काग र मयुरलाई एकैठाउँ मिलेर बसेको देखेमा (श्लो. सं. ५८) १ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

बारम्बार काँप्नु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। बारम्बार काँपेमा (श्लो. सं. ६०) १ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

बारम्बार बरबराउनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। बारम्बार बरबराएमा (श्लो. सं. ५६) १ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

बारम्बार मुर्छा पर्नु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। बारम्बार मुर्छा परेमा (श्लो. सं. ६०) १ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

पिसाब दिसाको रङमा परिवर्तन

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। ग्रन्थमा श्लोक यसप्रकार छ –

छर्दि मूत्रं पुरीषं च सुवर्णरजतप्रभम्।

पश्येत् एकैकतस्तस्य मृत्युर्मासावधेर्भवेत्।। ६१।।

पिसाब सुन जस्तो रातो र दिसा चाँदी जस्तै सेतो भएमा (श्लो. सं. ६१) १ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

शरीरमा प्वालहरू देखिनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। घाँटी तालु र जिब्रो तथा शरीरमा प्वालहरू देखिएमा (श्लो. सं. ६२) ६ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

शरीरका विभिन्न अङ्ग सुनिनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। घाँटी, ओठ, तालु, जिब्रो र दाँत भिन्नाभिन्नै सुनिएर अत्यधिक दुखेमा (श्लो. सं. ६३) ६ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

नक्षत्रको छायाँ दर्शन

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। रातमा अचानक अरुन्धति रोहिणी र ध्रुव ताराहरूको नक्षत्रको छायाँ पथ देखिएमा (श्लो. सं. ६५) ६ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

अधिक हिक्क हिक्क आएमा

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। नाभिमा बारम्बार हिक्क हिक्क आएमा (श्लो. सं. ६८) ४५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

अधिक पाद आएमा

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। बारम्बार गुदाद्वारबाट पाद आएमा (श्लो. सं. ६८) ४५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

शरीरमा दाग देखिनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। शरीरमा विभिन्न दागहरू देखिएमा (श्लो. सं. ६८) ४५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

शरीरमा रङ्गहरू देखिनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। शरीरमा विभिन्न रङ्गहरू देखिएमा (श्लो. सं. ६८) ४५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

हृदयमा कुण्ठा

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। हृदयमा कुण्ठा भएमा (श्लो. सं. ६९) ४५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

तालु काँप्नु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। आँसुसहित तालु काँपेमा (श्लो. सं. ६९) ४५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

आँसु तातो हुनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। देब्रे आँखाको आँसु सूर्यजस्तै तातो भएमा (श्लो. सं. ६९) ४५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

आँसु चिसो हुनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। दाहिने आँखाको आँसु हिउँजस्तै चिसो भएमा (श्लो. सं. ६९) ४५ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

मलमूत्रको एकसाथ निष्कासन

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। पिसाब, वीर्य र दिसा एकै समयमा आएमा (श्लो. सं. ७१) १ वर्षमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

शरीरको न्यानोपनामा विकार

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। शरीर आधा चिसो र आधा तातो भएमा (श्लो. सं. ७२) ७ रातपछि मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

औँलामा कालो रेखा देखिनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। साहिँली औलाको मूलमा कालो रेखा देखिएमा (श्लो. सं. ७४) १८ दिनमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

निधारमा माउसुली चढ्नु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। निधारमा माउसुली चढेमा (श्लो. सं. ७५) ५ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

हिलो वा धुलोमा खुट्टा पर्नाले

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। हिलोमा वा धुलोमा खुट्टाको अगाडि वा पछाडिको केही भाग डुबेमा (श्लो. सं. ७८) ४ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

अनौठो मान्छे देखिएमा

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। अचानक कालो र पहेंलो रङ्ग भएको मान्छे देखा परेमा(श्लो. सं. ७९) ३ वर्षमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

मुटु र खुट्टा सुनिएर रगत बग्नु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। मुटु र खुट्टा सुनिएर रगत पनि बगेमा (श्लो. सं. ८०) २ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

शरीर विकृत भएर दुर्गन्धित हुनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। शरीर विकृत भएर दुर्गन्धित भएमा (श्लो. सं. ८०) ३ रात पछि मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

धेरै सर्पहरू एकैठाउँ देखिनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। धेरै सर्पहरू एकैठाउँ गुजुल्टिएर बसेको देखिएमा (श्लो. सं. ८५) ६ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

चन्द्रमाको प्रकाशमा सेतो रूपको छायाँमा टाउको नदेखिनु

यसमा एउटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। बिहान वा साँझमा, चन्द्रमाको

प्रकाशमा, बाराम्बार लामो समयसम्म मानिसको सेतो रूपको छायाँमा टाउको नदेखिएमा **(श्लो. सं. ८७)** ६ महिनामा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

जनै

यसमा दुइटा लक्षणको आधारमा मृत्युसमय निर्धारण गरिएको छ। ग्रन्थमा श्लोक यसप्रकार छ –

युगपन्निर्गमो बाहुजङ्घयोर्यस्य गच्छतः ।
विनाशो ब्रह्मसूत्रस्य मृत्युस्तस्यैकवर्षतः।। ७७।।

हात र घुँडाबाट एकैसाथ जनै निस्केमा तथा जनै चुँडिएमा पनि (श्लो. सं. ७७) १ वर्षमा मृत्यु हुने छ भनी वर्णन गरिएको छ।

निष्कर्ष

मृत्युवञ्चनोपदेश ग्रन्थको प्रथम परिच्छेदमा वर्णित मृत्युसमय निर्धारक तत्त्वहरूको अध्ययनले निम्नलिखित निष्कर्षहरू प्राप्त हुन्छ। ग्रन्थले मृत्युका लक्षणहरूको अत्यन्त विस्तृत र सूक्ष्म विवरण प्रस्तुत गर्दछ। जसअनुसार मानिसको शरीर, इन्द्रिय, सपना, दृष्टिभ्रम, छायाँ, स्वर, र त्यहाँसम्म कि पिसाब र वीर्यको रङ्ग र स्वभावसम्म पनि मृत्युको सूचक हुन सक्छ। यी सयौं लक्षणहरूलाई मुख्य रूपमा (क) सपनासम्बन्धी (२६ लक्षण), (ख) दृष्टिभ्रमसम्बन्धी (२१ लक्षण), (ग) शारीरिक वेदनासम्बन्धी (१६ लक्षण), (घ) आँखा, कान, नाक, नाडी, जिब्रो, घाँटी आदि इन्द्रिय विकारसम्बन्धी, र (ङ) शारीरिक छायाँमा आएको विकारसम्बन्धी जस्ता प्रमुख श्रेणीहरूमा विभाजन गर्न सकिन्छ। लक्षणहरूको आधारमा मृत्युको समय तत्कालै (३ लक्षण) देखि लिएर ५ वर्ष (२ लक्षण) सम्म लामो अवधिको निर्धारण गरिएको छ। बीचमा १ दिन, २ दिन, ३ दिन, ७ दिन, १५ दिन, १८ दिन, १ महिना, ४५ दिन, २/३/४/५ महिना, ६ महिना, १ वर्ष, २ वर्ष, ३ वर्ष, ४ वर्ष र ५ वर्ष जस्ता विभिन्न समयावधिहरू उल्लेख छन्। ग्रन्थले मृत्युलाई एक नियतिबद्ध घटनामात्र होइन, एउटा यस्तो प्रक्रिया को रूपमा प्रस्तुत गर्दछ जसलाई सचेत रूपमा पहिचान गरी विजय पनि गर्न सकिन्छ। यसले बौद्ध वज्रयानको तान्त्रिक साधनाको व्यावहारिक पक्षलाई उजागर गर्दछ। श्लोक सङ्ख्या ७८ मा "हिलोमा वा धुलोमा खुट्टाको अगाडि वा पछाडिको केही भाग डुबेमा ४ महिनामा मृत्यु हुने छ" भनी गरिएको वर्णन अतिरञ्जनापूर्ण छ। संसारको जुनसुकै ठाउँमा पनि वर्षा ऋतुमा हिलोमा खुट्टा डुब्नु सामान्य घटना हो साथै श्लोक सङ्ख्या ७७ मा "जनै चुडिँदा वा झर्दा एक वर्षभित्र मृत्यु हुन्छ" भन्ने वर्णनले ग्रन्थको रचनाकालीन सामाजिक-सांस्कृतिक परिवेशलाई इङ्गित गर्दछ, जहाँ बौद्ध भिक्षुहरूमा प्रचलित नभए पनि सामान्य समाजमा हिन्दू संस्कारको प्रभाव रहेको अनुमान गर्न सकिन्छ। बौद्ध ग्रन्थमा यस्तो उल्लेख हुनु एक विरोधाभासी तथ्य हो। अन्त्यमा, मृत्युवञ्चनोपदेशको प्रथम परिच्छेद मृत्युविज्ञान सम्बन्धी प्राचीन ज्ञानको एक अद्वितीय र महत्त्वपूर्ण ग्रन्थ हो। यसको थप गहन अध्ययन, सम्पादन र प्रकाशनले नेपाली बौद्ध दर्शन, आयुर्वेद, र ज्योतिषशास्त्रको इतिहासमा महत्त्वपूर्ण योगदान दिन सक्ने छ।

सन्दर्भसूची

दाहाल, निरज. (२०८०-२०८२). *मृत्युवञ्चनोपदेश पाण्डुलिपिको सम्पादन तथा नेपाली र अङ्ग्रेजी भाषामा रूपान्तरण* (SRDIG-78/79-H&S-05). [अनुदान]. सानोठिमी : विश्वविद्यालय अनुदान आयोग नेपाल।

नेगी, ठाकुरसेन. (सन् २००६). पञ्चरक्षा देवीयोँ के विविध स्वरूप. *धीः*, अङ्क ४२, पृ. १-१४।

भटाचार्य, वेनयतोष (सम्पा.). (सन् १९२५).*साधनामाला भाग १.* बरोदा : सेन्ट्रल लाइब्रेरी बरोदा भारत।

मृत्युवञ्चनोपदेश (पाण्डुलिपि), राष्ट्रिय अभिलेखालय, लगतसङ्ख्या ५–२८८, विषयसङ्ख्या ११०, रिल नं. बि–९०/१२।

लाल, बनारसी. (सन् १९९८). बौद्ध तन्त्र साहित्य का वर्गीकरण. *धीः*. ५, पृ. ६३-८२।

लाल, बनारसी. (सन् १९९३). महापण्डित वागीश्वरकीर् एवं उनकी रचनायें. *धीः*, १६, पृ. ७७-८४।

शाक्य,मीन बहादुर (सम्पा.). (सन् २००४).*पञ्चरक्षा सूत्र*, पाटन : नागार्जुन बौद्ध अध्ययन संस्थान ।

कक्षा दशमा अध्ययनरत विद्यार्थीको भाषा सिकाइ उपलब्धिको परीक्षण

सुनिता तामाङ[*]
lamasunita1045@gmail.com

लेखसार

प्रस्तुत अध्ययन कक्षा दशमा अध्ययनरत विद्यार्थीको भाषा सिकाइ उपलब्धिको परीक्षणमा अधारित रहेको छ। यस अध्ययनमा कक्षा दशमा अध्ययनरत विद्यार्थीको भाषा सिकाइमा पठनबोध, शब्दभण्डार, वाक्यनिर्माण, वर्णविन्यास, पदवर्ग पहिचान र वाक्य परिवर्तनमा भाषिक क्षमताको विश्लेषण गर्ने उद्देश्य लिइएको छ। यस अध्ययनमा सम्भावनायुक्त नमुना छनोटको चिठ्ठा पद्धतिबाट चारवटा विद्यालय र प्रत्येक विद्यालयबाट ४९ जना विद्यार्थीलाई नमुनाको रूपमा लिई जम्मा १९६ जना विद्यार्थीबाट तथ्याङ्क सङ्कलन गरिएको छ। यसमा आश्रित चरका रूपमा पठनबोध, शब्दभण्डार, वाक्यनिर्माण, वर्णविन्यास, पदवर्ग पहिचान र वाक्य परिवर्तन रहेका छन्। यसमा टी परीक्षणद्वारा तथ्याङ्कहरूको तुलनात्मक अध्ययन र विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनका आधारमा कक्षा दशमा अध्ययनरत विद्यार्थीको पठनबोध, वाक्यनिर्माण र अन्य क्षमतामा लिङ्ग र धर्मका आधारमा कुनै महत्त्वपूर्ण भिन्नता नदेखिएको, वर्णविन्यास र शब्दभण्डार क्षमतामा धर्मका आधारमा भिन्न देखिएको, सधैँ विद्यालय आउने विद्यार्थीहरूको पठनबोध र पदवर्ग पहिचान क्षमता उच्च रहेको, धर्म र लिङ्ग दुवैका आधारमा कुल प्राप्ताङ्कमा कुनै भिन्नता नदेखिएको निष्कर्ष निकालिएको छ। यस अध्ययनबाट विद्यालय तहमा अध्ययनरत विद्यार्थीको भाषा सिकाइ उपलब्धिबारे जानकारी लिन चाहने तथा यस किसिमको अध्ययनमा रुचि राख्ने सबैलाई आवश्यकीय सहयोग पुग्ने अपेक्षा गरिएको छ।

शब्दकुञ्जी : पठनबोध, भाषा सिकाइ, भाषिक क्षमता, विद्यालय नियमितता, शब्दभण्डार।

---

* लेखक त्रिभुवन विश्वविद्यालयअन्तर्गत ग्राजुएट स्कुल अफ एजुकेसनमा शिक्षार्थी हुनुहुन्छ।

विषय परिचय

भाषा सिकाइ भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपहरूको सिकाइ हो। यसले भाषाका सिकारूमा भाषिक सिपहरूको विकास गर्दछ। भाषा सिकाइमा विषयवस्तुलाई भाषिक सिपहरूको सिकाइ गर्नका लागि उपयोग गरिन्छ। यसमा विषयवस्तु गौण हुन्छ भन्ने भाषिक सिप प्रमुख हुन्छ। खनिया (२०७५) का अनुसार "यसमा विषयवस्तु साधन र भाषिक सिप साध्य वस्तुको रूपमा आउँदछन्" (पृ. २)। भाषा सिकाइ भाषिक सिपहरूको सिकाइ हो। भाषा सिकाइ विषयवस्तुको सिकाइ नभएर विषयवस्तु व्यक्त गर्ने वा बुझ्ने सिपको सिकाइ हो (पौडेल, २०७०)। भाषा सिकाइका क्रममा भाषा संरचना, व्याकरणिक विषय हिज्जे तथा शब्दभण्डार जस्ता विषय अभिन्न अङ्गका रूपमा रहन्छन। लामिछाने (२०६९) का अनुसार "भाषाशिक्षणका सन्दर्भमा भाषिक सिपमा विद्यार्थीहरूलाई कसरी सक्षम बनाउने भन्ने सोचाइ रहन्छ भने अन्य विषयको शिक्षणमा विषयवस्तुको प्रस्तुतिमा बढी ध्यान दिइन्छ" (पृ.१)। भाषा सदैव सन्दर्भमा मात्र सार्थक हुने र सन्दर्भ रचना पाठ वा सङ्कथनबाट मात्र प्रस्तुत हुने हुँदा उपयुक्त किसिमका भाषिक संरचनालाई स्वतन्त्र रूपमा नभई पाठ वा रचनाका आधारमा शिक्षण र सोही आधारमा मूल्याङ्कन गर्नु पर्दछ (माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८, पृ. ३४)। रचनात्मक, सिर्जनात्मक र आलोचनात्मक भाषा सिकाइ गर्नु वैज्ञानिक र व्यावहारिक मानिन्छ। मुख्य रूपमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार वटै बोधाभिव्यक्तिमूलक सिपहरूलाई केन्द्रमा राखेर भाषा सिकाइ प्रक्रियालाई अगाडि बढाउन पर्दछ (भट्ट र पोखरेल, सन् २०२३)। यसरी भाषा सिकाइ गर्दा कसरी, कुन ढङ्गबाट विद्यार्थीलाई अपेक्षित कुशलता हासिल गराउन सकिन्छ भन्ने तर्फ लाग्नु नै महत्त्वपूर्ण पक्ष हो।

भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार वटै सिपलाई एककालिक ढाँचामा सिक्न सक्ने गरी माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ अन्तर्गतको नेपाली भाषाको पाठ्यक्रममा समावेश गरिएको पाइन्छ। यो पाठ्यक्रम परिष्कृत, परिमार्जित र परिवर्तित पाठ्यक्रम हो। यो पाठ्यक्रम भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपगत सक्षमतामा आधारित छन्। नेपाली भाषाको पाठ्यक्रममा उक्त सिप विकास गर्न विविध विधागत पाठहरू समावेश गरिएको छ। सिकारुमा विधागत पाठकहरूले बोध र अभिव्यक्तिका साथै भाषा संरचना र त्यसको प्रयोगसम्बन्धी धारणा अभिवृद्धि गर्न सहयोग पुयाउने ठानिएको छ। विभिन्न पृष्ठभूमिका विद्यार्थीहरूलाई स्तरीय नेपाली भाषा प्रयोगप्रति अभिप्रेरित गराउने लक्ष्य राखिएको पाइन्छ। यसैगरी भाषा संरचनालाई पाठका आधारमा शिक्षण र मूल्याङ्कन गर्नु पर्ने विषयमा जोड दिएको छ। नेपाली भाषा पाठ्यक्रमले सिकारुको भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषयको पठनपाठनको माध्यमलाई मद्दत पुयाउने पनि ठानिएको छ। माध्यमिक तह (कक्षा १०) का सिकारुमा भाषिक सीपको साथै संरचनागत तत्त्वको ज्ञान, पहिचान र प्रयोग गर्न सक्ने क्षमता विकास गराउन सके भाषा सिकाइका अपेक्षित उद्देश्य हासिल गर्न सहज हुन्छ।

भाषा सिकाइलाई सिपहरूको अभ्यास गर्ने शैक्षणिक भाषिक क्रियाकलापका रूपमा चिनिन्छ। भाषा सिकाइ क्षमता र भाषा संरचना क्षमतासँग सम्बन्धित रहेर प्रस्तुत अध्ययन पूर्व केही सैद्धान्तिक र प्रायोगिक

कार्यहरू सम्पन्न भएका छन्। शर्मा (२०७१) द्वारा प्रज्ञा नेपाली सन्दर्भ व्याकरण नामक पुस्तक प्रकाशन गरिएको छ। उक्त पुस्तकमा शब्दभण्डार तथा भाषा संरचना अन्तर्गत शब्दवर्ग, काल, पक्ष, भाव, वाच्य, कारक र विभक्ति सङ्गति लगायतका व्याकरणिक पक्षबारे सोदाहरण चर्चा गरिएको छ। यसैगरी चौलागाइँ (२०७७) द्वारा प्रज्ञा नेपाली शैक्षणिक व्याकरण नामक पुस्तक प्रकाशन गरिएको छ। प्रयोगात्मक प्रकृतिको यस व्याकरणमा काल र पक्ष, भाव, वाच्य, अकरणको ज्ञान तथा पदसङ्गति अन्तर्गत लिङ्गसङ्गति, वचनसङ्गति, पुरुष र आदससङ्गतिलाई प्रयोगात्मक विधि अनुरूप चिनाउन खोजिएको छ। अधिकारी (२०७६) द्वारा समसामयिक नेपाली व्याकरण नामक पुस्तक प्रकाशन गरिएको छ। यसमा शब्दवर्ग, सङ्गति शीर्षक अन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर र काल, पक्ष र भाव, वाच्य, करण, अकरणको चर्चा गरिएको छ। प्रायोगिक कार्य अन्तर्गत भट्ट र पोखरेल (सन् २०१३) द्वारा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ उपलब्धि परीक्षण शीर्षक लेख प्रकाशन गरिएको छ। यस लेखमा भाषा संरचना अन्तर्गत पठनबोध, शब्दभण्डार, पदवर्ग, वाक्य रचना, वर्णविन्यास र सङ्गतिलाई प्रयोगात्मक विधि अनुरूप चिनाउन खोजिएको छ। त्रिभुवन विश्वविद्यालय लगायत त्यस अन्तर्गतका केही शिक्षण संस्थाहरूमा सोपाधिक अनुसन्धान प्रयोजनार्थ भाषा सिकाइ उपलब्धिसम्बन्धी केही अनुसन्धानहरू भएका भेटिन्छन् तर कक्षा दशमा अध्ययनरत विद्यार्थीको भाषा सिकाइ उपलब्धिको परीक्षणसम्बन्धी अध्ययन भएको पाइँदैन। यसै शोधअन्तरालमा रहेर विद्यार्थीहरूको पठनबोध र शब्दभण्डार क्षमता, वाक्य रचना र वर्णविन्यास क्षमता रे पदवर्ग पहिचान र वाक्य परिवर्तन क्षमता के कस्तो रहेको छ भन्ने शोधसमस्या कायम गरिएको छ साथै कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ क्षमता परीक्षण गर्नु यस शोधलेखको उद्देश्य रहेको छ।

यस अनुसन्धान स्तरीकृत प्रश्नावलीको परिक्षण गरी भाषा सिकाइ उपलब्धिको पहिचान गर्नुमा केन्द्रित रहेको छ। यो अध्ययन परिणात्मक ढाँचा र निगमन विधिमा सीमित रहेको छ। यस अनुसन्धान लेखलाई ४ वटा विद्यालयका कूल १९६ जना विद्यार्थीमा सीमित गरिएको छ। यस अध्ययनलाई पठनबोध, शब्दभण्डार, पदवर्ग, वाक्य रचना, वर्णविन्यास र वाक्य परिर्वतन शीर्षकमा विद्यार्थीहरूको भाषा सिकाइ क्षमताको पहिचानमा परिसीमित गरिएको छ।

अध्ययन विधि

जनसङ्ख्या र नमुना छनोट

यो अनुसन्धान परिणात्मक ढाँचामा आधारित छ। यसमा सर्वेक्षण अन्तर्गतको समतलीय विधिको प्रयोग गरी अनुसन्धानलाई अगाडि बढाएको छ। यो अनुसान्धन विद्यार्थीको भाषा सिकाइ उपलब्धि परीक्षण गर्ने मुख्य उद्देश्यमा केन्द्रित रहेको छ। काभ्रे जिल्ला, धुलिखेल नगरपालिकाको सामुदायिक विद्यालयका कक्षा १० मा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई जनसङ्ख्या मानिएको छ। जनसंख्या यकिन नभएकोले नमुना छनोटको आकार निर्धारण गर्न n=Z^2PQ/E^2 को सूत्रका आधारमा १९६ जना विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरिएको छ। यस सूत्रमा Z=१.९६, नमुना त्रुटि P=०.७, Q=१–P र E=०.०५ मान उल्लेख गरिएको छ। सम्भावनायुक्त नमुना छनोटको चिठ्ठा पद्धतिबाट चारवटा विद्यालय र प्रत्येक विद्यालयबाट

४९ जना विद्यार्थीलाई नमुनाको रूपमा लिइ जम्मा १९६ जना विद्यार्थीमा तथ्याङ्क सङ्कलन गरिएको छ।

स्वतन्त्र चर

यस अनुसन्धानमा जनसांख्यिकीय, सामाजिक, आर्थिक र सांस्कृतिक चरहरू स्वतन्त्र चरको रुपमा प्रयोग गरिएको छ। जसमा, लिङ्ग, उमेर, धर्म, जात, जन्मस्थान, विद्यालय नियमित, घरमा सिकाइ वातावरण, विद्यालयबाहेक दैनिक पढाइमा बिताउने समय, अतिरिक्त क्रियाकलापमा सहभागी, मातृभाषा, आमाको पेसा र इन्टरनेटमा बिताउने समय रहेको छ। यस अनुसन्धानमा उमेरलाई १५ वर्ष मुनि, १५ वर्ष, १६ वर्ष र १६ वर्षमाथिका गरी चारवटा उमेर समूह बनाएको छ।

आश्रित चर

यस अनुसन्धानमा विद्यार्थीको भाषा सिकाइ उपलब्धि परीक्षण गर्न पठनबोध, शब्दभण्डार, वाक्य रचना, वर्णविन्यास, पदवर्ग पहिचान र वाक्य परिवर्तन सम्बन्धी १५ अङ्कको आश्रित चर (Dependent variable) उल्लेख गरी तथ्याङ्क संकलन गरिएको छ। यसमा सबै आश्रित चर continuous scale मा रहेको छ।

व्याख्या–विश्लेषण

यस अनुसन्धान कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ उपलब्धि परीक्षणमा मात्र सीमित छ। यसमा पहिलो तालिकाको रूपमा पृष्ठभूमिगत विशेषताहरूको विवरण प्रतिशतमा उल्लेख गरिएको छ। दोस्रो र तेस्रो तालिकामा चरहरूको औसत (Mean) निकालिएको छ। साथै, T–test र ANOVA विश्लेषणद्वारा तथ्याङ्कहरूको तुलना गरी लिङ्ग, धर्म र विद्यालय नियमितताका आधारमा विभिन्न क्षमताहरूको भिन्नतालाई परीक्षण गरिएको छ।

नतिजा

यस अध्ययनबाट प्राप्त तथ्याङ्कलाई विद्यार्थीको पृष्ठभूमिगत विशेषताहरू र विद्यार्थीको पठनबोध, शब्दभण्डार, पदवर्ग पहिचान, वाक्य परिवर्तन, वाक्य रचना र वर्णविन्यास क्षमताहरूको सहसम्बन्धहरू विश्लेषण गरिएको छ। प्राप्त तथ्याङ्कलाई परिणात्मक तथ्याङ्क विश्लेषण पद्धतिको अवलम्बन गरी विश्लेषण गरिएको छ।

विद्यार्थीको पृष्ठभूमिगत विशेषता

यस अनुसन्धानमा फरक लिङ्ग, जाति, धर्म इत्यादिका आधारमा विद्यार्थीको सहभागिता रहेको पाइन्छ। विद्यार्थीको पृष्ठभूमिगत विशेषतालाई तल तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

तालिका १

विद्यार्थीहरूको पृष्ठभूमिगत विशेषताहरू

विशेषता		प्रतिशत	सङ्ख्या
लिङ्ग	पुरुष	४६.९	९२

	महिला	५३.१	१०४
उमेर समूह	१५ वर्ष मुनिका	१४.३	२८
	१५ वर्ष	२९.७	५८
	१६ वर्ष	३९.८	७८
	१६ वर्ष माथिका	१६.३	३२
जातजाति	जनजाति	३४.७	६८
	ब्राह्मण/क्षेत्री	३९.८	७८
	दलित	१७.९	३५
	मधेशी	७.७	१५
जन्मस्थान	काभ्रे	८६.२	१६९
	सर्लाही	४.१	८
	बारा	३.१	६
	गोरखा	६.६	१३
धर्म	हिन्दू	६६.८	१३१
	बौद्ध	११.७	२३
	मुसलमान	१०.७	२१
	क्रिस्चियन	१०.७	२१
विद्यालय नियमित	सधैँ	५८.७	११५
	धेरै जसो	३१.१	६१
	कहिलेकाहीँ	१०.२	२०
घरबाट सिकाइ	पाउँछु	५०.५	९९
	पाउदिनँ	४९.५	९७
विद्यालयबाहेक औषत पढाइ	१ देखि ५ घण्टासम्म	६२.२	१२२
	५ घण्टाभन्दा बढी	३७.८	७४
अतिरिक्त क्रियाकलापमा सहभागी	हुन्छु	६२.८	१२३
	हुदैन्	३७.२	७३
मातृभाषा	तामाङ	१०.७	२१
	नेपाली	६१.७	१२१

	नेवारी	७.१	१४
	मैथिली	५.६	११
	गुरुङ	५.१	१०
	मगर	६.१	१२
	ताजापुरीया	२.६	५
	संस्कृत	१.०	२
आमाको पेसा	कृषि	२२.४	४४
	रोजगारी	१६.८	३३
	घरको व्यवस्थापन	३७.८	७४
	व्यापार	१२.८	२५
	मजदुरी	१०.२	२०
इन्टरनेटमा बिताउने समय	२ घण्टासम्म	५६.१	११०
	२ घण्टाभन्दा बढी	४३.९	८६

यो अध्ययनले सहभागी विद्यार्थीहरूको पृष्ठभूमिगत विविधतालाई प्रस्तुत गर्दछ। सहभागीमध्ये महिलाको संख्या करिब आधाभन्दा बढी (५३.१%) र पुरुषहरूको संख्या करिब आधा (४६.९%) छ। उमेरका आधारमा १६ वर्षका विद्यार्थीहरू करिब दुई पञ्चमांश (३९.८%), १५ वर्षका विद्यार्थीहरू करिब एक चौथाइभन्दा बढी (२९.७%), १६ वर्षभन्दा माथिका विद्यार्थीहरू करिब एक छठौं (१६.३%) र १५ वर्ष मुनिका करिब एक सातौं (१४.३%) छन्। ब्राह्मण/क्षेत्री विद्यार्थीहरू करिब दुई पञ्चमांश (३९.८%), जनजाति करिब एक तिहाइ (३४.७%) र दलित करिब एक पाउने (१७.९%) र मधेशी करिब एक दसौं (७.७%) मात्र छ।

जन्मस्थानका आधारमा करिब तीन चौथाइभन्दा बढी (८६.२%) विद्यार्थी काभ्रे जिल्लाका छन् भन्ने सर्लाही, बारा र गोरखाबाट संयुक्त रूपमा करिब एक सातौं (१३.८%) मात्र सहभागी छन्। हिन्दू विद्यार्थीहरूको संख्या करिब दुई तिहाइ (६६.८%) छ, जबकि बौद्ध, मुसलमान र क्रिस्चियन धर्मावलम्बी विद्यार्थीहरूको संयुक्त संख्या करिब एक तिहाइ (३३.२%) छ। विद्यालय नियमिततामा करिब तीन चौथाइ (५८.७%) विद्यार्थीहरू सधैँ विद्यालय आउँछन्, एक तिहाइ (३१.१%) विद्यार्थीहरू धेरैजसो र करिब एक दसौं (१०.२%) विद्यार्थी मात्र कहिलेकाहीँ आउँछन्।

घरबाट सिकाइ सहयोग पाउने विद्यार्थीहरूको संख्या करिब आधा (५०.५%) र बाँकी आधाले (४९.५%) सहयोग पाउँदैनन्। विद्यालयबाहेक दैनिक औसत पढाइमा करिब दुई तिहाइ (६२.२%) विद्यार्थीहरू १ देखि ५ घण्टा अध्ययन गर्छन् र एक तिहाइ (३७.८%) विद्यार्थीहरूले ५ घण्टाभन्दा बढी अध्ययन गर्छन्। अतिरिक्त क्रियाकलापमा करिब तीन चौथाइ (६२.८%) विद्यार्थीहरू सहभागी हुन्छन्, जबकि एक तिहाइ

(३७.२%) सहभागी हुँदैनन्।

मातृभाषाका आधारमा करिब तीन पञ्चमांश (६१.७%) विद्यार्थीहरूको मातृभाषा नेपाली हो। अन्य मातृभाषा, जस्तै तामाङ, नेवारी, मैथिली, गुरुङ, मगर, ताजापुरीया र संस्कृत भाषी विद्यार्थीहरूको संख्या संयुक्त रूपमा करिब दुई पञ्चमांश (३८.३%) मात्र छ। आमाको पेसामा एक तिहाइ (३७.८%) आमाहरू घर व्यवस्थापनमा र बाँकी आमाहरू कृषि (२२.४%), रोजगारी (१६.८%), व्यापार (१२.८%) र मजदुरी (१०.२%) जस्ता कार्यमा संलग्न छन्। दैनिक इन्टरनेट प्रयोगमा करिब आधाभन्दा बढी (५६.१%) विद्यार्थीहरूले २ घण्टासम्म र आधाभन्दा कम (४३.९%) विद्यार्थीहरूले २ घण्टाभन्दा बढी समय इन्टरनेटमा बिताउँछन्।

तालिका २

लिङ्ग र धर्मको आधारमा पठनबोध क्षमता, वाक्य निर्माण क्षमता, वर्ण विन्यास क्षमता, शब्दभण्डार क्षमता, पदवर्ग पहिचान क्षमता, वाक्य परिवर्तन क्षमताको औसत र T–test को सहसम्बन्ध

	लिङ्ग			धर्म		
चर (Variables)	औसत (पुरुष)	औसत (महिला)	टी टेस्ट (p–value)	औसत (हिन्दू)	औसत (अन्य)	टी टेस्ट (p–value)
पठनबोध क्षमता	१.८३	१.७९	०.४७	१.८	१.८२	०.७५
वाक्य निर्माण क्षमता	१.६७	१.६१	०.३९	१.६३	१.६६	०.७५
वर्ण विन्यास क्षमता	१.३४	१.३७	०.७४	१.२७	१.५१	०.००३८
शब्दभण्डार क्षमता	१.३९	१.३९	०.९८	१.३४	१.५	०.०४४८
पदवर्ग पहिचान क्षमता	१.९७	१.८७	०.२९	१.९८	१.७७	०.०३७८
वाक्य परिवर्तन क्षमता	२.४१	२.११	०.०३८	२.३	२.१७	०.३७
कुल प्राप्ताङ्क	१०.४८	१०.०४	०.१३२	१०.१८	१०.३८	०.५१

माथिको तालिकामा पठनबोध क्षमतामा पुरुषको औसत १.८३ र महिलाको १.७९ औसत रहेको छ, जसको p–value ०.४७ छ। यसले लिङ्गको आधारमा पठनबोध क्षमतामा कुनै तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता नभएको देखाउँछ। धर्मको आधारमा हिन्दू धर्मको औसत १.८० र अन्य धर्मको औसत १.८२ रहेको छ, जसको p–value ०.७५ छ। यसले पनि धर्मको आधारमा पठनबोध क्षमतामा पनि कुनै तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता नभएको देखाउँछ।

वाक्य निर्माण क्षमतामा पुरुषको औसत १.६७ र महिलाको औसत १.५१ रहेको छ, जसको p–value ०.३९ छ। हिन्दू धर्मको औसत १.६३ र अन्य धर्मको औसत १.६६ छ, जसको p–value ०.७५ छ। यी दुबै लिङ्ग र धर्ममा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता छैन।

वर्ण विन्यास क्षमतामा हिन्दू धर्मको औसत १.२७ र अन्य धर्मको औसत १.५१ रहेको छ, जसको

p–value ०.००३ छ। यसले धर्मको आधारमा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखाउँछ। तर लिङ्गको आधारमा पुरुषको १.३४ र महिलाको १.३७ औसत रहेको छ, जसको p–value ०.७४ छ र कुनै तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखिँदैन।

शब्दभण्डार क्षमतामा हिन्दू धर्मको औसत १.३४ र अन्य धर्मको औसत १.५० रहेको छ, जसको p–value ०.०४४ छ। यसले धर्मको आधारमा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखाउँछ। तर लिङ्गको आधारमा p–value ०.९८ हुँदा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखिँदैन।

पदवर्ग पहिचान क्षमतामा हिन्दू धर्मको औसत १.९७ र अन्य धर्मको १.७७ रहेको छ, जसको p–value ०.०३७ छ। धर्मको आधारमा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखिन्छ। लिङ्गको आधारमा भने p–value ०.२९ छ, र तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखिँदैन्।

वाक्य परिवर्तन क्षमतामा पुरुषको औसत २.४१ र महिलाको औसत २.११ रहेको छ, जसको p–value ०.०३ छ। यसले लिङ्गको आधारमा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखाउँछ। तर हिन्दू र अन्य धर्मको p–value ०.३७ हुँदा धर्मको आधारमा कुनै तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता छैन।

लिङ्गको आधारमा पुरुषहरूको औसत कुल प्राप्ताङ्क १०.४८ र महिलाको औसत कुल प्राप्ताङ्क १०.०४ रहेको छ। यद्यपि पुरुषको औसत महिलाको भन्दा थोरै उच्च छ। T–Test विश्लेषणले p–value ०.१३२ देखाएको छ, जसले लिङ्गका आधारमा कुल प्राप्ताङ्कमा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता नभएको संकेत गर्दछ।

धर्मको आधारमा हिन्दू धर्मावलम्बीहरूको औसत कुल प्राप्ताङ्क १०.१८ र अन्य धर्मावलम्बीहरूको औसत कुल प्राप्ताङ्क १०.३८ रहेको छ। T–Test विश्लेषणले p–value ०.५१ देखाएको छ, जसले धर्मका आधारमा पनि कुल प्राप्ताङ्कमा कुनै तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता नभएको देखाउँछ।

यसले लिङ्ग र धर्म दुवैको केही विशेष क्षमताहरूमा प्रभाव पारेको देखाउँछ, जसले गर्दा यी कारकहरूको महत्त्वपूर्ण भूमिका रहेको अनुमान गर्न सकिन्छ।

तालिका ३

विद्यालय नियमिताको आधारमा पठनबोध क्षमता, वाक्य निर्माण क्षमता, वर्ण विन्यास क्षमता, शब्दभण्डार क्षमता, पदवर्ग पहिचान क्षमता, वाक्य परिवर्तन क्षमताको औसत र ANOVA को सहसम्बन्ध

विद्यालय नियमितताको आधार

चर (Variables)	औसत (सधैँ)	औसत (धेरैजसो)	औसत (कहिलेकाहीँ)	ANOVA (p–value)
पठनबोध क्षमता	१.८६	१.७८	१.६	०.०१२
वाक्य निर्माण क्षमता	१.६	१.६६	१.८५	०.०९५
वर्ण विन्यास क्षमता	१.२९	१.४७	१.३७	०.०९९

शब्दावली क्षमता	१.३९	१.४१	१.३५	०.९०४
पदवर्ग पहिचान क्षमता	२.०६	१.८१	१.४	०.०००
वाक्य परिवर्तन क्षमता	२.२९	२.२७	२.	०.४३
कुल प्राप्ताङ्क	१०.३७	१०.२४	९.५८	०.२८५

विद्यालय नियमितताको आधारमा विभिन्न क्षमताहरूको विश्लेषण गर्दा पठनबोध क्षमता र पदवर्ग पहिचान क्षमतामा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखिएको छ।

पठनबोध क्षमतामा सधैँ विद्यालय आउने विद्यार्थीहरूको औसत १.८६ धेरैजसो आउने विद्यार्थीहरूको औसत १.७८ र कहिलेकाहीँ आउने विद्यार्थीहरूको औसत १.६० छ। ANOVA विश्लेषणले p–value ०.०१२ देखाएको छ, जसले गर्दा विद्यालयमा नियमित आउने र कम आउने विद्यार्थीहरूको पठनबोध क्षमतामा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखिन्छ। यसले विद्यालयको नियमित उपस्थितिले पठनबोध क्षमतामा सकारात्मक प्रभाव पार्ने संकेत गर्दछ।

पदवर्ग पहिचान क्षमतामा सधैँ विद्यालय आउने विद्यार्थीहरूको औसत २.०६, धेरैजसो आउने विद्यार्थीहरूको औसत १.८१ र कहिलेकाहीँ आउने विद्यार्थीहरूको औसत १.४० छ। यहाँ पनि ANOVA विश्लेषणले p–value ०.००० देखाएको छ, जसले गर्दा विद्यालयमा नियमित आउने र कम आउने विद्यार्थीहरूको पदवर्ग पहिचान क्षमतामा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखिन्छ। विद्यालय नियमितताले पदवर्ग पहिचान क्षमतामा प्रत्यक्ष र गहिरो प्रभाव पार्ने प्रमाणित हुन्छ।

अन्य क्षमताहरूमा भने विद्यालय नियमितताको प्रभाव स्पष्ट रूपमा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखिएन। उदाहरणका लागि वाक्य निर्माण क्षमतामा p–value ०.०९५, वर्ण विन्यास क्षमतामा p–value ०.०९९, शब्दावली क्षमतामा p–value ०.९०४ र वाक्य परिवर्तन क्षमतामा p–value ०.४३८ देखिएको छ। यी क्षमताहरूमा विद्यालय नियमितता र औसत मूल्यबीचको तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता छैन।

विद्यालय नियमितताको प्रभाव विश्लेषण गर्दा 'सधैँ' विद्यालय आउने विद्यार्थीहरूको औसत कुल प्राप्ताङ्कमा १०.३७, 'धेरैजसो' विद्यालय आउनेहरूको औसत १०.२३ र 'कहिलेकाहीँ' आउनेहरूको औसत ९.५८ रहेको छ। यद्यपि "सधैँ" विद्यालय आउने विद्यार्थीहरूको औसत तुलनात्मक रूपमा उच्च छ। ANOVA विश्लेषणले p–value ०.२८५ देखाएको छ, जसले विद्यालय नियमितताको आधारमा कुल प्राप्ताङ्कमा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता नभएको पुष्टि गर्दछ।

यस अध्ययनले पठनबोध र पदवर्ग पहिचान क्षमतामा विद्यालय नियमितताको महत्त्वपूर्ण भूमिका रहेको देखाउँछ। यसका आधारमा विद्यार्थीहरूको सिकाइ क्षमता सुधार गर्न विद्यालय नियमिततालाई प्राथमिकता दिनु उपयुक्त देखिन्छ।

छलफल

यो अध्ययन कक्षा दशका विद्यार्थीहरूको भाषा सिकाइ उपलब्धि परीक्षणमा केन्द्रित छ। भाषा सिकाइ क्षमतामा विद्यालय नियमितता, लिङ्ग र धर्मका कारकहरूको प्रभावलाई विश्लेषण गर्न यस अनुसन्धानले

तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता पत्ता लगाएको छ। विद्यालय नियमितताले पठनबोध र पदवर्ग पहिचान क्षमतामा महत्त्वपूर्ण प्रभाव देखाएको छ। नियमित रूपमा विद्यालय आउने विद्यार्थीहरूको पठनबोध क्षमता (p–value = ०.०१२) र पदवर्ग पहिचान क्षमता (p–value = ०.०००) अन्य विद्यार्थीहरूको तुलनामा उत्कृष्ट रहेको पाइयो। यसले नियमित विद्यालय उपस्थितिको महत्वलाई झल्काउँछ।

लिङ्गको आधारमा वाक्य परिवर्तन क्षमतामा पुरुष विद्यार्थीहरूको प्रदर्शन उच्च रहेको पाइएको छ (p–value = ०.०३)। यद्यपि, कुल प्राप्ताङ्कमा लिङ्गको आधारमा कुनै तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखिएन। धर्मका आधारमा वर्ण विन्यास (p–value = ०.००३) र पदवर्ग पहिचान क्षमतामा (p–value = ०.०३७), हिन्दू र अन्य धर्मावलम्बीबीच तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता पाइएको छ। तर समग्र कुल प्राप्ताङ्कमा धर्मको प्रभाव स्पष्ट देखिएन।

भट्ट र पोखरेल (२०२३) द्वारा गरिएको अध्ययनमा पनि पठनबोध, शब्दभण्डार, पदवर्ग पहिचान, वाक्य परिवर्तन, वाक्य रचना र वर्णविन्यास क्षमताहरूको परीक्षण गरिएको थियो। यसले देखाएको छ कि पठनबोध र शब्दभण्डार क्षमतामा धार्मिक पृष्ठभूमिले केही प्रभाव पार्न सक्छ। यो अध्ययनमा पनि वर्ण विन्यास र शब्दभण्डार क्षमतामा धर्मको आधारमा महत्त्वपूर्ण भिन्नता देखियो (p–value < ०.०५)। माध्यमिक तहका पाठ्यक्रमको उद्देश्यलाई ध्यानमा राखेर, दुबै अध्ययनले विद्यार्थीहरूको भाषिक सीपहरूको परीक्षणमा ध्यान केन्द्रित गरेका छन्। विशेष गरी भाषा शिक्षणलाई भाषिक दक्षता विकासमा उपयोगी मानिएको छ।

भट्ट र पोखरेलको अध्ययनले लिङ्गको आधारमा पठनबोध क्षमतामा महत्त्वपूर्ण भिन्नता देखाएको थियो, जबकि यो अध्ययनले कुनै उल्लेखनीय भिन्नता देखाएन (p–value > ०.०५)। विद्यालय नियमितताको प्रभाव भट्ट र पोखरेलको अध्ययनमा तुलनात्मक रूपमा उल्लेख नभए पनि यस अध्ययनले विद्यालय नियमितताले पठनबोध र पदवर्ग पहिचान क्षमतामा महत्त्वपूर्ण प्रभाव देखाएको छ (p–value = ०.०१२ र ०.०००)।

अधिकारी (२०७६) ले भाषा शिक्षाको सिद्धान्त र अभ्यास दुवैलाई समेट्दै, भाषाशिक्षामा सन्दर्भ र संरचनाका महत्त्वपूर्ण पक्षहरूको व्याख्या गरेका थिए। प्रस्तुत लेखले अधिकारीको दृष्टिकोणलाई निरन्तरता दिंदै, विद्यालय नियमितता, लिङ्ग र धर्मजस्ता सामाजिक पक्षहरूले भाषा सिकाइ क्षमतामा पार्ने प्रभावको विश्लेषण गरेको छ।

चौलागाईँ र अन्य (२०७७) को अध्ययन भाषा शिक्षाको प्रयोगात्मक पक्षमा केन्द्रित थियो। उनले व्याकरणका संरचनागत तत्त्वहरू जस्तै पदवर्ग, काल, पक्ष र वाच्यको अध्ययन गरेका थिए। प्रस्तुत लेखले यिनै तत्त्वहरूलाई विद्यार्थीहरूको भाषा उपलब्धिसँग जोडेर थप विश्लेषण गरेको छ।

यस अध्ययनले पठनबोध, पदवर्ग पहिचान र वाक्य परिवर्तन क्षमतामा तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखाए पनि अन्य क्षमताहरूमा विद्यालय नियमितता, लिङ्ग र धर्मका प्रभावहरू सीमित देखिए। यसको अर्थ यी कारकहरूले विद्यार्थीको सिकाइ क्षमतामा आंशिक प्रभाव पर्छ।

निष्कर्ष

यस अनुसन्धानमा कक्षा दशका विद्यार्थीहरूको भाषा सिकाइ क्षमतामा विभिन्न कारकहरूको प्रभावको विश्लेषण गरिएको छ। यस अध्ययनका आधारमा विद्यार्थीहरूको पठनबोध, वाक्य निर्माण र अन्य क्षमतामा लिङ्ग र धर्मको आधारमा कुनै महत्त्वपूर्ण भिन्नता देखिएन। तथापि, वर्ण विन्यास र शब्दभण्डार क्षमतामा धर्मको आधारमा महत्त्वपूर्ण भिन्नता देखियो (p–value < ०.०५)। सधैँ विद्यालय आउने विद्यार्थीहरूको पठनबोध र पदवर्ग पहिचान क्षमतामा उच्च प्रदर्शन देखियो (p–value = ०.०१२ र ०.०००)। अन्य क्षमतामा विद्यालय नियमितताको प्रभाव तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता थिएन। धर्म र लिङ्ग दुवैका आधारमा कुल प्राप्ताङ्कमा कुनै तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण भिन्नता देखिएन (p–value > ०.०५)। यस अध्ययनबाट विद्यार्थीहरूको विद्यालय नियमिततालाई प्राथमिकता दिनुपर्छ, किनभने यसले भाषिक क्षमतामा सकारात्मक प्रभाव पार्छ भन्ने निचोड निकालिएको छ। लिङ्ग र धर्मजस्ता पृष्ठभूमि कारकहरूको अतिरिक्त परिवारको सहयोग र अतिरिक्त क्रियाकलापहरूलाई पनि अध्ययनमा समावेश गरेर थप व्यापक विश्लेषण गर्न सकिने निष्कर्ष निकालिएको छ। साथै भाषा शिक्षामा व्यक्तिगत ध्यान र व्यावहारिक अभ्यासको प्रयोगलाई प्रवद्र्धन गर्नुपर्ने निचोड प्रस्तुत गरिएको छ। यस अध्ययनले शिक्षा क्षेत्रलाई विद्यार्थीको भाषिक क्षमता सुधार गर्नका लागि उपयोगी सन्दर्भ सामग्री उपलब्ध गराउने अपेक्षा गरिएको छ। साथै, पठनबोध र शब्दभण्डार क्षमतामा धार्मिक पृष्ठभूमिको प्रभावले पाठ्यक्रम र शिक्षण विधिमा विविधता अपनाउनुपर्नेतर्फ सुझाव प्रदान गरिएको छ। भाषा शिक्षालाई प्रभावकारी बनाउन विद्यालय र अभिभावकको सहकार्यलाई प्राथमिकता दिन आवश्यक देखिएको छ। यस अनुसन्धानले भावी अध्ययनहरूका लागि एउटा आधार प्रदान गर्न सक्ने ठानिएको छ।

सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज. (२०७६). *समसामयिक नेपाली व्याकरण* (सातौँ सं.). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

खनिया, बुद्धराज. (२०७५). *नेपाली भाषा शिक्षण : सिद्धान्त र प्रयोग.* काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि.।

चौलागाई, प्रेमप्रसाद, पौडेल, हेमनाथ र भट्टराई, रमेशप्रसाद. (२०७७). *प्रज्ञा नेपाली शैक्षणिक व्याकरण.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

पाठ्यक्रम विकास केन्द्र. (२०७८). *माध्यमिक शिक्षा पाठ्यक्रम* (कक्षा ९–१०). पाठ्यक्रम विकास केन्द्र।

पौडेल, माधवप्रसाद. (२०७०). *नेपाली भाषा शिक्षण.* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा. लि.।

भट्ट, महेशप्रसाद र पोखरेल, कृष्णप्रसाद. (सन् २०२३). कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषा सिकाइ उपलब्धि परीक्षण, *द एजुकेटर जर्नल* ११ (१), पृ.३३–४२।

लामिछाने, यादवप्रकाश. (२०६९). *नेपाली भाषाशिक्षण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, मोहनराज. (२०७१). *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

प्राकृत भाषाको वैशिष्ट्य

मधुसूदन घिमिरे

madhusudhan.ghimire74@gmail.com

लेखसार

यस अनुसन्धानात्मक लेखमा प्राकृत भाषाको परिचय, विशेषता र विकासक्रमलाई देखाइएको छ। प्राचीन कालदेखि नै जनमानसको प्रत्यक्ष बोलीका रूपमा व्यवहार हुँदै आएको प्राकृत भाषाको विकास वैदिक संहिताबाट अप्रत्यक्ष रूपमा भएको पाइन्छ। तत्कालीन सामाजिक व्यवस्थाले गर्दा वर्ग र आर्थिक सामाजिक हिसाबले भाषिक प्रयोगको अवस्था समाजमा विद्यमान रहेका अनेक प्रमाण उपलब्ध हुन्छन्। उच्च र कुलीन वर्गले संस्कृत तदतिरिक्तले प्राकृत भाषाको प्रयोग गर्ने गरिएको प्रमाण उपलब्ध छन्। यस विषयमा मूल विश्लेषण खण्डमा स्पष्ट रूपमा उल्लेख गरिएको छ।भाषा मानवीय विचार आदान प्रदानको प्रमुख माध्यम हो। संसारमा कयौँ भाषा परिवारका अनेक भाषा बोलिन्छन्। संस्कृत, प्राकृतका साथै तिनैबाट अपभ्रंश हुँदै आएका आधुनिक भाषा र हाम्रो राष्ट्र भाषा नेपालीको संस्कृतको पनि मूल स्रोत पनि संस्कृत, प्राकृत नै हो। संस्कृत भाषासँग भाषा तत्त्व र बनोटका आधारमा नजिक भए पनि प्राकृत भाषा स्वतन्त्र र अनेक ज्ञान विज्ञानले पूर्ण भएको मानिन्छ। विशेष गरी जैन र बौद्धलगायतका साहित्य प्राकृत भाषामा नै निबद्ध छन्। अनेक विशेषताले सुसज्जित प्राकृत भाषाक बारेमा यथातथ्य प्रस्तुत गर्ने कार्य यस लघु अनुसन्धानमूलक लेखमा गरिएको छ।

शब्दकुञ्जी : प्राकृतभाषा, भाषातत्त्व, विकासक्रम, मानवीय विचार।

विषय परिचय

भारोपेली भाषा परिवारमा अनेकौँ समृद्ध भाषाहरू रहेका छन्,तीमध्ये कतिपय वर्तमानमा लेखोट र बोलचालमा नरहेको पाइन्छ। यस्तै मध्येको एक भाषा प्राकृत हो। प्राकृत भाषाको इतिहास खोज्दै जाँदा वेदसम्म पुग्नुपर्ने हुन्छ। प्राकृत भाषाको साङ्गोपाङ्गो इतिहास प्राप्त गर्न कठिनाइ हुन्छ तथापि यो भाषा

साहित्य व्याकरण आदिका साथै बोलचालमा रहेको साक्ष्यहरू प्रशस्त छन्।मानव समाजको विकाससँगसँगै यसको पनि विकास भएको पाइन्छ। प्राकृत प्रकाशको प्रस्तावनामा पर्वतीय उदयराम डम्बरालले' प्रकृत्या स्वभावेन सिद्धम् प्राकृतम्। ततश्च वैयाकरणैः साधितम् संस्कृतमित्यभिधीयते (डबराल, २०६३, २)। अर्थात् स्वाभाविक रूपमा सिद्ध भएको भाषा प्राकृत हो, त्यसपछि वैयाकरणहरूले संस्कृतलाई सिद्ध गरे भन्ने भनाइ राखेका छन्। संस्कृत र प्राकृत कुन पुरानो हो भन्ने विषय विद्वान्हरुका बिचमा बहसको विषय बनेको पाइए पनि यस लेखमा त्यतातर्फ जानू त्यति न्यायोचित नहुने भएकाले प्राकृत भाषाको सङ्क्षिप्त अध्ययन गर्ने कोसिस गरिएको छ।

प्राचीनकालमा जनमानसको बोलचालको भाषा रहेको प्राकृत समृद्ध भाषा थियो। यसमा विशेष गरी जैन साहित्य समाहित भएको पाइन्छ। प्राकृत भाषाको प्रयोग संस्कृत नाटकमाहरूमा पनि प्रशस्त भएको देखिन्छ। प्राकृत भाषाको विकासको अवस्था र स्वरूप पहिचानका साथ विश्लेषण गर्नु यस शोधलेखको उद्देश्य रहेको छ।

भाषाका सन्दर्भमा प्राकृत भाषाको इतिहास वैभवशाली रहेको तथ्य निर्विवाद छ । वैदिककालपछि यसको प्रयोगमा बढोत्तरी पाउन थालियो। तत्कालीन राज्यव्यवस्था र सामाजिक व्यवस्थामा उच्च वर्गले संस्कृत भाषाको प्रयोग गर्ने गरेको इतिहास संस्कृत भाषामा लेखिएका नाटकहरूबाट स्पष्ट हुन्छ। यसलाई *नाट्यशास्त्रम्* आचार्य भरतले र उनी परवर्ती अन्य लक्षणशास्त्रीहरूले पनि प्रत्यक्ष, अप्रत्यक्ष सङ्केत गरेका छन्। संस्कृत भाषाकै समकक्षी भएर विकसित भएको भाषा प्राकृत मानिन्छ। अनेक दृष्टिले सम्पन्न यस भाषामा व्याकरण, साहित्य जस्ता वाङ्मय सुरक्षित रहेको पाइन्छ। यस भाषाका बारेमा प्रशस्त अध्ययन अनुसन्धान भारततिर भएको देखिन्छ। प्रसिद्ध भाषाशास्त्री भोलानाथ तिवारीले सन् १९५५ मा आफ्नो *भाषा विज्ञान* नामक पुस्तकमा आधुनिक भाषाहरूको विकासक्रम देखाउँदा संस्कृत, प्राकृत हुँदै आधुनिक भाषाहरू विकास भएको तथ्यलाई प्रस्तुत गरेको भेटिन्छ । त्यसैगरी डाक्टर केशवराव मुसल गाँवकरले *संस्कृत महाकाव्य कि परम्परा* (सन् १९९१) संस्कृत महाकाव्यको सैद्धान्तिक स्वरूप देखाउँदा सङ्क्षिप्त प्राकृत भाषाका बारेमा उल्लेख गरेका छन्।

डाक्टर रामसागर त्रिपाठीले *संस्कृत साहित्य का इतिहास* (सन् १९९१) संस्कृत साहित्य र साहित्यसहित वाङ्मयलाई केलाउँदा प्राकृत भाषाको सुरुवात यस सम्बन्धी इतिहासलाई पनि केलाएका छन्। सन् २००८ मा प्रकाशित डाक्टर भोलाशंकर व्यासको ' भारतीय साहित्य कि रूपरेखा नामक अनुसन्धानात्मक कृतिमा वैदिक साहित्य, संस्कृत साहित्य पछि प्राकृत साहित्यको विशद चर्चा परिचर्चा र यसको विकासक्रम केलाउने प्रयास गरेको देखिन्छ। आचार्य बलदेवले सन् १९१० मा *संस्कृत शास्त्रो का इतिहास* मा समग्र संस्कृत वाङ्मयको प्रस्तुतिका क्रममा प्राकृत भाषाको केही सान्दर्भिक व्याख्या गरेको पाइन्छ। यसका अतिरिक्त २०६७ सालमा त्रिभुवन विश्वविद्यालय नेपाल र एसियाली अनुसन्धान केन्द्र कीर्तिपुरमा प्राकृत भाषाको संरचना, वैशिष्ट्य र शब्दहरूसमेत दिइएका छन्।

यसरी समय समयमा प्राकृत भाषाका बारेमा अन्वेषण भएका भए पनि प्राकृत भाषा साहित्यको वैशिष्ट्य प्रतिपादन विशेष गरी नेपालमा नभएकाले यस आलेखमा त्यसलाई देखाउने जमर्को गरिएको छ।

भारतीय विश्वविद्यालयहरूमा यसको अध्ययन अध्यापन हुने भएकाले यसको विकास विस्तार भारततिर प्रशस्त भएको पाइन्छ। नेपालमा यस सम्बन्धी खोजअनुसन्धान भएको मेरो निजी खोजाइमा उपलब्ध हुन सकेन। आधुनिक भाषा विकासमा समेत सान्दर्भिक योगदान दिएको प्राकृत भाषाको संक्षिप्त नै भए पनि अध्ययन अनुसन्धान हुन पर्छ भन्ने ध्येयका साथ यस लघु आलेखमा यसलाई समेट्ने जमर्को गरिएको हो। नेपालका परिप्रेक्ष्यमा सूत्रात्मक अध्ययनले आगामी दिनमा अझ विहङ्गम अध्ययन अनुसन्धान भई यसबाट आवश्यक ज्ञान र तत्कालीन समयको सामाजिक, आर्थिक, भाषिक, साहित्यिक विशेषता जान्न र त्यसको मर्मबोध गर्न सहज हुन्छ भन्ने उद्देश्यका साथ यसलाई जनमानस समक्ष ल्याउने प्रयास गरिएको हो।

अध्ययन विधि

खोजमूलक लेखहरूका लागि सामग्री सङ्कलन र त्यसको विश्लेषण महत्त्वपूर्ण मानिन्छ। सङ्कलित सामग्रीलाई के कस्तो तरिकाले राख्ने भन्ने विषय नै अध्ययन विधि हो। यो अनुसन्धानका लागि महत्त्वपूर्ण हुन आउँछ। यस लेखमा सामग्री मुख्यतः द्वितीय स्रोतबाट लिइएको छ। द्वितीय स्रोतमा पनि अनुसन्धानमूलक लेख र पुस्तकहरूबाट यस *प्राकृत भाषाको वैशिष्ट्य* शीर्षक अन्तर्गत लघु आलेख गुणात्मक रहेकाले पुस्तकालयबाट सामग्री सङ्कलन गरिनुका साथै विभिन्न अनलाइनका पत्रपत्रिकाबाट समेत सामग्री ग्रहण गरी त्यसको सत्यापन गर्दै व्याख्या, विश्लेषण, तुलनात्मक विधिको उपयोग यसमा पाइन्छ।

प्राकृत भाषाको परिचय र विशेषता

संस्कृत, प्राकृत अपभ्रंश हुँदै अनेक आधुनिक भाषाहरूको विकास भएको तथ्य सर्व मानित पाइन्छ। संस्कृतकै समकक्षीका र सम्पन्न भाषा प्राकृत हो। यसमा पनि साहित्य,व्याकरण र कोश आदिको सिर्जना भएको देखिन्छ। प्रथम साहित्य चिन्तक आचार्य भरतले आफ्नो' नाट्यशास्त्रम् नामक लक्षण ग्रन्थमा नाटककेन्द्रित समीक्षा गर्ने सन्दर्भमा नाटकमा प्रयुक्त कुन पात्रले कस्तो भाषा बोल्ने सङ्केत गरेको पाइन्छ। बीज रूपमा वैदिककालदेखि नै रहेको प्राकृत भाषा लौकिक संस्कृतको विकास भएपश्चात् त्यसकै समकक्षीका रुपमा विकसित हुँदै गएको पाइन्छ। लौकिक संस्कृत भाषाको नियमन र व्यवस्थित बनाउने कार्यमा पाणिनि, कात्यायन, पतञ्जलि जस्ता वैयाकरणहरूको महान् योगदान रहेको पाइन्छ। पाणिनिले कतिपय सन्दर्भमा वैदिक भाषाको पनि विवेचना गरेका छन् तर उनले जति सहजताका साथ लौकिक संस्कृतलाई व्यवस्थित बनाउने कार्य गरे त्यति वैदिक संस्कृतको गर्न सकेको देखिँदैन। उनले कतिपय शब्द निर्माण बहुलताको सिद्धान्त प्रयोग गरेका छन्। बहुलताको आशय आवश्यकताको सिद्धान्त हो। संस्कृत व्याकरणमा जुन योगदान पाणिनिको छ, त्यस्तै योगदान वररुचि अर्थात् कात्यायनको प्राकृत भाषाका सन्दर्भमा देख्न सकिन्छ। पाणिनि, कात्यायन र पतञ्जलिलाई त्रिमुनि भनेर उच्चस्तरको सम्मान प्राप्त छ। वररुचि र कात्यायन एकै हुन् भन्ने कुरामा दुईमत छैन। संस्कृत व्याकरणमा अनेक सम्प्रदायहरू रहेका छन्। कात्यायन र वररुचि फरक व्यक्ति नभएर एकै हुन् (उपाध्याय, सन् २०१०, पृ. ४५०)। वररुचिको *प्राकृत प्रकाश,* चण्डको *प्राकृत लक्षण,* हेमचन्द्रको *सिद्धहेमचन्द्रम्,* क्रमदीश्वरको *संक्षिप्तसारम्,* त्रिविक्रमको *प्राकृतव्याकरण,* सिंहराजको *प्राकृतरूपावतार,* लक्ष्मीधरको *षड्भाषाचन्द्रिका,* मार्कण्डेय कवीन्द्रको *प्राकृत*

सर्वस्वम् जस्ता प्राकृत भाषाका व्याकरणहरू हुन्। प्राकृत व्याकरणको प्रारम्भकर्ता वररुचि हुन्। प्राकृत भाषाका बारेमा संस्कृत समीक्षाशास्त्रीहरू भरत, भामह, दण्डीजस्ताले आफ्ना साहित्यिक लक्षणग्रन्थहरूमा प्रशस्त उल्लेख गरेका छन् (वररुचिः शास्त्री, २०६३, उपोद्घात)। वररुचिको *प्राकृतप्रकाश*माथि प्रख्यात लक्षणशास्त्री भामहले *मनोरमा* नामक टीका लेखेका छन्। वेदप्रयुक्त शब्दहरूको व्याख्या गर्ने सन्दर्भमा यास्कले आर्येतर भाषाको सङ्केत गरेको पाइन्छ (व्यास, २०१०, पृ. ५६)। प्राकृत व्याकरणहरू महाराष्ट्री, शौरसेनी, मागधी, अर्धमागधी र पैशाची भाषाहरूमा रहेको देखिन्छ। वररुचिले प्राकृतको चार भेदमात्र गरेका छन्। उनले अर्धमागधीलाई मागधीभित्र नै समावेश गरेका छन्। संस्कृतको जस्तो जटिलता प्राकृत व्याकरणमा देखिँदैन। प्राकृत व्याकरणमा आइपुगेपछि यसभित्र सरलता र सहजता अनुभव गर्न सकिन्छ। संस्कृत व्याकरणमा रहेको ऋ, लृ, ऐ औ जस्ता ध्वनिहरू प्राकृतमा आएर लुप्त हुनुका साथै ऋ, अ, इ, या का रूपमा परिवर्तन भयो भने ऐ, औ, ए, ओ तथा अइ, अउका रूपमा परिवर्तन भएको पनि पाइन्छ। प्राकृतमा संस्कृतमा सदा सर्वदा दीर्घ रूपमा रहेका ए, ओ ह्रस्व रूपमा पनि रहेका पाइन्छन्। पदको सुरुमा आउने 'य' ध्वनि 'ज'का रूपमा परिणत हुनुका साथै महाराष्ट्री र शौरसेनीमा 'स' दन्त्य मात्र पाइन्छ। त्यसैगरी तालव्य 'श' मात्र मागधीमा पाइनु यसको व्याकरणगत विशेषता पनि हो। संस्कृतमा रहेको द्विवचन प्राकृतमा आएर समाप्त हुनु यसको अर्को विशेषता हो। सबै शब्द स्वरान्त मात्र पाइनुका साथै आत्मनेपदी र परस्मैपदी जस्ता धातुगत भेदहरू पनि नरहेको पाइन्छ। संस्कृतमा रहेका धातुका दश गणको विभाजन प्राकृत भाषामा पाइँदैन। यहाँ त केवल भ्वादिभित्र नै सबै धातुहरू समावेश भएका छन्।

प्राकृत साहित्यको उदय जनसामान्यको वैचारिक क्रान्तिका कारण हुन गयो। संस्कृत काव्यात्मक साहित्यिक भाषाका साथै धर्मकर्मको भाषा हुँदाहुँदै पनि समाजका खास कुलीन वर्गमा मात्र सीमित रहेको थियो। जनसामान्यका लागि संस्कृत भाषा निक्कै परको विषय बनेको थियो। भगवान् बुद्धले आफ्ना समूल उपदेश मागधी (पालि) र महावीर जैनले अर्धमागधी (प्राकृत) भाषाबाट दिएर यी भाषाको समृद्धि र विकासलाई नयाँ अवसर प्रदान गरेको तथ्य सबैले अनुभूत गर्न सकिन्छ।

प्राकृत भाषा जनमानसको प्रत्यक्ष बोली हो। भाषाको मानक रूप फरक हुन्छ भने व्यक्ति बोली तदतिरिक्त कुरा हो। प्रख्यात पश्चिमी भाषाशास्त्री फर्निडान्ड डि सस्युरले भाषा र बोलीलाई फरक ढङ्गले व्याख्या गरेका छन् (बन्धु, २०५७, पृ. १०)। त्यही व्यक्ति बोलीलाई नियमन गर्ने कार्य प्राकृत भाषा व्याकरणले गरेको देखिन्छ। अर्थबोध र साधुशब्द विवेचनाका सन्दर्भमा भर्तृहरि, नागेश, कौण्डभट्ट जस्ताले पनि असाधु शब्दबाट पनि अर्थबोध हुन्छ भनेर प्राकृत भाषालाई सङ्केत गरेको पाइन्छ (उपाध्याय, २०१०, पृ. ४७४)। प्राचीनकालदेखि संस्कृतकै समकक्षी भएर विकास भएको प्राकृत भाषाले जुन उपस्थिति र विस्तारका साथै विकासको अवसर पाउनुपर्ने हो , त्यो पक्कै हुन सकेको देखिदैन।

प्राकृत भाषाको विकासक्रम

पाणिनि पूर्व नै प्राकृत भाषा जनमानसको बोलचालको आधार थियो।तथापि साहित्यिक रूप केही पछि विकास हुन गएको हो।प्राकृत भाषाको विकासक्रमलाई यसरी देखाउन सकिन्छ :

प्रथम प्राकृत काल : ६०० इसापूर्व १०० इसासम्म

द्वितीय प्राकृत काल १०० इसादेखि ६०० इसासम्म

तृतीय प्राकृतकाल ६०० इसादेखि १२०० इसासम्म (व्यास, २००८, पृ. ५९)

प्रारम्भिककालमा यो केवल भाषाकै रूपमा मात्र सीमित थियो। सुरुवाती समयमा विश्वका जुनसुकै भाषा पनि केवल बोलचालकै रूपमा मात्र सीमित हुन्छन्। प्रारम्भिक भाषामा साहित्यिक सिर्जना र वाङ्मयको रचना अपेक्षित हुन सक्दैन। यस्तो तथ्य विश्वका भाषाको ऐतिहासिक अध्ययनबाट स्पष्ट हुन्छ।वैज्ञानिक दृष्टिबाट प्राकृत भाषालाई निम्न लिखित तरिकाले वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ :

शिलालेखी प्राकृत

प्राकृत भाषाको प्राचीनरूप शिलालेखबाट मिल्दछ।सम्राट् अशोकका अनेक शिलालेखहरू हामी पाउन सक्छौ। ती शिलालेखहरूमाल ब्राह्मी र खरोष्ठी लिपिको प्रयोग भएको पाइन्छ। भारतको शाहबाज गढमा र मानसेरामा रहेका शिलालेखमा खरोष्ठी लिपिको प्रयोग पाइन्छ भने अन्य शिलालेखमा ब्राह्मी लिपिको प्रयोग देखिन्छ।यी शिलालेखहरूमा प्राकृत भाषाका प्रशस्त उदाहरण पाउन सकिन्छ।त्यसैगरी खारवेल र हाथीगुफामा पाइएका शिलालेखमा पनि प्राचीन प्राकृत भाषाका सङ्केतहरू प्राप्त गर्न सकिन्छ। आन्ध्र राजाका शिलालेखहरूमा पनि समासान्त गद्य शैलीको साहित्यिक अभिव्यक्तिहरू उपलब्ध हुन्छन्। प्राचीनकालीन तामा,चाँदीका सिक्काहरूमा पनि प्राकृत भाषालाई सङ्केत गरेको पाइन्छ। यति हुँदाहुँदै पनि शिलालेखी प्राकृत उच्चस्तरीय साहित्यिक अभिव्यक्ति चाहिँ पक्कै नरहेको स्पष्ट हुन आउँछ।

बहिर्भारतीय प्राकृत

भारतभन्दा बाहिरका चीन, तुर्किस्तान, खोतान (अहिले चीनकै भूभाग रहेको छ) आदि देशमा पनि इसापूर्व इसाको दोस्रो शताब्दीतिर कपिपय प्राकृत भाषाका लेखहरू उपलब्ध हुन्छन्। यसले गर्दा बहिर्भारतीय प्राकृत भाषाको अध्ययन आवश्यक हुन्छ। यसमा त्यससम्बन्धी विस्तृतमा नभएर संक्षिप्त अध्ययन गरिएको छ। यसको उद्देश्य केवल तिनको सङ्केत मात्र गर्नु रहेको छ। फ्रान्सेली अध्येता दुव्लिल खेतानमा प्राकृत भाषामा लेखिएका बैद्धधर्मसँग सम्बन्धित *धम्मपद* फेला पारेका छन्। पश्चिमी विद्वान् ओल्डेनवर्ग र सेनार मिलेर यसलाई प्रकाशित गरेका छन्। *धम्मपद* मूलतः पालि भाषामा लेखिएको भए पनि त्यहाँ प्राप्त त्यसको भाषा पालिसँग नजिक नभएर प्राकृतसँग नजिक भएको पाइन्छ। यसबाहेक ओरेल स्टेनले चीन, तुर्किस्तानमा अन्य खरोष्ठी लिपिमा लेखिएका शिलालेखहरू प्राप्त गरेका थिए। त्यसैगरी अक्सफोर्ड विश्वविद्यालयका संस्कृतका विद्वान् प्राध्यापक प्रो. टी. बुरोले एक गवेषणात्मक निबन्ध प्रकाशित गरेका छन्। यसको लिपि खरोष्ठी हुनुका साथै दरदी भाषा निकट रहेको पाइन्छ। यसमा साहित्यिक गुण नभए पनि राज्य सञ्चालन र तत्कालीन न्याय निरूपणको विषय वर्णित पाइन्छ। बहिर्भारतीय प्राकृत भाषामा दीर्घस्वर, ऋध्वनि सघोष ऊष्म ध्वनिको लिपि चिह्नका अस्तित्व भेटिए पनि यसलाई प्राकृत भाषाकै स्वरूप मानिएको छ।

धार्मिक प्राकृत

धार्मिक प्राकृत भित्र जैन र बौद्ध सिद्धान्त (आगम) ग्रन्थ र सिद्धान्त इतरका वाङ्मयहरू पर्दछन्। बौद्धहरूको समस्त सिद्धान्त र ग्रन्थहरू मूलत पालि कतिपय संस्कृतमा उपलब्ध छन्। पालि भाषा प्राकृत भाषा मागधीबाट नै विकास भएको मानिन्छ। जैन धर्मका समस्त वाङ्मय अद्र्ध मागधी, महाराष्ट्री, शौरसेनी जस्ता प्राकृत भाषामा निबद्ध छन्। यसभित्र प्राकृत भाषामा लेखिएका यी दुवै धर्मदर्शनका विषयलाई मात्र प्रस्तुत गरिएको छ। बौद्ध पालि साहित्यका बारेमा यस पूर्व नै यसै पत्रिकाको वर्ष दुई र अङ्क दुईमा *पालि भाषा र साहित्य सङ्क्षिप्त अध्ययन* शीर्षकमा गरिसकिएकाले अहिले त्यस विषयमा यहाँ उल्लेख गरिएको छैन,(घिमिरे,२०७९: १४-२२)।

जैन धार्मिक साहित्य निक्कै समृद्ध र वैभवले भरिपूर्ण पाइन्छ। बौद्धहरूको अपेक्षा जैनहरूको धार्मिक ग्रन्थ प्राकृतमा विहङ्गम दृष्टिले रचना भएका छन् (त्रिपाठी, १९९१, पृ. २६)। जैनहरूको अधिकांश धार्मिक सिद्धान्त अर्ध मागधी अथवा प्राकृत भाषामा नै विरचित छन्। यो भाषा जैनहरूका लागि अत्यन्त पवित्र मानिन्छ। यसको मूल कारण यसका संस्थापक महावीर जैनले यसै भाषामार्फत उपदेश दिनु हो साथै समस्त जैन साहित्य यसभित्र समाहित हुनु पनि हो।

यो एउटा विचित्रको संयोग पनि हो। अनेक देशको इतिहासमा इसापूर्व छैटौँ शताब्दी एक नवीनतम भावभूमि लिएर आएको पाइन्छ। धार्मिक दृष्टिले पनि यो परिवर्तनको समय थियो। भारतमा यही समय परम्परित आध्यात्मिक मार्गप्रति असन्तोष देखिनुका साथै बौद्धिक क्रान्तिसमेत भएको पाइन्छ (गेरौला, सन् २०१२, पृ. २७२)। यसै समयमा विश्वका अनेक स्थानमा नयाँ नयाँ विचारधाराका प्रतिपादक जस्तै चीनमा लाओत्से, तथा कन्फ्युसियस, युनानमा परमेनाइडिस र एम्पेडोकल्स, इरानमा जराथ्रुस्त, भारतमा महावीर र बुद्ध प्रादुर्भाव भई नवीनतम आध्यात्मिक मार्गको प्रतिपादन गरेको देखिन्छ। जैन धर्मका मुख्यतः दुई सम्प्रदाय रहेका छन्। भगवान् तथागतको महापरिनिर्वाणपछि जसरी बौद्धधर्म अनेक रूपमा विभाजित भयो,त्यसरी नै जैन पनि दुई भागमा विभक्त हुन गयो। जैन धर्म विभाजनको पनि रोचक कथा पाइन्छ। महावीरका नौ प्रकारका शिष्य थिए,जसलाई स्थविरावलीमा गण भनेको पाइन्छ। यसमा ११ गणधर प्रमुखताका साथ आउँछन्। यो शिष्य परम्परा ३१७ इसापूर्वसम्म अविच्छिन्न रूपमा चलिरहेको देखिन्छ। इसापूर्व ३१० मा जैन आचार्य भद्रबाहु आफ्ना प्रमुख शिष्य स्थूलभद्रलाई गणको कार्यभार सुम्पिएर दक्षिणभारतिर लागे। उनी दक्षिण गएका समयमा स्थूलभद्रले जैन साहित्यलाई सङ्ग्रह गर्ने उद्देश्यले ठूलो जैन विद्वानहरूलाई एकत्रित पारे साथै जैनमा उदारताको सुरुवात सँगै जैन साधुहरूलाई वस्त्र लगाउने स्वीकृति पनि दिए। केही समयपछि दक्षिणबाट फर्किएपछि भद्रबाहुलाई जैन भेलाले गरेको निर्णय मान्न र स्वीकृति प्रदान गर्न अनुरोध गरे। भद्रबाहुले यसलाई अस्वीकार गरेपछि जैन धर्म श्वेताम्बर र दिगम्बरका रूपमा विभाजित हुन गयो। जैन धर्म बहुव्यापी र बहुजीव धर्म हुनुका साथै उसको अविच्छिन्न परम्परा आजपर्यन्त निरन्तर प्रवाहित भइरहेको छ। समग्र आर्यावर्तमा जैन धर्म प्रमुख स्थान ओगटिरहेको छ। पौरस्त्य साहित्य, दर्शनको प्रेरणा,प्रोत्साहन र प्रगतिमा जैन आचार्यहरूको महत्त्वपूर्ण योगदान देख्न सकिन्छ।

प्राकृत भाषाको गद्य र पद्य शैलीमा केही भिन्नता देख्न सकिन्छ।भाषाविज्ञानको दृष्टिले अर्द्ध मागधी र मागधीमा पृथक्कता पर्याप्त देख्न पाइन्छ।अर्द्ध मागधीमा र तथा स ध्वनि देख्न पाइनुका साथै मागधी जस्तो स ध्वनि शमा, त्यसैगरी र ध्वनि लमा परिवर्तन भएको पाइँदैन।अर्द्ध मागधीमा श्वेताम्बर जैन सम्प्रदायका केही साहित्यिक ग्रन्थहरू यस प्रकार रहेका छन् :

*द्वादश अं*गमा बाह्र अङ्ग रहेका भए पनि साहित्यिक दृष्टिले प्रथम, द्वितीय, पञ्चम, षष्ठ र सप्तम अङ्ग महत्त्वपूर्ण छन्। अन्य अङ्गमा साहित्यिक गुण कम पाइन्छ। अर्को जैन साहित्यको ग्रन्थ आयारंग (आचाराङ्ग सूत्र) हो। यस कृतिमा जैन मुनिहरूको आचरणको वर्णन पाइन्छ। त्यसैगरी सूयगडंग (सूत्रकृताङ्ग) मा ब्राह्मण र बौद्ध धर्मको खण्डन मुख्यरूपमा मुखरित भएको देखिन्छ। ठाणंग (स्थानाङ्ग) यसमा श्रावकहरूको नैतिक जीवनमा आवश्यक पर्ने लौकिक वस्तुको व्यपदेश (उपदेश) प्रस्तुत गरिएको पाइन्छ। समवायंग पनि उपदेशकै सङ्ग्रहका रूपमा आएको छ। वियाह पण्णत्ति (व्याख्याप्रज्ञप्ति) अथवा भगवतीसूत्र यसमा तीर्थङ्करहरूको अलौकिक चरित्रको काव्यात्मक वर्णन पाइन्छ। यसलाई तीर्थङ्करसम्बन्धी चरित्र काव्य पनि मान्न सकिन्छ। अर्को अत्यन्त प्रासङ्गिक ग्रन्थ नायाघम्मकहाओ (ज्ञाताधर्मकथा) हो।यसमा दृष्टान्तबाट धर्मको अत्यन्त गूढतम रहस्यको वर्णन गरेको पाइन्छ। यसरी अन्य धार्मिक तथा साहित्यिक गुणले युक्त कृतिहरूमा विपाकश्रुत, अन्तकृद्दशा, दृष्टिवाद, प्रकीर्ण, छेदसूत्र आदि रहेका छन् । यी कृतिले साहित्यिक गुणका अतिरिक्त जैनधर्मको मर्मलाई प्रस्तुत गरेको पाइन्छ।

जैन सिद्धान्त इतर साहित्य जैन महाराष्ट्री,जैन शौरसेनीमा पनि पाउन सकिन्छ। श्वेताम्बर साहित्य विशेषतः महाराष्ट्री प्राकृत र दिगम्बर साहित्य शौरसेनिमा प्राप्त हुन्छ। महाराष्ट्री प्राकृत र अर्द्ध मागधी प्राकृतमा केही ध्वनिगत भेदभन्दा धेरै विषमता देखिँदैन (व्यास, सन् २००८, पृ. ६९)। सिद्धान्त इतर साहित्यमा स्तुति, निबन्ध, स्तोत्र आदि रहेका छन्। यिनमा कतिपय स्थानमा संस्कृत काव्य शैलीको प्रभाव देख्न सकिन्छ भने कतिपयमा त्यो भन्दा फरक शैलीमा प्रस्तुत भएको पाउन सकिन्छ।

साहित्यिक प्राकृत

प्राकृत वैयाकरणहरूले चार प्रकारका प्राकृत भाषालाई स्वीकार गरेको कुरा माथि उल्लेख गरिसकिएको छ। महाराष्ट्री, शौरसेनी, मागधी र पैशाची यी चार भेद प्राकृतका हुन्। यीमध्ये पनि महाराष्ट्री प्राकृत सबैभन्दा उन्नत अवस्थामा रहेको पाइन्छ। यो भाषा आविंध्यहिमाचल भारतको सांस्कृतिक भाषा थियो। शुद्ध प्राकृत साहित्यको रचना यसै भाषामा भएको पाइन्छ।शौरसेनी र पैशाची प्राकृतको शुद्ध साहित्यिक स्वरूप उन्नत रूपमा भएको प्रमाण उपलब्ध छैन। पैशाचीमा संस्कृतको बृहत्कथाको अनुवाद बढ्डकहा रहेको भनिए पनि यसको मूल रूप पाउन सकिएको छैन। प्राकृत साहित्य प्रबन्ध काव्य, मुक्तक काव्य, कथा साहित्य र नाटक गरी चार विधामा उपलब्ध छन्।

प्राकृत काव्यको परम्परा त्यति धेरै समृद्ध पाइँदैन।तथापि जैन प्राकृत काव्यहरू आंशिक रूपमै भए पनि उपलब्ध छन्।यसका बारेमा माथि उल्लेख भइसकेको छ। प्राकृतकालीन महाकाव्यको प्रतिनिधि उदाहरण प्रवरसेनको सेतुबन्ध हो। प्रवरसेनको समय इसाको चौथो शताब्दी हो र यिनी काश्मीरका राजा

पनि भएका थिए। यस काव्यको भाषा महाराष्ट्री प्राकृत छ र यसमा १५ आश्वास (सर्ग प्राकृतमा सर्गलाई आश्वास भनिन्छ) रहेका छन्। यसमा मर्यादा पुरुषोत्तम रामको कथा वर्णित छ।सेतुबन्धको शैली संस्कृत महाकवि कालिदास परवर्ती रहेको तथ्य यसमा कालिदासपछिको संस्कृत महाकाव्यको कृत्रिम शैली रहेकाले प्रमाणित गर्दछ। यस काव्यमा वीर रस अङ्गी हुँदाहुँदै पनि प्रचुरमात्रामा शृङ्गारको पनि वर्णन पाइन्छ। महाराष्ट्री प्राकृतको अर्को काव्य वप्पइराअ(वाक्पतिराज) को *गउडवहो* हो। वाक्पतिराज राजा यशोवर्माका राजकवि भवभूतिका समकालीन थिए। प्रस्तुत कृति महाकाव्य नभई केवल काव्यमात्र हो। यसमा १२०९ श्लोक आर्या छन्दमा रचना भएको देखिन्छ। अलङ्कार ग्रन्थका रचयिता आनन्दवर्धनको *ध्वन्यालोक*मा केही प्राकृत कविहरूको रचना मिले पनि ती कृतिहरू अहिले उपलब्ध छैनन्।

प्राकृत मुक्त काव्यहरू देखिन्छन् तर ती सबैमा शुद्ध प्राकृत भाषाको प्रयोग भएको पाइँदैन। मुक्त काव्यहरू पनि उपदेशात्मक र शुद्ध साहित्यिक रुपका गरी दुई किसिमका रहेका छन्। उपदेशात्मकको शृङ्खलामा धार्मिक तथा नैतिक शिक्षाको बहुलता पाइन्छ । जैन तथा बौद्ध साहित्यका स्तुति काव्य र स्तोत्र साहित्यको पनि वर्णन यीभित्र भएका छन्। यसरी साहित्यका विभिन्न प्राचीन विधाहरूको रचना प्राकृत भाषामा भएको पाइन्छ।

नाटकीय प्राकृत

संस्कृत साहित्य नाटक विधाका दृष्टिले समृद्धशाली रहेको छ।प्रथम काव्य चिन्तक भरतले पात्रभेद अनुसार भाषाभेद पनि गरेका छन्।संस्कृत नाटकमा महाराष्ट्री,शौरसेनी तथा मागधी तिनै प्राकृत भाषाको प्रयोग पाइन्छ। संस्कृत नाटकमा महिला, बालबालिका र मध्यम वर्गका पात्रहरू शौरसेनी भाषा बोल्दछन्। मागधीको प्रयोग शौरसेनीको तुलनामा न्यून रूपमा मात्र पाइन्छ।कालिदासको शाकुन्तल नाटकमा विभिन्न स्वरूपको प्राकृत भाषा प्रयोग गरिएको छ। पहिले तैर्थिक धर्मका कट्टर अनुयायी र पछि बौद्ध धर्म अँगालेका अश्वघोषका नाटकमा पनि प्राकृत भाषा उपयोग गरिएको देखिन्छ। यस विषयमा प्रख्यात भाषाशास्त्री डाक्टर भोलानाथ तिवारीको कथन यस्तो छ : अश्वघोषको रचनाकाल १०० इसाको आसपास मानिन्छ। उनका दुई अपूर्ण नाटकहरू रहेका छन् । ती खण्डित नाटकमा तीन प्रकारका प्राचीन मागधी, प्राचीन शौरसेनी र प्राचीन अर्धमागधी प्राकृत भाषा प्रयुक्त छन् (तिवारी, सन् २०१२: १६८)। कवि अश्वघोषका दुई महाकाव्य बुद्धचरितम् र सौन्दरनन्द रहेका छन्। यी दुवैको प्रतिपाद्य विषय बौद्धधर्म दर्शन हो। यी दार्शनिक तथ्यलाई महाकवि अश्वघोषले कलात्मक ढङ्गले अभिव्यक्त गरेका छन् तर ती महाकाव्यमा कतिपय प्रसङ्गमा प्रयुक्त शब्दहरू अपाणिनीय छन् (चैतन्य, १९९१, पृ. २६९)। यसले पनि के भन्न सकिन्छ भने संस्कृतमूलमा अभिव्यक्त हुँदाहुँदै पनि प्राकृत भाषाको मोहले गर्दा कतिपय शब्द प्राकृत भाषा निकटका प्रयोग भए। संस्कृत भाषामा नाटक लेख्ने प्रसिद्ध नाटककार भासका नाटकमा अधिकांश नाटकमा शौरसेनी प्राकृत प्रयोग भएको पाइन्छ। उनका चारुदत्त, प्रत्यभिज्ञा, बालचरित नाटकमा मागधी र कर्णभार नाटकम अर्धमागधी भाषाको प्रयोग अत्यधिक पाइन्छ (व्यास, २००८, पृ. ७४)। कालिदासकै नाटकमा पनि संवादका लागि शौरसेनी र मागधी तथा गीतका सन्दर्भमा महाराष्ट्री प्राकृत भाषा उपयोग गरिएको छ। मृच्छकटिक नाटकमा शौरसेनी प्राकृतका साथसाथै अन्य प्राकृतका उपभेदका रूपमा रहेका

विभाषाहरू प्राच्य, आवन्ती आदिको समेत प्रयोग पाइन्छ। भट्टनारायण र भवभूति आदि तुलनात्मक अर्वाचीन नाटककारहरूका नाटकमा अत्यन्त कृत्रिम प्रकृतिको प्राकृत भाषा पाउन सकिन्छ। तिनका नाटकमा प्रयुक्त प्राकृत भाषालाई संस्कृत व्याकरणको कसीमा राखेर प्रयोग गरिएको छ।

वैयाकरण प्राकृत

प्राकृत व्याकरणका श्रीगणेश कर्ता वररुचि हुन्। यिनका सन्दर्भमा केही माथि नै उल्लेख गरिसकिएको छ। उनको व्याकरणिक कृति *प्राकृत प्रकाश*मा चार प्रकारका प्राकृत भाषाको मात्र चर्चा परिचर्चा भएको देखिन्छ। आचार्य हेमचन्द्रले मागधी, शौरसेनी, पैशाची र महाराष्ट्री अतिरिक्त चूलिका पैशाची र अर्धमागधीलाई पनि स्वीकार गरेका छन्। मार्कण्डेयले *प्राकृतसर्वस्व* मा प्राकृतलाई प्रकारान्तरले चार प्रकारले विभाजन गरेका छन्। उनका अनुसार भाषा, विभाषा, अपभ्रंश र पैशाची रहेका छन्। भाषाभित्र उनले महाराष्ट्री, शौरसेनी, प्राच्या, आवन्ती, मागधी, दाक्षिणात्या, वाह्लिकीलाई राखेका छन्। विभाषामा चाण्डाली, शाबरी, आभीरी, शक्की समावेश छन्। अपभ्रंशको २७ भेद गरेका भए पनि तिनलाई तीन भेद नागर, उपनागर र ब्राचड गरी प्रस्तुत गरेका छन्। पैशाचीको ११ भेद भए पनि मुख्यतः कैकय, शौरसेन र पाञ्चाल गरी तीन रूपलाई देखाएका छन्। प्रायः सबै प्राकृत भाषाका वैयाकरणहरूले महाराष्ट्री प्राकृतलाई नै मुख्य मान्दै त्यसका सापेक्षमा नै अरू प्राकृत भाषाको व्याख्या विश्लेषण गरेका छन्।

मिश्र अथवा गाथा संस्कृत

यहाँ मिश्र र गाथा शब्दलाई सर्वप्रथम बुझाउनु सान्दर्भिक हुन् जान्छ। यहाँ गाथा र मिश्रको तात्पर्य संस्कृतको त्यो रूप हो। संस्कृत झैँ प्रतीत हुँदाहुँदै पनि अपाणिनीय र प्राकृत भाषाका शब्दसँग धेरै निकटवर्ती देखिन्छन्। भाषा वैज्ञानिकहरूले यसलाई संस्कृत नमानेर मध्यकालीन आर्यभाषा (प्राकृत) कै एक भेद मानेका छन्। यस्तो मिश्रित भाषा दुई कारणले बन्न पुगेको विचार अधिक वैज्ञानिक र व्यावहारिक ठहर्छ। पहिलो कारण केही लेखकले मध्यकालीन भारतीय आर्यभाषालाई संस्कृत बनाउने अधिक प्रयास गरेर त्यसमा संस्कृतका नियमहरू लगाउने प्रयास गरे र दोस्रो कारण चाहिँ संस्कृतमै पनि कतिपय शब्द अपाणिनीय छन् र पाणिनिसम्मत नभएका कारण मिश्र संस्कृत बन्न पुगे। यस्ता शब्दहरू भिक्षुस्य (शुद्धरूप भिक्षोः), बलेः (बलिनः), गतीषु (गतिषु) जस्ता प्रतिनिधि उदाहरणबाहेक प्राकृत शब्द र उखान, टुक्का अथवा सूक्तिहरू पनि भेटिन्छन्। यसमा बौद्ध मिश्रित संस्कृत नामले प्रसिद्ध भयो। यस्ता शब्द बौद्धका प्रसिद्ध ग्रन्थ *महायानसूत्रालङ्कार, बोधिचर्यावतार, सद्धर्मपुण्डरीकझ ललितविस्तर* आदिमा समेत भेट्न सकिन्छ। यस्तै भाषाको प्रयोग भएको केही जैन साहित्य पनि यसभित्र पर्दछन्।

निष्कर्ष

संस्कृत भाषाकै समकक्षी भएर विकास भएको प्राकृत भाषा अनेक वाङ्मयले सुसज्जित भए पनि वर्तमानमा यो अपेक्षित नबनी उपेक्षित भइरहेको छ। भारतीय विश्वविद्यालयहरूमा यस भाषाको पुनरुद्धारको प्रयास स्वरूप विभिन्न परियोजनाहरू सञ्चालन भइरहेका छन्। प्राकृत भाषा अपभ्रंश हुँदै आधुनिक भाषाको जन्मको आधारसमेत हो। नेपाली भाषाको विकासमा समेत प्राकृत भाषाको महत्त्वपूर्ण योगदान

छ। संस्कृत, प्राकृत अपभ्रंश हुँदै नेपाली भाषाको विकास भएको भनाइ आधुनिक भाषावैज्ञानिकहरूको धारणा रहे पनि प्राकृत भाषाको सिंहावलोकनपछि त्यो धारणा र तर्क त्यति दर्बिलो ठहर्दैन। नेपाली भाषा आजको स्वरूपसम्म आइपुग्न प्राकृत भाषाको योगदान रहे पनि संस्कृत,प्राकृत हुँदै आएको भन्ने विचार तर्कसङ्गत नहुनुका साथै युक्तिसङ्गत पनि देखिँदैन। सहजता र अबोधताका कारण नेपाली भाषा संस्कृत,प्राकृत अपभ्रंशबाट विकास भएको भन्ने गरिएको मात्र हो। संस्कृतकै हाराहारीमा रहेको प्राकृत भाषा विशुद्ध तत्कालीन समाजमा रहेका अधिकांश नागरिकको सहज बोलचालको भाषा थियो। तत्कालीन सामाजिक,रानीतिक कारणले मानव मानवबिचमा असमानता रहेको स्पष्ट छ। त्यही असमानताका कारण आफैले आफैलाई स्वनाम धन्य मानिने र तत्कालीन राज्य व्यवस्थाको उपजले गर्दा प्राज्ञिक र उच्च वर्गका मानिसले मात्र संस्कृत भाषामा आफ्नो व्यवहार गर्थे भन्ने प्रमाण पौरस्त्य साहित्य र भाषाको अध्ययनबाट सुस्पष्ट हुन्छ। सामाजिक चरित्र र राज्यको प्रभावले सबै तिर एकै प्रकारको भाषा प्रयोग अपेक्षित पनि हुँदैन। साथै भौगोलिक दुरूहता, जनमानसमा शिक्षाको कमी अनेक कारणले प्राचीनकालदेखि नै प्राकृत भाषा बोलचालको भाषा रहँदै आयो।

भगवान् तथागत र महावीर जैन जस्ता महापुरुषले आफ्नो उपदेशको माध्यम जनमानसले बोल्ने भाषालाई बनाएपछि यी भाषा साहित्य,व्याकरण,कोष आदिबाट सम्पन्न हुँदै गए। सम्पन्न भएपछि स्वीकार्यता बढ्ने एक प्रकारको सामाजिक व्यवहार प्राकृत भाषाका सन्दर्भमा पनि लागु हुन्छ। जे र जुन कारणले भए पनि प्राकृत भाषा इसापूर्व छैटौँ शताब्दीदेखि इसाको छैटौँ शताब्दीमा अत्यधिक विकसित हुनगयो ।त्यसपछि यसभित्र पनि अधिक कृत्रिमता र पुनः संस्कृतकै नियमले शब्द निर्माण प्रयासले यसको सहजतालाई बढी नै प्रभाव पार्न थाल्यो। यस भाषाको मूल मर्म नै हराउन गई यो पुनः लुप्त प्रायः भयो। जब पाश्चात्त्य प्राज्ञहरू पूर्वका ज्ञानगङ्गामा प्रवेश गर्न थाले तब यसले पनि पुनरुद्धार, अध्ययन, अध्यापनको अवसर पुनः प्राप्त गर्न थाल्यो। आज भारतका धेरै विश्वविद्यालयहरूमा प्राकृत भाषाको अध्ययन, अध्यापनका साथै यससम्बन्धी विभिन्न परियोजना सञ्चालनमा रहेका छन्। हाम्रो देशमा प्रायः पाँच भाषा परिवारका भाषाहरू बोलिन्छन्। ती पाँचमध्ये भारोपेली भाषा परिवारका भाषा बोल्नेको सङ्ख्यात्मक दृष्टिले बहुलता छ । ती भारोपेली भाषा परिवारका सबै जस्तो आज विकसित आधुनिक रूपको महत्त्वपूर्ण स्रोत संस्कृत र प्राकृत नै हुन्। आफ्नो मूल स्वरूप संस्कृतका विषयमा आंशिकमात्र भए पनि अध्ययन, अध्यापन तथा अनुसन्धान भए पनि प्राकृत भाषालाई नेपालले उपेक्षा नै गरेको ठहर्छ। भाषा केवल दैनिक व्यवहारको माध्यम मात्र नभई यो तत्कालीन सामाजिक व्यवस्था,साहित्यिक अवस्था, सांस्कृतिक, राजनीतिक पर्यावरण, सामाजिक, आर्थिक जीवनको द्योतक हुन्छ। यस तथ्यलाई हामीले कदापि बिर्सिनु हुँदैन। संस्कृत, नेपालीलगायत अन्य भारोपेली भाषा परिवारका भाषाहरूको सापेक्षतामा यसको पनि विकास साथै वाङ्मय र प्राज्ञिक कर्मको विषय बन्नु नै आजको आवश्यकता हो। हामीले हाम्रो भाषिक गौरवको रक्षा गर्न सकेमात्र भाषाले पनि हाम्रो गौरव र मर्यादाको रक्षा गर्ने हो। तसर्थ प्राकृत भाषाका बारेमा विहङ्गम नीति बनाई कम्तीमा नेपाल संस्कृत विश्वविद्यालयमा यसको प्राज्ञिक कार्यको सुरुवात हुनु नितान्त आवश्यक छ।

सन्दर्भसूची

उपाध्याय, आचार्य बलदेव. (सन् २०१०). *संस्कृत शास्त्रों का इतिहास.* वाराणसी : चौखम्बा विद्याभवन।

गेरौला, वाचस्पति. (सन् २०१२). *संस्कृत साहित्य का इतिहास.* वाराणसी : चौखम्बा विद्याभवन।

गौतम, देवीप्रसाद र चौलागाईं , प्रेमप्रसाद. (२०६७). *भाषा विज्ञान.* काठमाडौँ : पाठ्य सामग्री पसल।

घिमिरे, मधुसूदन. (२०७९). पालि भाषा साहित्यको सङ्क्षिप्त अध्ययन. *लोकदर्पण.* २(२), पृ. १४-२२।

चैतन्य, कृष्ण. (सन् १९९१). साहित्यका नवीन इतिहास. (अनु. विनयकुमार राय). वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

तिवारी, भोलानाथ. (सन् २०१२). *भाषा विज्ञान.* इलाहवाद : किताब महल।

त्रिपाठी, रामसागर. (सन् १९९१). संस्कृत साहित्य का इतिहास. वाराणसी : चौखम्बा संस्कृत प्रतिष्ठान।

बन्धु, चूडामणि. (२०५०). *भाषा विज्ञान.* ललितपुर : साझा प्रकाशन।

मुसलगाँवर,केशवराज. (सन् १९९१). संस्कृत महाकाव्य कि परम्परा. वाराणसी : चौखम्बा विद्याभवन।

डबराल, उदयराज. (२०६३). प्रस्तावना (वररुचि लिखित प्राकृत प्रकाश). वाराणसी : चौखम्बा विद्याभवन।

व्यास,भोलाशङ्कर. (सन् २००८). भारतीय अपभ्रंश साहित्य. वाराणसी : चौखम्बा संस्कृत प्रकाशन।

रसवदाद्यलङ्काराणामनुशीलनम्

डा. महानन्दतिमिल्सिना*
timsinamahananda@gmail.com

लेखसारः

प्रस्तुते लेखे रसवदाद्यलङ्काराणां विषये विवेचनं कृतमस्ति। प्राचीनाचार्याणां रसवदाद्यलङ्कारविषयको विचारश्चात्र समाविष्टो वर्तते। रसो यत्र रसस्य भावस्य वाऽङ्गत्वेन समागच्छति, तत्र रसवन्नामालङ्कारः। रसवदाद्यलङ्काराणामुद्भावनम् अलङ्कारवादिभिः प्राचीनैराचार्यैः विहितमस्ति। ध्वनिवादिभिराचार्यैरप्यस्य विषये विशदं विश्लेषणं कृतं दृश्यते। भामहेन रसवदाद्यलङ्कारेषु सकला अपि रसा अन्तर्भाविताः। दण्डिनापि रसवदाद्यलङ्कारेषु अष्टरसानां वर्णनं विहितम्। आनन्दवर्धनानुसारेण पूर्वाचार्यैर्निरूपिता रसवदाद्यलङ्कारा रसादीनामप्रधानतायां स्थितावेव सम्भवन्ति। मम्मट-विश्वनाथ-आनन्दवर्धनादिभिर्ध्वनिवादिभिराचार्यै रसतत्त्वानि रसवदाद्यलङ्कारेभ्यः पृथक् रूपेण वर्णितानि, एभिराचार्यैः रसा अलङ्कार्यत्वेन स्वीकृताः। कुन्तकेन भामह-दण्डि-उद्भटानां परम्परा त्यक्ता, अनेन रसवदाद्यलङ्काराणामनौचित्यं प्रतिपादितम्। अलङ्कारवादिन आचार्या अलङ्कारानेव काव्यस्य प्राणतत्त्वरूपेण मन्यन्ते । ते रसभावादीन् रसवदाद्यलङ्कारेष्वन्तर्भावयन्ति। परन्तु ध्वनिवादिनो यत्र प्रधानतया रसादीनां वर्णनमस्ति तत्र ध्वनिर्भवतीति कथयन्ति। तथैव यत्र रसादीनां प्राधान्यं नास्ति तत्र ते गुणीभूतव्यङ्ग्यं मन्यन्ते। अलङ्कारवादिनां ध्वनिवादिनां च विचारे

* सहप्राध्यापकः, साहित्यम्, नेपालसंस्कृतविश्वविद्यालयः, पिण्डेश्वरविद्यापीठम्, धरानः।

रसवदाद्यलङ्कारस्यौचित्यप्रकाशनमस्याध्ययनस्य निष्कर्षो विद्यते। निष्कर्षप्रतिपादनाय विशेषतोऽत्र द्वितीयकस्रोतसां सामग्रीणामुपयोगो विहितोऽस्ति। तदर्थं परम्परितपुस्तकालयस्था विद्युत्पुस्तकालयस्थाश्च सामग्रीरधीत्य विश्लेषणसत्यापनानि कृतानि विद्यन्ते। शोधलेखोऽयं मूलतो लेखकमितिपद्धत्यां आधारितो विद्यते। तथापि कतिपयेषु स्थानेषु संस्कृतस्य परम्परितपद्धतिरपि समाश्रिताऽस्ति।

कूटशब्दाः - अलङ्कारः, गुणीभूतव्यङ्ग्यः, रसवदलङ्कारः, रसवदाद्यलङ्कारः।

विषयपरिचयः

रसो यत्र रसस्य भावस्य वाऽङ्गत्वेन दृश्यते, तत्र रसवन्नामालङ्कारः। रसस्य भावस्य वा प्राधान्ये तु ध्वनित्वमेव। साहित्यशास्त्रे रसालङ्कारादीनां काव्यतत्त्वानां विषये प्राचीनाचार्यैरेव विश्लेषणं प्रारब्धम्। प्रथमशताब्द्याः आचार्यभरतमुनि रससूत्रस्य प्रतिपादनं विधाय रसतत्त्वमाश्रित्य काव्यविश्लेषणस्य परम्परामारब्धवान्, अलङ्कारस्य बीजारोपणमपि तेनैव कृतं दृश्यते। रसवदाद्यलङ्कारः रसालङ्कारयोः सम्बद्धोऽस्ति। आचार्यैः श्रृङ्गार-हास्य-करुण- रौद्र-वीर-भयानक-वीभत्सोऽद्भुत-शान्तादयो रसाः स्वीकृताः। एवञ्च शब्दार्थसम्बद्धेष्वलङ्कारेषु अनुप्रास-यमक-उपमोत्प्रेक्षा-रूपकादयः शताधिका अलङ्काराः काव्यशास्त्रमर्मज्ञैर्विद्वद्भिः सलक्षणं सोदाहरणं विवेचिता दृश्यन्ते। रसः काव्यस्यान्तरिकपक्षेणात्मपक्षेण वा सम्बद्धोऽस्ति चेदलङ्कारस्तु काव्यस्य बाह्यपक्षेण सौन्दर्यपक्षेण वा सम्बद्धोऽस्ति। रसवदादीनामलङ्काराणां विषये षष्ठशतकोद्भवाद् भामहादेव चर्चा प्रारब्धा इति ज्ञायते।

रसवदाद्यलङ्कारविषयस्याध्ययनं जिज्ञासूनां कृते महदावश्यकमिति समस्याऽस्ति। अस्याः समस्यायाः परिपूरणार्थमध्ययनेऽस्मिन् साहित्यशास्त्रे रसवदाद्यलङ्काराणां विकासः महत्ता च कीदृशीति शोधप्रश्नः कल्पितो वर्तते। एषामलङ्काराणां विकासक्रमस्य स्थितेः प्रकाशनमेतेषां काव्ये महत्तायाः प्रदर्शनञ्चाध्ययनस्योद्देश्यं विद्यते। एतेषामलङ्काराणां विषये प्राचीनानां काव्यशास्त्रिणां कतिपयेषु ग्रन्थेषु विवेचनं प्राप्यते। कतिपयासु पत्रिकास्वपि रसवदाद्यलङ्कारविषये सङ्क्षिप्ता चर्चा संलक्ष्यते। आनन्दवर्धनः (ई.१९८२) ध्वन्यालोकग्रन्थे रसवदाद्यलङ्कारविषये प्रस्तौति - अन्यत्र वाक्यार्थप्रधाने रसादयोऽङ्गत्वेन समागताश्चेत् तत्र रसादिरलङ्कारा भवन्ति, श्लोके उक्तं यत् -

प्रधानेऽन्यत्र वाक्यार्थे यत्राङ्गं तु रसादयः।
काव्ये तस्मिन्नलङ्कारो रसादिरिति मे मतिः।। (१/५)

दण्डी (ई.१९९५) काव्यादर्शग्रन्थे 'प्रेयः प्रियतराख्यानं रसवद् रसपेशलम्। उर्जस्वि रुढाहङ्कारं व्यक्तोत्कर्षं च तत् त्रयम्' इत्युक्त्वा प्रेयोरसवदूर्जस्वीत्यलङ्कारत्रयं लक्षयति। उद्भटः (ई.२०१०) काव्यालङ्कारसारसङ्ग्रह इति काव्यशास्त्रीयस्य ग्रन्थस्य चतुर्थवर्गे प्रेय- रसवत्-उर्जस्विन्-पर्यायोक्त-समाहितालङ्काराणां विवेचनं विदधाति। भामह (ई.२०१०) काव्यालङ्कारग्रन्थस्य तृतीये परिच्छेदे 'प्रेयो रसवदूर्जस्वि पर्यायोक्तं समाहितम्' इति प्रस्तूय प्रेयः, रसवत्, ऊर्जस्वि, पर्यायोक्तम्, समाहितञ्चेत्यलङ्काराणां चर्चा विहता। अनेनैतेषामुदाहरणान्यपि प्रस्तुतानि। कु. संजू (ई.२०१८) रसवदलङ्कार और गुणीभूतव्यङ्ग्य इति शीर्षकस्यानुसन्धानात्मके लेखे प्रस्तौति यत् - अन्यत्र वाक्यार्थे

प्रधाने यत्र रसादयोऽङ्गत्वेन समागता दृश्यन्ते तस्मिन् काव्ये रसवदाद्यलङ्कारो भवतीति ध्वनिकारस्य मतमनया उद्धृतम्। सुचित्रा भारती (ई.२०२५) जाह्नवी संस्कृत जर्नल इति पत्रिकाया रसवद् अलङ्कार इति शीर्षकान्विते लेखे समुल्लिखति यत्- रसवदाद्यलङ्काराणामुद्भावनाऽलङ्कारवादिभिराचार्यैः कृताऽस्ति। काव्यालङ्कारग्रन्थस्य रचयित्रा भामहेन शब्दार्थौ सहितौ काव्यमिति काव्यलक्षणं प्रस्तुवन् अलङ्कारेष्वेव रसानामन्तर्भावो विहितः। अनेन यत्र शृङ्गारादिरसाः स्पष्टरूपेणोद्दीप्ता भवन्ति, तत्र रसवत् अलङ्कारो जायत इति।

अनेन प्रकारेण प्राचीनैराचार्यैः रसवदाद्यलङ्कारविषये स्वकीयानि मतानि प्रस्तुतानि। तत्रालङ्कारवादिन आचार्या रसवदाद्यलङ्कारेष्वेव सकलानपि रसानन्तर्भावयन्ति, परं ध्वनिवादिनस्तु रसवदाद्यलङ्कारस्य स्थाने गुणीभूतव्यङ्ग्यं विवेचयन्ति। एतेषामाचार्याणां रसवदाद्यलङ्कारविषयानां मतानां विशदरूपेणाधुनापर्यन्तमनुशीलनं नैव जातम्, अतोऽत्र शोधान्तरालो विद्यत एव। अतः शीर्षकमिदमौचित्यपूर्णं वर्तते। अस्मिन् लेखे रसवदाद्यलङ्काराणां विवेचनं कृतमस्ति। रसवदादीनामलङ्काराणां विषयेऽस्मादध्ययनात् पूर्वं सूक्ष्मरूपेण कुत्राप्यध्ययनं नैव प्राप्यते। विषयमिममवलम्ब्य अधुनापर्यन्तं विशदं विवेचनं नावलोक्यते। अतः शीर्षकमिदं नवीनतथ्योद्घाटने समर्थमस्ति। रसवदादीनामलङ्काराणां विकासः, एतेषामलङ्काराणां काव्यशास्त्रीयं योगदानप्रकाशनञ्चात्र सीमा वर्तते।

अध्ययनविधिः

रसवदाद्यलङ्काराणामनुशीलनमिति शीर्षकान्वितमध्ययनमिदं गुणात्मकपद्धत्यामाधारितं विद्यते। अस्याध्ययनस्योद्देश्यप्राप्तये परम्परितपुस्तकालयं विद्युत्पुस्तकालयञ्च उपयुज्य सामग्रीसङ्कलनं विहितमस्ति। अत्र काव्यशास्त्रिणामालङ्कारिकग्रन्थाः प्राथमिकत्वेन प्रयुक्ताः सन्ति, एवञ्च तदाश्रितान् समालोचनग्रन्थलेखादीञ्च द्वितीयकसामग्रीत्वेनाधीत्य वर्णनविश्लेषणात्मकैर्विधिभिस्तथ्यनिस्सारणं कृतमस्ति। शोधलेखोऽयं मूलतो लेखकमितिपद्धत्यामाधारितो वर्तते।

रसवदादीनामलङ्काराणां परिचयः

यदा रसभावादयोऽन्येषां रसादीनामङ्गत्वेन समागच्छन्ति तदा रसवदाद्यलकारः कथ्यते। रसवदेव प्रेय-ऊर्जस्विसदृशान् अलङ्कारान् बोधयितुं 'आदि' शब्दस्य प्रयोगो विहितः। काव्ये रसः प्रधानत्वेनावतिष्ठते। यदि कश्चित् रसोऽन्यस्य रसस्याङ्गत्वेन दृश्यते चेत् रसवदलङ्कारो भवति। रसवत् इत्यस्यार्थो रसतुल्योऽस्ति। यदा रसतत्त्वानि अन्यतत्त्वेभ्यः गौणा भवन्ति तदा रसानुभूतिरधिकं न जायते, रसप्रधाने तु रसस्यास्वादनमधिकं सञ्जायते। अतः रसतत्त्वानां गौणत्वेऽपि काव्यस्य सौन्दर्यं वर्धते, परन्तु काव्यस्यात्मपक्षेण परिपोषो न प्राप्यते, अतः साहित्याचार्यैरेतादृशी रसावस्था अलङ्कारवर्गे स्थापिता। रसवदादीनामलङ्काराणां विषये ध्वन्यालोककार आनन्दवर्धनः कथयति -

प्रधानेऽन्यत्र वाक्यार्थे यत्राङ्गन्तु रसादयः।
काव्ये तस्मिन्नलङ्कारो रसादिरिति मे मतिः ॥२/५

यत्र अन्यार्थे प्रधाने रसादीनि तत्त्वानि अङ्गरूपेण विद्यन्ते, तस्मिन् काव्ये रसादिः (रसवदादिः)

अलङ्कारो भवति। रसप्रधाने सति तु ध्वनिर्भवति, यदा तु रसोऽन्यतत्त्वेभ्यो गौणरूपेणावतिष्ठते तदा रसवदाद्यलङ्कारत्वेन गुणीभूतव्यङ्ग्यो भवति। रसस्य नित्यं व्यङ्ग्यत्वात् रसध्वनियुक्तं काव्यं श्रेष्ठं काव्यं मन्यते, रसवदाद्यलङ्कारे च व्यङ्ग्यस्य गौणत्वात् तादृशं काव्यं मध्यमकाव्यं मन्यते।

'रसवदादिः" इति शब्दे विद्यमानात् आदिशब्दात् रसवत्-प्रेय-ऊर्जस्वि-समाहिताश्च ज्ञायन्ते। केचन विद्वांसः रसवदाद्यलङ्कारेषु भावोदय-भावसन्धि-भावशवलताश्च समावेशयन्ति। अलङ्कारशास्त्रिणां मते यदा रसोऽन्यस्याङ्गत्वेनावतिष्ठते तदा रसवत् इति, यदा भावोऽन्यस्याङ्गत्वेन दृश्यते तदा प्रेयः, रसाभास-भावाभासौ यदाऽन्यस्याङ्गत्वेन समागच्छतः, तदा ऊर्जस्वी कथ्यते, भावशान्तिः अन्यस्याङ्गे सति समाहितः, भावोदय-भावसन्धि- भावशवलताश्च अन्यस्याङ्गे सति एतन्नामका एवालङ्कारा भवन्ति।

रसवदादीनामलङ्काराणां विकासक्रमः

रसवदाद्यलङ्कारसन्दर्भे विविधैराचार्यैः प्रस्तुतानि मतानि, एषामलङ्काराणां विकासक्रमश्चात्र प्रस्तूयन्ते -

भामहः

षष्ठशताब्द्या आचार्यभामहात् रसवदाद्यलङ्कारसन्दर्भे चर्चा आरब्धा दृश्यते। तेन प्रेय-रसवत्-ऊर्जस्वि-समाहितानामेवालङ्कारणां चर्चा कृता विद्यते। तेन केवलं रसवदलङ्कारस्य लक्षणं वर्णितम्, अन्येषामुदाहरणानि च प्रदत्तानि। यथा-

प्रेयो रसवदूर्जस्वि पर्यायोक्तं समाहितम्।३/१
प्रेयो गृहागतं कृष्णमवादीद् विदुरो यथा।
अद्य या मम गोविन्द जाता त्वयि गृहागते ॥
कालेनैषा भवेत्प्रीतिस्तवैवागमनात्पुनः।
रसवद् दर्शितस्पष्टश्रृङ्गारादिरसं यथा ॥३/५
देवी समागमद्धर्ममस्करण्यतिरोहिता॥३/६॥
ऊर्जस्वि कर्णेन यथा पार्थाय पुनरागतः।
द्विः सन्दधाति किं कर्णः शल्येत्यहिरपाकृतः॥३/७॥

दण्डी

सप्तमशताब्द्याः दण्डिना भामहप्रतिपादितानां रसवदादीनामलङ्काराणां स्वरूपं विशेषरूपेण स्पष्टीकृतम् अस्ति। दण्डिना प्रेयोरसवदूर्जस्वीत्यलङ्कारत्रयं लक्षयन्नाह-

प्रेयः प्रियतराख्यानं रसवद् रसपेशलम्।
उर्जस्वि रुढाहङ्कारं व्यक्तोत्कर्षं च तत् त्रयम् ॥ २/२७५

अतिशयेन प्रियस्यार्थरूपस्य कस्यचिदाख्यानं प्रतिपादनं वा प्रेय इति ज्ञाप्यते। श्रृङ्गारादिना रसेन मनोज्ञं रसवद् वाक्यं विज्ञेयम्। रूढो दीप्तोऽहङ्कारो यत्र तादृशं वचनमूर्जस्वि ज्ञेयम्। अनेन प्रेयोऽलङ्कारस्योदाहरणे पद्यमिदं प्रस्तुतम् -

अद्य या मम गोविन्द जाता त्वयि गृहागते।

कालेनैषा भवेत्प्रीतिस्तवैवागमनात्पुनः॥२/२७६॥

उद्भटः

अष्टमशताब्द्यामुद्भवस्योद्भटस्य काव्यालङ्कारसारसङ्ग्रह इति काव्यशास्त्रीयो ग्रन्थः। अस्य ग्रन्थस्य चतुर्थवर्गेऽनेन प्रेय-रसवत्-उर्जस्विन्-पर्यायोक्त-समाहितालङ्काराणां चर्चा कृताऽस्ति। तस्य मते यस्मिन् काव्ये ५० भावाः (९ स्थायिभावाः, ३३ व्यभिचारिभावाः, ८ सात्त्विकभावाश्च) वर्णिताः सन्ति, तत् प्रेयकाव्यम्। यस्मिन् काव्ये शृङ्गारादिरसानां वर्णनं भवति तत् रसवत्। एवञ्च रसभावयोरनौचित्येन वर्णनं ऊर्जस्वी, यत्र चान्ये रसा न वर्ण्यन्ते तत्र समहितालङ्कारः। अस्यानुसारेण प्रेयोऽलङ्कारस्य लक्षणं यथा -

रत्यादिकानां भावानामनुभावादिसूचनैः।
यत्काव्यं बध्यते सद्भिस्तत्प्रेयस्वदुदाहृतम्।। ४/२
तथैव रसवदलङ्कारस्य लक्षणं यथा -
रसवद्दर्शितस्पष्टशृङ्गारादिरसोदयम्।
स्वशब्दस्थायिसञ्चारिविभावाभिनयास्पदम्।।४/३
ऊर्जस्विलक्षणम् -
अनौचित्यप्रवृत्तानां कामक्रोधादिकारणात्।
भावानां च रसानां च बन्ध ऊर्जस्वि कथ्यते।। ४/५
पर्यायोक्तलक्षणम् -
पर्यायोक्तं यदन्येन प्रकारेणाभिधीयते।
वाच्यवाचकवृत्तिम्यां शून्येनावगमात्मना।। ४/६

रुद्रटः

नवमशतकोत्पन्नेन रुद्रटेन काव्यलङ्कार इति पुस्तकस्य द्वादशाध्यायतः पञ्चदशाध्यायेषु विविधानां रसानां वर्णनं कृतमस्ति किन्त्वनेन पूर्वोक्तानामलङ्काराणां नाम नैवोक्तम्। असावलङ्काराणां पृथक् वर्णनं नैव करोति, यतोऽसौ रसानपि अलङ्कारेष्वैवान्तर्भावयति। तेन नवरसैः सह प्रेयरसस्य चर्चापि कृतास्ति। यथा-

स्नेहप्रकृतिः प्रेयान्संगतशीलार्यनायको भवति।
स्नेहस्तु साहचर्यात्प्रकृतेरुपचारसम्बन्धात्।।
निर्व्याजमनोवृत्तिः सनर्मसद्भावपेशलालापाः।
अन्योन्यं प्रति सुहृदोर्व्यवहारोऽयं मतस्तत्र।।
प्रस्यन्दिप्रमदाश्रुः सुस्निग्धस्फरलोचनालोकः।
आर्द्रान्तःकरणतया स्नेहपदे भवति सर्वत्र।।(१५/१७-१९)

भोजराजः

नवमशताब्द्यां समुद्भूतेन भोजराजेन सरस्वतीकण्ठाभरणग्रन्थे रुद्रटविधिं स्वीकृत्य दोषगुणरसादिविषये

चर्चा कृता अस्ति। असौ दण्डिनः 'प्रेयो: प्रियतरख्यातम्' इत्यस्य आधारेण रसवदादीनामलङ्काराणां विश्लेषणं कृतवान् अस्ति। असौ रसस्य सन्दर्भे प्रेयान् विवेचयति, यथा-

यदेव रोचते मह्यं तदेव कुरुते प्रिया।
इति वेत्ति न जानाति तत्प्रियं यत्करोति सा।। (५/७४)

अत्र वत्सलप्रकृतेर्धीरतया ललितनायकस्य प्रियालम्बनविभावादुत्पन्नः स्नेहस्थायिभावो विषयसौकुमार्यात्मप्रकृत्यादिभिरुद्दीपनविभावैरुद्दीप्यमानः समुपजायमानैर्मोहधृतिस्मृत्यादिभिर्व्यभिचारिभावैरनुभावैश्च संसृज्यमानो निष्पन्नः प्रेयानिति प्रतीयते।

आनन्दवर्धनः

नवमशताब्द्या आनन्दवर्धनेन ध्वन्यालोकग्रन्थे अन्यवाक्यार्थप्रधानत्वे सति यदा रसादितत्त्वानि अङ्गत्वेन समागच्छन्ति तदा रसवदादयोऽलङ्कारा भवन्तीति प्रस्तुतम्। अभिनवगुप्तोऽपि ध्वन्यालोकस्य लोचनटीकायां रसवदाद्यलङ्कारविषये प्राचीनाचार्यानां मतं सङ्क्षेपेण प्रस्तुत्य विषयमिमं प्रस्तौति यत् - यत्र रसादिवाक्यानि प्राधान्येन स्थितानि तत्र ध्वनिर्भवति, यत्रान्यवाक्यार्थः प्राधान्येन समागते रसादिद्वारा चारुत्वनिष्पत्तिर्विधीयते तत्र रसादिरलङ्कारो भवति। आनन्दवर्धनेन उक्तं यत् -

प्रधानेऽन्यत्र वाक्यार्थे यत्राङ्गं तु रसादयः।
काव्ये तस्मिन्नलङ्कारो रसादिरिति मे मतिः।। (१/५)

श्लोकस्यास्य व्याख्यायां पुनस्तेनोक्तम् - 'यद्यपि रसवदलङ्कारस्यान्यैर्दर्शितो विषयस्तथापि यस्मिन् काव्ये प्रधानतयाऽन्योऽर्थो वाक्यार्थीभूतस्य चाङ्गभूता ये रसादयस्ते रसादेरलङ्कारस्य विषया इति मामकीनः पक्षः। तद्यथा चाटुषु प्रेयोऽलङ्कारस्य वाक्यार्थत्वेऽपि रसादयोऽङ्गभूता दृश्यन्ते।'

कुन्तकः

दशमशतकोद्भवेन कुन्तकेन वक्रोक्तिजीवितकाव्ये रसवदादीनामलङ्काराणां खण्डनं विहितम्। रसस्तु स्वयमेवालङ्कार्यः, अलङ्कार्यः कथमलङ्कारो भवतीति जिज्ञासां प्रस्तुवन् असौ रसवदाद्यलङ्कारं न स्वीकरोति -

अलङ्कारो न रसवत् परस्याप्रतिभासनात्।
स्वरूपादतिरिक्तस्य शब्दार्थासङ्गतेरपि।। (३/११)

असौ व्याख्यां करोति - 'अलङ्कारो न रसवत्। रसवदिति योऽयमुत्पादितप्रतीतिर्नामालऽङ्कारस्तस्य विभूषणत्वं नोपपद्यते इत्यर्थः। कस्मात् कारणात् - स्वरूपादतिरिक्तस्य परस्याप्रतिभासनात्। वर्ण्यमानस्य वस्तुनो यत् स्वरूपमात्मीयः परिस्पन्दस्तस्मादतिरिक्तस्यात्यधिकस्य परस्याप्रतिभासनाद् अनवबोधानात्। तदिदमत्र तात्पर्यम् - यत् सर्वेषामेवालङ्कृतीनां सत्कविवाक्यानामिदमलङ्कार्यमिदमलङ्करणम् इत्यपोद्धारविहितो विविक्तभावः सर्वस्य कस्यचित् प्रमातुश्चेतसि परिस्फुरति। रसवदलङ्कारवदिति वाक्ये पुनरवहितचेतसोऽपि न किंचिदेतदेव बुध्यामहे।'

मम्मटः

एकादशशतकोद्भवेन मम्मटेन काव्यप्रकाशग्रन्थस्य चतुर्थोल्लासे असंलक्ष्यक्रमव्यङ्ग्यध्वनेः परिचयप्रदानसन्दर्भे रसवदलङ्काराणां विषये प्रस्तुतमस्ति -

रसभावतदाभासभावशान्त्यादिरक्रमः।
भिन्नो रसाद्यलङ्कारादलङ्कार्यतया स्थितः।। (४/२६)

आदिग्रहणाद्भावोदयभावसन्धिभावशबलत्वानि। प्रधानतया स्थितो रसादिस्तत्रालङ्कार्यः। अन्यत्र तु प्रधाने वाक्यार्थे यत्राङ्गभूतो रसादिस्तत्र गुणीभूतव्यङ्ग्ये रसवत्प्रेय-ऊर्जस्विसमाहितादयोऽलङ्काराः।

अस्यानुसारेण यत्र रसतत्त्वं प्रधानं तत्र अलङ्कार्यो भवति, यत्र च वाक्यार्थप्रधाने रसतत्त्वं गौणं जायते, तस्मिन् गुणीभूतव्यङ्ग्यकाव्ये रसवदादयोऽलङ्कारा भवन्ति। मम्मटेन गुणीभूतव्यङ्ग्यस्य अपराङ्गभेदे सकलानामपि रसवदादीनामलङ्काराणामुदाहरणानि प्रस्तुतानि सन्ति।

रुय्यकः

एकादशशतकोत्पन्नेन रुय्यकेन अलङ्कारसर्वस्वग्रन्थे रसवदादीन् अलङ्कारान् अलङ्कारवर्गे परिगणिताः। अनेन रसवदलङ्कारस्य लक्षणमित्थं प्रकारेण प्रस्तुतम् -

'रसभावतदाभास तत्प्रशमानां निबन्धनेन रसवत्प्रेयऊर्जस्विसमाहितानि' (सू० ८३)। अस्य सूत्रस्य ग्रन्थकारेणानेन प्रकारेण व्याख्या विहिता -

'उदात्ते महापुरुषचरितस्य चित्तवृत्तिरूपत्वाच्चित्तवृत्तिविशेषस्वभावत्वाच्च रसादीनामिह तद्वदलङ्काराणां प्रस्तावः। अत एव चत्वारोऽलङ्कारा युगपल्लक्षिताः। तत्र विभावानुभावव्यभिचारिभिः प्रकाशितो रत्यादिश्चित्तवृत्तिविशेषो रसः। भावो विभावानुभावाभ्यां सूचितो निर्वेदादिस्त्रयस्त्रिंशद्भेदः। देवादिविषयश्च रत्यादिर्भावः। तदाभासो रसाभासो भावाभासश्च। आभासत्वमविषयप्रवृत्त्यानौचित्यम्, तत्प्रशम उक्तप्रकाराणां निवर्तमानत्वेन प्रशाम्यदवस्था। तत्रापि रसस्य परविश्रान्तरूपत्वात् सा न संभवति इति परिशिष्टभेदविषयो द्रष्टव्यः। एषामुपनिबन्धे क्रमेण रसवदादयोऽलङ्काराः। रसो विद्यते यत्र निबन्धने व्यापारात्मनि तद् रसवत्। प्रियतरं प्रेयो निबन्धनमेव द्रष्टव्यम्। एवमूर्जो बलं विद्यते यत्र तदपि निबन्धनमेव। अनौचित्यप्रवृत्तत्वादत्र बलयोगः। समाहितं परिहारः। स च प्रकृतत्वादुक्तभेदविषयः प्रशमापरपर्यायः। तत्र यस्मिन्दर्शने वाक्यार्थीभूता रसादयो रसवदाद्यलंकाराः, तत्राङ्गभूतरसादिविषये द्वितीय उदात्तालंकारः। यन्मते त्वङ्गभूते रसादिविषये रसवदाद्यलंकारा अन्यस्य रसादिध्वनिना व्याप्तत्वात् तत्रोदात्तालङ्कारस्य विषयो नावशिष्यते, तद्विषयस्य रसवदादिना व्याप्तत्वात्।'

विश्वनाथः

चतुर्दशशताब्द्यां समुद्भूतेन विश्वनाथेन साहित्यदर्पणग्रन्थस्य दशमे परिच्छेदे रसवदाद्यलङ्कारस्य विषये प्रस्तुतं यत् -

रसभावौ, तदाभासौ, भावस्य प्रशमस्तथा।
गुणीभूतत्वमायान्ति यदाऽलङ्कृतयस्तदा ॥
रसवत्प्रेयऊर्जस्विसमाहितमिति क्रमात्।

यदा रस-भाव-रसाभास-भावाभास-भावप्रशमश्च कस्यापि रसस्याङ्गत्वेन समागच्छन्ति तदा क्रमशः रसवत्-प्रेय-ऊर्जस्वि- समाहिता अलङ्कारा भवन्ति। तेनैतेषां सर्वेषामप्यलङ्काराणाम् उदाहरणानि प्रस्तुतानि सन्ति।

अप्पयदीक्षितः

षोडशशताब्द्यां समुद्भवेन अप्पयदीक्षितेन कुवलयानन्दनामकेऽलङ्कारशास्त्रे रसवदादीनामलङ्काराणां परिचयः प्रस्तुतोऽस्ति -

रसभावतदाभासभावशान्तिनिबन्धनाः।
चत्वारो रसवत्प्रेयऊर्जस्वि च समाहितम् ॥
भावस्य चोदयः सन्धिः शवलत्वमिति त्रयः।

अनेन रसवत्-प्रेय-ऊर्जस्वि-समाहित-भावोदय-भावसन्धि-भावशवलतानामकाः सप्तसङ्ख्यका रसवदादयोऽलङ्काराः प्रस्तुताः, एवञ्चैतेषामुदाहरणानि च प्रदत्तानि।

रसवदलङ्कार-गुणीभूतव्यङ्ग्ययोः सम्बन्धः

रसवदलङ्काराणां निरूपणक्रमे एव गुणीभूतव्यङ्ग्यस्य विषयोऽपि समागच्छति। अलङ्कारा साक्षात् शब्दार्थयोरुपकारकाः परन्तु गुणीभूतो रस शब्दार्थयोरुपकारका न, प्रत्यक्षतः रसान्तराणामुपकारका भवन्ति। अत्र अलङ्काराणां सामान्यलक्षणमपि अननुभूय समीक्षका रसवदलङ्कारनाम्नाऽस्वीकृत्य गुणीभूतव्यङ्ग्यं कथयन्ति। एतेषां मतानुसारेण ध्वनि-गुणीभूतव्यङ्ग्याभ्यां भिन्नं वस्तु नास्ति, रसवदलङ्कारनामकं तृतीयं वस्तु नास्ति वा। परं ध्वनिकारेण रसवदलङ्कारस्य गुणीभूतव्यङ्ग्यस्य च द्वयोः सत्ता स्वीकृता। अस्य मतानुसारेण रसादिध्वनौ अपराङ्गे जाते रसवत्-प्रेयालङ्कारौ भवतः। एवञ्च वस्त्वलङ्कारध्वनौ अपराङ्गे जाते गुणीभूतव्यङ्ग्यस्वीकारे द्वयोः समन्वयो जायते। अतो यत्र रसादयो वाक्यार्था दृश्यन्ते, तत्र रसादीनामलङ्काराणां विषयो न, अपि तु ध्वनेः प्रभेदा भवन्ति। यत्र प्रधानरूपेणार्थान्तरा वाक्यार्थत्वे रसादिद्वारा चारुत्वनिष्पत्तिर्जायते, तत्र रसादेरलङ्कारस्य विषयः। ध्वनिकारेणोक्तं यत् - तस्माद्यत्र रसादयो वाक्यार्थीभूताः सः सर्व न रसादेरलङ्कारस्य विषयः, सध्वनेः प्रभेदः, तस्योपमादयोऽलङ्काराः। यत्र तु प्राधान्येनार्थान्तरस्य वाक्यार्थीभावे रसादिभिश्चारुत्वनिषपत्तिः क्रियते, स रसादेरलङ्कारताया विषयः (ध्वन्यालोकः)।

ध्वनि-उपमाद्यलङ्कार-रसवदलङ्कारश्च

रसवदलङ्काराणां विवेचने विदुषां मध्ये मतभेदोऽपि दृश्यते। तत्र कतिपये विद्वांसः कथयन्ति यत् - चेतनवस्तूनां वाक्यार्थीभूते रसवदलङ्कारः। एवञ्चाचेतनानां वाक्यार्थीभूते उपमादयोऽलङ्काराः। अचेतनानां वाक्यार्थीभूते तत्र चित्तवृत्तिरूपाणां रसानां सम्भवो न, अतो तस्य रसवदलङ्काराणां सम्भावना न। एतादृशे स्थले उपमादीनामलङ्काराणां विषयः। तत्रैव चेतनवस्तूनां वाक्यार्थीभावे तु रसवदलङ्कारस्य विषयः स्वीकरणीयो भवति।

आचार्य आनन्दवर्धनः सन्दर्भमिमं न स्वीकरोति। असौ ध्वनि-उपमाद्यलङ्कार-रसवदलङ्काराणां विषये

स्वमतं प्रस्तौति यत् -

- यत्र रसादीनां प्रतीतिः प्रधानरूपेण भवति, तत्र रसध्वनेर्विषयः।
- यत्र मुख्यो रसोऽलङ्कार्यः, कोऽप्यङ्गभूतो द्वितीयो रसोऽपि नास्ति चेत् तत्र उपमादीनामलङ्काराणां विषयः।
- यत्र रसादयोऽङ्गरूपेण विद्यमानाः सन्ति चेत् तत्र रसवदलङ्काराणां विषयः।

अनेन प्रकारेण ध्वनेरुपमादीनामलङ्काराणां रसवद्यलङ्काराणां च क्षेत्रं पृथगेव संलक्ष्यते। यदि चेतनानां वाक्यार्थीभावे रसवदलङ्काराः स्वीक्रियन्ते चेत् उपमाद्यलङ्काराणां विषय एव विरलेन भवति, सर्वथा न भवति वा। यतो यत्राचेतनवस्तुवृत्तानां मुख्ये वाक्यार्थत्वे तत्र केनापि प्रकारेण विभावादिद्वारा चेतनवस्तुवृत्तान्तानां योजना निश्चितरूपेण भवत्येव। अतः सर्वेषु स्थानेषु चेतनवस्तूनां वाक्यार्थत्वे ते सर्वेऽपि रसवदलङ्काराणां विषयो जायते।

रसवदादीनामलङ्काराणां प्रकारः

रसवदादीनामलङ्काराणां भेदप्रदर्शनक्रमे कतिपये आचार्या रसवत्-प्रेय-ऊर्वस्वि-समाहितान् च स्वीकृतवन्तः। कतिपये भावोदय-भावसन्धि-भावशलताश्च योजयित्वा सप्त अलङ्कारान् वर्णयन्ति। उपमाद्यलङ्कारेभ्यो भिन्नवैशिष्ट्यादेतेषां रसवदादीनामलङ्काराणां विवेचनं रसप्रसङ्गे गुणभूतव्यङ्ग्यप्रसङ्गे च विहितं विलोक्यते। एतेषामलङ्काराणां स्वरूपाणि उदाहरणानि चाधः प्रस्तुतानि सन्ति -

रसवत्

कोऽपि रसोऽन्यस्य रसस्य भावस्य वाऽङ्गत्वेन समागते रसवदङ्कारो भवति। यथा-

अयं स रशनोत्कर्षो पीनस्तनविमर्दनः।
नाभ्यूरुजघनस्पर्शी नीवीविस्रंसनः करः ॥(काव्यप्रकाशः)

अत्र युद्धक्षेत्रे कर्तितं स्वभर्तुर्हस्तं विलोक्य भार्यायाः विलापस्य वर्णनेन प्रकटितः करुणरसः स्मर्यमाणस्य शृङ्गाररसस्याङ्गत्वेन समागतः।

प्रेयः

यदा भावा अन्येषां रसादीनामङ्गत्वेन समागच्छन्ति, तदा प्रेयोऽलङ्कारः। अस्योदाहरणम् -

कदा वाराणस्याममरितटिनीरोधसि वसन्।
वसानः कौपीनं शिरसि निदधानोऽञ्जलिपुटम् ॥
अये गौरीनाथ त्रिपुरहर शम्भो त्रिनयनः।
प्रसीदेत्याक्रोशान्निमिषमिव नेष्यामि दवसान् ॥ (कुवलयानन्दः)

अत्र श्चिन्ताव्यभिचारिभावः शान्तरसस्याङ्गत्वेन समागतः। अतोऽत्र प्रेयोऽलङ्कारः।

ऊर्जस्वि

यदा रसाभास-भावाभासौ अन्येषां रसादीनामङ्गत्वेन विद्यमानौ भवतस्तदा ऊर्जस्विरलङ्कारो जायते। यथा-

वनेऽखिलकलासक्ताः परिहृत्य निजस्त्रियः।
त्वद्वैरिवनितावृन्दे पुलिन्दा कुर्वते रतिम् ॥ (साहित्यदर्पणः)

अत्र परस्त्रीविषयकस्य रतिभावस्य वर्णनमनौचित्यात् शृङ्गाराभासो वर्तते, असौ रसाभासो राजविषयकस्य रतिभावस्याङ्गत्वेन वर्णितः। अतोऽत्र ऊर्जस्वी अलङ्कारः।

समाहितः

भावशान्तिर्भावस्य परिहारो वा यदा अन्येषां रसादीनामङ्गत्वेन समागता दृश्यन्ते, तदा समाहितोऽलङ्कारः। यथा-

अविरलकरवालकम्पनैर्भ्रुकुटीतर्जनगर्जनैर्मुहुः।
ददृशे तव वैरिणां मदः, स गतः क्वापि तवेक्षणे क्षणात् ॥ (साहित्यदर्पणः१०/९५)

अत्र शत्रौ विद्यमानस्य मदभावस्य प्रशमो राजविषयकस्य रतिभावस्याङ्गत्वेन वर्णितत्वाद् समाहितालङ्कारः।

भावोदयः

यदा भावस्योदयः अन्येषां रसादीनामङ्गत्वेन वर्णितो भवति तदा भावोदयोऽलङ्कारः। यथा-

मधुपानप्रवृत्तास्ते सुहृद्भिः सह वैरिणः।
श्रुत्वा कुतोऽपि त्वन्नाम लेभिरे विषमां दशाम्।। (साहित्यदर्पणः)

अत्र शत्रुषु दृश्यमानस्य त्रासस्योदयो राजविषयकस्य रतिभावस्याङ्गत्वेन वर्णितत्वात् भावोदयोऽलङ्कारः।

भावसन्धिः

यदा भावसन्धिर्गौणो भवति, अन्येषामङ्गत्वेन दृश्यते वा तदा भावसन्धिरलङ्कारः। यथा-

जन्मान्तरीणरमणस्याङ्गसङ्गसमुत्सुका।
सलज्जा चान्तिके सख्याः पातुनः पार्वती सदा ॥ (साहित्यदर्पणः)

अत्र पार्वत्यां दृश्यमानयो औत्सुक्य-लज्जयोः सन्धिर्देवताविषयकस्य रतिभावस्याङ्गत्वेन वर्णितः, अतोऽत्र भावसन्धिरलङ्कारः।

भावशवलता

यदा बहवो भावाः अन्येषां रसादीनामङ्गत्वेन वर्ण्यन्ते, तदा भावशवलताऽलङ्कारो जायते। यथा -

क्वाकार्यं शशलक्ष्मणः क्व च कुलं ? भूयोऽपि दृश्यत सा,
दोषाणां प्रशमाय न श्रुतमहो कोपेऽपि कान्तं मुखम्।
किं वक्ष्यन्त्यकल्मषाः कृतधियः स्वप्नेऽपि सा दुर्लभा,
चेत ! स्वास्थ्यमुपैहि, कः खलु युवा धन्योऽधरं धास्यति ? (कुवलयानन्दः)

अत्र वितर्कौत्सुक्य-मति-स्मरण-शङ्का-दैन्य-धृति-चिन्तानां भावानां शवलता विप्रलम्भस्य शृङ्गाररसस्याङ्गत्वेन समागता दृश्यन्ते, अतोऽत्र भावशवलताऽलङ्कारः।

निष्कर्षः

रसभावादयो यदाऽन्येषां रसादीनामङ्गत्वेन समागच्छन्ति तदा रसवदादयोऽलङ्कारा जायन्ते। अलङ्कार्यो रसादिरपि गौणतां प्राप्नोति। गौणत्वेन रसादयोऽलङ्काराः प्रधानभूतान् रसानुपकुर्वन्ति, रसादीनां सौन्दर्यवृद्धिं च कुर्वन्ति। शब्दार्थालङ्कारेभ्यो रसवदादीनामलङ्काराणां वैशिष्ट्यं पृथगेव वर्तते। एतेऽलङ्कारा गुणीभूतव्यङ्ग्यस्य कोटौ समागता भवन्ति। काव्यसौन्दर्यसंवर्धने काव्यचमत्कृतिविस्तारे चैतेषामलङ्काराणामधिकं महत्त्वमस्तीति विषयः प्राचीनैराचार्यैराधुनिकैश्चाचार्यैर्बहुधा प्रतिपादितो दृश्यते। काव्यस्यात्मपक्षेण सह निकटवर्तिन एते रसवदादयोऽलङ्कारा निश्चयरूपेण काव्यसौन्दर्भमभिवर्धयन्ति।

सन्दर्भसूची

अप्पयदीक्षितः (वि.सं. २०१३) *कुवलयानन्दः*, चौखम्बा विद्याभवन।

आनन्दवर्धनः (ई.१९८२) *ध्वन्यालोकः* (लोचनटीका), चौखम्बा विद्याभवन।

कुन्तकः (ई.१९६७), *वक्रोक्तिजीवितम्*, चौखम्बा सिरिज।

कु.संजू (ई.२०१८), रसवदलङ्कार और गुणीभूतव्यङ्ग्य IJSRSET जर्नल Vol.4, Issue-7

चतुर्वेदी, पुरुषोत्तम शर्मा, (ई.१९६७) *अलङ्कारों का क्रमिक विकास*, मोतीलाल बनारसी दास।

दण्डी, (ई.१९९५), *काव्यादर्शः*, चौखम्बा संस्कृत संस्थान।

भारती, सुचित्रा (ई.२०२५), *रसवद् अलङ्कार*, जाह्नवी संस्कृत जर्नल, Issue-17th,Vol-V,14.1.14

मम्मट, (ई.१९९८), *काव्यप्रकाशः*, (विश्वेश्वर टीका) ज्ञानमण्डल।

रुद्रटः, (ई.१९६५), *काव्यालङ्कारः*, वासुदेव प्रकाशन।

रुय्यकः, (ई.२००१), *अलङ्कारसर्वस्वम्*, चौखम्बा सुरभारती प्रकाशन।

ॐ
शन्नो विष्णुरुरुक्रमः
पण्डित श्रीलोकनाथ लुइटेल स्मृति-प्रतिष्ठान
धरान-१६, सुनसरी
प.सं. :
च.नं. :
मिति : ....

अनुसन्धानात्मक लेखसम्बन्धी नीति :

पण्डित श्रीलोकनाथ लुइटेल स्मृति-प्रतिष्ठान/**लोकदर्पण** जर्नलका लागि निम्नलिखित प्रकाशन नीतिभित्र रही अनुसन्धानमूलक लेख पठाउनुहुन लेखकहरूलाई अनुरोध छ -

१. लेख ३००० हजारदेखि ५००० हजार शब्दसम्मको हुनुपर्ने छ।

२. लेख नेपाली, संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा प्रकाशन गरिने छ।

३. नेपाली, संस्कृत र हिन्दी भाषाको लेख युनिकोड- kokila फन्टको १५ वा १६ आकारमा र अङ्ग्रेजी भाषाको लेख Times New Roman फन्टको १२ आकारमा A-४ आकारको पृष्ठमा चारैतिर एक इञ्च खाली छाडी MS Word File मा शुद्ध भाषामा टाइप गरी पठाउनुपर्ने छ।

४. हस्तलिखित लेखलाई स्वीकार गरिने छैन।

५. लेख पहिले कुनै जर्नल वा पत्रिकामा प्रकाशन नभएको हुनुपर्ने छ।

६. लेख तोकिएको मितिमा इमेल ठेगानामा पठाउनुपर्ने छ। म्याद नाघी आएको लेख स्वीकार्य हुने छैन।

७. नेपाली, संस्कृत र हिन्दी भाषाको लेख निर्दिष्ट लेखनढाँचाअनुसार हुनेपर्ने छ। अङ्ग्रेजी भाषाको लेख American Psychological Association (APA) सातौँ संस्करणको लेखनढाँचाअनुसार हुनुपर्ने छ।

८. प्रत्येक अनुच्छेदको पहिलो पङ्क्ति टाइपनियमअनुसार Indented (केही भित्रबाट सुरु गरिएको) हुनुपर्ने छ।

९. लेख समसामयिकता एवम् मौलिकतामा केन्द्रित हुनुपर्ने छ। मौलिकताका विषयमा लेखक स्वयम् जिम्मेबार हुनुपर्ने छ। यस सम्बन्धमा प्रकाशक र सम्पादक जवाफदेही हुने छैनन्।

१०. लेखमा लेखसार, विषय परिचय, सैद्धान्तिक पर्याधार, अनुसन्धानविधि, सामग्री सङ्कलनको नतिजा, विश्लेषण, निष्कर्ष तथा सन्दर्भसामग्री सूची प्रस्ट रूपमा समावेश गरिएको हुनुपर्ने छ।

११. पूर्वीय वाङ्मयअन्तर्गका वेद, वेदाङ्ग, वेदान्त, धर्म, संस्कृति, कला, साहित्य, धर्मशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, समाजशास्त्र, पाश्चात्त्य दर्शन, आधुनिक चिकित्सा विज्ञान एवम् जुनसुकै क्षेत्रको र समसामयिक राजनीति, अर्थनीति, सामाजिक गतिविधिहरूका बारेमा गरिएका अनुसन्धानमूलक लेखहरूलाई स्वीकार गरिने छ तर लेख कुन विषय र विधाको हो भन्ने कुरा स्पष्ट पारिएको हुनुपर्ने छ।

शीर्षक

- सङ्क्षिप्त, स्पष्ट, सूचनामूलक र प्राज्ञिक जिज्ञासायुक्त हुनुपर्ने छ।
- बढीमा दश शब्दसम्मको हुनुपर्ने छ।
- मुखपृष्ठको सिरानको बिचमा २४ प्वाइन्टमा राखिएको हुनुपर्ने छ।

उपशीर्षकहरू (मूल लेखमा) -

- नेपाली, संस्कृत, हिन्दी आदि देवनागरी लिपिका भाषाहरूमा लेखिएका शोधलेखमा उपशीर्षकलाई अङ्कन गरेर राख्ने। जस्तै - २.१, २.२, २.१.१ आदि। मुख्य शीर्षकलाई मूल अङ्क मानिन्छ र त्यसअन्तर्गतको उपशीर्षकलाई अनि उपशीर्षकको पनि उपशीर्षकलाई दशमलव पद्धतिमा अङ्कन गर्दै लाने। जस्तै -

१. पौरस्त्य वाङ्मय

१.१. दर्शन

१.१.१. वेदान्त दर्शन

१.१.१.१. अद्वैत वेदान्त दर्शन

१.१.१.१.१. अद्वैत वेदान्तमा अध्यास

यी सबै शीर्षकोपशीर्षकहरूमा दोस्रो पङ्क्तिबाट पाठ आरम्भ गर्ने।

यसभन्दा पनि बढी हुने उपशीर्षकलाई क, ख आदि दिएर मिलाउने। जस्तै -

१.१.१.१.१. अद्वैत वेदान्तमा अध्यास

क) ज्ञानाध्यास

ख) अर्थाध्यास

यी क, ख आदि उपशीर्षक दिएर त्यही पङ्क्तिबाट पाठ अगाडि बढाउने। क, ख पछि पनि उपशीर्षक दिनुपरेमा अ, आ आदि दिएर राख्ने। जस्तै -

क) ज्ञानाध्यास

अ)

आ)

लेखसार

- बढीमा १५० शब्दसम्मको हुनुपर्ने छ।
- अति सङ्क्षिप्तमा परिचय, उद्देश्य, अध्ययन विधि, विश्लेषणको आधार (सैद्धान्तिक पर्याधार) र निष्कर्ष उल्लेख हुनुपर्ने छ।
- लेखसारमा कुनै सन्दर्भ (citation) प्रयोग नगरिएको हुनुपर्ने छ।

शब्दकुञ्जी - बढीमा पाँचओटा पारिभाषिक शब्द वा शब्दावलीको सूची शब्दकुञ्जीमा उल्लेख हुनुपर्ने छ।

मूल लेख

विषय परिचय : सङ्क्षिप्त विषय परिचय, समस्या पहिचान, उद्देश्य, औचित्य तथा स्पष्ट रूपमा अनुसन्धान अन्तराल (Research Gap)/पूर्वकार्य समीक्षासहितको परिचय ६०० देखि ९०० शब्दसम्मको हुनुपर्छ।

अनुसन्धान विधि : अनुसन्धान विधि, अध्ययन क्षेत्र, सामग्री सङ्कलन, परीक्षण, प्रयोग, तालिकीकरण, विश्लेषणको ढाँचा यस खण्डमा हुनु जरुरी छ। यो खण्ड करिब ३०० देखि ५०० शब्दसम्मको हुनुपर्ने छ।

सैद्धान्तिक पर्याधार : कुन सिद्धान्तलाई आधार मानेर सङ्कलित सामग्रीको विश्लेषण गरिने हो भन्ने आधार निर्माण हुनु जरुरी छ। यो खण्ड ५०० देखि ८०० शब्दसम्मको हुनुपर्ने छ।

पूर्वकार्य समीक्षा : यसलाई सङ्क्षिप्त ढङ्गले साररूपमा विषय परिचयभित्र नै समेट्नुपर्ने छ।

विश्लेषण : यस खण्डमा सङ्कलित सामग्रीलाई विभिन्न कोणबाट विश्लेषण गरी उद्देश्यप्राप्तिमा पुग्नुपर्छ। यो खण्ड १३०० देखि २३०० शब्दसम्मको हुनुपर्ने छ।

निष्कर्ष : यस खण्डमा प्राप्तिको मूल कुरा समावेश गरिएको हुनुपर्छ। यो खण्ड २५० देखि ३०० शब्दसम्मको हुनुपर्ने छ।

सन्दर्भसामग्री सूची :

- जर्नल, लेख, पुस्तक, शोधग्रन्थ आदि आफूले पाठमा प्रयोग गरेका सामग्रीलाई निर्दिष्ट ढाँचाअनुसार नै उल्लेख गरिएको हुनुपर्ने छ।
- पाठमा सन्दर्भाङ्कन गरिएका सामग्रीलाई मात्र सन्दर्भसामग्री सूचीमा राखिएको हुनुपर्ने छ।
- अङ्ग्रेजी भाषाको लेखका सन्दर्भ सामग्रीलाई एपीए ढाँचामा नै राखिएको हुनुपर्ने छ।

सन्दर्भ सामग्री सूचीका लागि निर्दिष्ट ढाँचाअनुसारका उदाहरणहरू -

- **पुस्तक, अनुसन्धान प्रतिवेदन, शोधप्रबन्ध**
- **संस्कृतका टीकायुक्त ग्रन्थ**
  - कालीदास. (सन् १९८६). *कुमारसम्भवम्.* (पञ्च. सर्ग). (हिन्दी व्या. प्रद्युम्न पाण्डेय). वाराणसी : चौखम्बा विद्याभवन।
  - गौतमः. (२०६९). न्यायदर्शनम्, सा.सं.. वात्स्यायनभाष्यसहित. (हिन्दी व्या. ढुण्डीराज शास्त्री). वाराणसी : चौखम्बा संस्कृत भवन।
  - अमरसिंहः. (२०७७). *अमरकोशः*, दोस्रो सं. (टीका. कुलचन्द्रगौतमः). काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।
- **एकभन्दा बढी टीका भएको ग्रन्थ**

  दीक्षित, भट्टोजी. (१९६६). *सिद्धान्तकौमुदी.* (लौकिकभागे-ज्ञानेन्द्रसरस्वतीविरचिततत्त्वबोधिनीसमाख्यय,वैदिकभागे-जयकृष्णविरचितसुबोधिनीसमाख्यया,

लिङ्गानुशासने- भैरवमिश्रनिर्मितचन्द्रकलाख्यया च व्याख्यया, शिवदत्त विरचितटिप्पणीभिश्च समन्विता, छोटूपतित्रिपाठिना नन्दलालशास्त्रिणा च संशोधिता). बम्बई : क्षेमराज श्रीकृष्णदास।

- **अनुसन्धानमूलक ग्रन्थ**

मिश्र, श्रीनारायण. (सन् २०००). वैशेषिक दर्शन : एक अध्ययन. वाराणसी : चौखम्बा विद्याभवन।

विश्वकर्मा, दानबहादुर. (२०७९). *शिल्पी समुदायको बृहत् इतिहास.* काठमाडौँ : कलुदेवी विश्वकर्मा।

- **सम्पादकलाई पनि श्रेय दिइएको सम्पादित ग्रन्थ**

शर्मा, रामनाथ. (२०६३). बालकृष्ण पोखरेलको निबन्धकारिता. *प्राज्ञ बालकृष्ण पोखरेल अभिनन्दन ग्रन्थ* (राधेश्याम लेकाली सम्पा.). विराटनगर : चेतन (प्रउस) प्रतिष्ठान नेपाल।

- **प्राज्ञिक अनुसन्धानको सम्पादित पुस्तक**

प्रेक्षित, जगत्प्रसाद उपाध्याय (सम्पा.). (२०७९). *चूडानाथ भट्टरायका पौरस्त्य दर्शनका कृतिहरू.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

- **अर्को भाषाको पुस्तक**

नेपाली, संस्कृत, मैथिली, अवधी, भोजपुरी, हिन्दी आदि देवनागरी लिपि प्रयोग हुने र नेपालमा बोलिने विभिन्न भाषासमेतमा लेखिएका लेख, पुस्तक, शोधप्रबन्ध आदिलाई सन्दर्भसूचीमा नामको अन्तिम खण्डको वर्णानुक्रमअनुसार नेपाली सामग्रीसँगै मिलाएर राखिन्छ तर अङ्ग्रेजी भाषामा लेखिएका लेख तथा पुस्तकलाई रोमन लिपिको क्रम भिन्नै बनाएर राखिन्छ। अनुवाद गरेर देवनागरीमै राख्नुपर्छ भन्ने छैन।

- **अनूदित पुस्तक**

सरदेसाई, श्रीनिवास गणेश. (२०७०). *भारतीय दर्शन वैचारिक एवम् सामाजिक सङ्घर्ष* (अनु. बालकृष्ण श्रेष्ठ 'नेभा'). काठमाडौँ : मानववादी समाज (सोच) नेपाल।

- **विभिन्न भागमा प्रकाशित पुस्तक**

साङ्कृत्यायन, कमला. (सन् १९६०). *हिन्दी साहित्यका बृहद् इतिहास* (राहुल साङ्कृत्यानद्वारा सम्पादित). सोह्रौँ भाग. वाराणसी : काशी नगरी प्रचारिणी सभा।

- **शैली पुस्तिका**

निरौला, यज्ञेश्वर, सुवेदी, सागरमणि, श्रेष्ठ, अमृतकुमार, लुइटेल, हरिशरण र मिश्र, भवानीप्रसाद. (२०८१). *अनुसन्धानको रूप र शैली.* धरान : पण्डित श्रीलोकनाथ लुइटेल स्मृति प्रतिष्ठान।

- **शब्दकोश/विश्वकोश**

उप्रेती, गङ्गाप्रसाद, बन्धु, चूडामणि, पोखरेल, माधव प्रसाद, भट्टराई, तुलसीप्रसाद, उपाध्याय, जगत्प्रसाद , पौडेल, हेमनाथ र निरौला, यज्ञेश्वर (सम्पा.). (२०७९). *प्रज्ञा नेपाली बृहद् शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

- **साहित्य सङ्कलन पुस्तक**

पौडेल, गोपीन्द्र, सुवेदी, धनप्रसाद (सम्पा.). (२०७७). *प्रज्ञा समकालीन नेपाली समालोचना.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

- **पुराणादि धार्मिक ग्रन्थ**

वेदव्यास. (२०३७). *श्रीमद्भागवतमहापुराणम्* (मूलमात्रम्). गोरखपुर : गीताप्रेस।

- **प्राचीन ग्रन्थ (लेखक नभएको)**

सामवेदसंहिता (सायणभाष्यसहित). (सन् २०१९). पं. रामस्वरूपशर्मा गौड (हिन्दी अनु.). वाराणसी : चौखम्बा विद्याभवन।

- **प्राचीन अनूदित ग्रन्थ**

भरतमुनि. (२०७७). *नाट्यशास्त्र* (गोविन्दराज भट्टराई, अनु.). काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

- **मूल लेखकको मृत्यु भएको पचास वर्षपछि प्रकाशित पुस्तक**

देवकोटा, लक्ष्मीप्रसाद. (२०८१). *लक्ष्मी निबन्धसङ्ग्रह तथा दाडिमको रुखनेर* (यज्ञेश्वर निरौला, संयोजन, समीक्षा र सम्पादन). काठमाडौँ : मधुवन प्रकाशन।

- **सम्पादित पुस्तकको खण्ड/अध्याय/ भाग**

बराल, ऋषिराज. (२०७७). भूमण्डलीकरण र सांस्कृतिक अतिक्रमणका सन्दर्भमा समकालीन नेपाली समालोचना. *प्रज्ञा समकालीन नेपाली समालोचना* (गोपीन्द्र पौडेल र धनप्रसाद सुवेदी सम्पा.), पृ. ११५-१४६. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

गौतम, लक्ष्मण. (२०८०). आधुनिक नेपाली कविताको इतिहास (फुटकर कविता मात्र). *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास, चौथो ठेली, नेपाली पद्य र बाल साहित्य.* (माधव प्रसाद पोखरेल, सम्पा.). ललितपुर : जगदम्बा प्रकाशन।

- **प्रकाशकीय**

गुरुङ, जगमान. (२०७९). प्रकाशकीय. *प्रज्ञा नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

दीक्षित, कुन्द. (२०८०). प्रकाशकीय. *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास,* चौथो ठेली, नेपाली पद्य र बालसाहित्य. पृ. क।

शेर्पा, पासाङ दोर्ची. (२०७८). प्रकाशकीय. *भोजपुरको वाङ्मय.* काठमाडौँ : भोजपुरे सेवा समाज, पृ. ख।

- **पुस्तकको भूमिका**

अवस्थी, महादेव. (२०७७). कवि घनश्याम कँडेलको खण्डकाव्यकारिता : समीक्षात्मक मन्तव्य. घनश्याम कँडेलका खण्डकाव्य, पृ. ५-२४. काठमाडौँ : ऐरावती प्रकाशन प्रा. लि.।

भट्टराई, बद्री विशाल. (२०७२). झ्याउरे गीतको अध्ययन पढेपछि. *झ्याउरे गीतको अध्ययन* (तुलसीमान श्रेष्ठ). काठमाडौँ : श्रीमती भगवती श्रेष्ठ।

- **वार्षिक प्रतिवेदन**

  भाषा आयोग. (२०८०). *भाषा आयोगको वार्षिक प्रतिवेदन* (सातौँ). २०७९ श्रावणदेखि २०८० आषाढ मसान्तसम्म. काठमाडौँ। www.languagecommission.gov.np

- **आयोग वा प्रतिष्ठानको प्रतिवेदन**

  स्वशासन अध्ययन प्रतिष्ठान. (२०७५). *युवा रोजगारीको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन.* काठमाडौँ : युवा तथा खेलकुद मन्त्रालय।

- **विद्यावारिधि शोधप्रबन्ध**

  भट्ट, हरिशचन्द्र. (२०७५). *बझाङी नेपालीका भाषिक भेद* [विद्यावारिधि शोधप्रबन्ध]. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय।

- **स्नातक, स्नातकोत्तर, दर्शनाचार्य शोधप्रबन्ध**

  निरौला, यज्ञेश्वर. (२०५०). क्रियाका रूपतत्त्वका आधारमा नेपालीका भाषिकाहरूको निर्धारण [स्नातकोत्तर शोधपत्र]. कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय।

- कतिपय लेखकले शोधप्रबन्धलाई सन्दर्भ सूचीमा राख्दा अप्रकाशित शोधपत्र वा अप्रकाशित शोधप्रबन्ध भन्ने गरेको पाइन्छ। अप्रकाशित शोधपत्र/शोधप्रबन्ध भन्दा शोधपत्र वा शोधप्रबन्ध प्रकाशित र अप्रकाशित दुई खालका हुँदा रहेछन्, ती मध्ये अप्रकाशित चाहिँ हो भन्ने अर्थ लाग्छ। अर्को कुरा, शोधप्रबन्ध आफैँमा अप्रकाशित नै हो। तसर्थ शोधपत्रका निम्ति अप्रकाशित भन्नु पर्दैन।

- **सङ्गोष्ठी पत्र**

  पोखरेल, माधव प्रसाद. (सन् २०२२, नोभेम्बर ६-७). शब्दकोशका प्रकार र निर्माण (रुद्र पौड्याल र परशुराम पौड्याल, अध्यक्षता). भारतमा संस्थागत रूपमा नेपाली शब्दकोश र विश्वकोश निर्मानका लागि मार्गचित्र- सङ्गोष्ठी. गुवाहाटी : आधुनिक भारतीय भाषा तथा साहित्य अध्ययन विभाग, गुवाहाटी विश्वविद्यालय।

- **कार्यपत्र**

  निरौला, यज्ञेश्वर. (सन् २०२४, जुन २९). भारतीय नेपाली शब्दकोश निर्माण निर्देशिका [कार्यपत्र प्रस्तुत]. गुवाहाटी : नेपाली भाषा विकास मञ्च।

- **अनुदान सहयोगको अनुसन्धान प्रतिवेदन**

  निरौला, यज्ञेश्वर. (२०७३-२०७५). सुदूरपश्चिमको पहाडी क्षेत्रमा बोलिने नेपालीका भाषिकाहरूको भाषावैज्ञानिक अध्ययन (FRG-73/75-H&S-3). [अनुदान]. सानोठिमी : विश्वविद्यालय अनुदान आयोग।

- **अनुसन्धानमूलक जर्नल, पत्रिका, मुखपत्र, विशेषाङ्क**
- **डीओआई भएको जर्नल लेख**

  पहाडी. ढुण्डीराज. (२०८०). सत्यमोहन जोशीका गीतिरचनामा राष्ट्रिय सञ्चेतना. *प्रज्ञा,* (२/१२४), पृ. ८६-९५। DOI: https://doi.org/10.3126/prajna.v124i2.60584
- **डीओआई नभएको वेबसाइट भएको जर्नल लेख**

  भण्डारी, मनोज. (२०७९). लक्ष्मणकवेर्वैयाकरणत्वम्. *लोकदर्पण,* ३ (१), पृ. ४५-५९। llsp-web.0rg
- **डीओआई नभएको वेबसाइट पनि नभएको जर्नल लेख**

  भट्ट, पुष्करराज. (सन् २०१७-१८). नेपाली लघुकथामा सांस्कृतिक चेतना. *प्रवासन,* १(२), पृ. २१-३१।

  (हाल यस जर्नल वेभसाइटमा राखिएको छ।)
- **दैनिक, साप्ताहिक, पाक्षिक, मासिक पत्रिकामा प्रकाशित लेख**

  अधिकारी, ज्ञानु. (२०७९, माघ). बहुआयामिक व्यक्तित्व नारायणमान श्रेष्ठ. *मिलाप,* १३(५), पृ. १२-१५।

  गड्तौला, नारायण. (२०७९). सिकर्नी नियात्रामा राष्ट्रियताको आस्वाद. *अग्निचक्र,* १४(७/१३७), पृ. १९-२०।
- **डीओआई भएको अनलाइन जर्नल लेख**

  पौडेल, ईश्वरा. (सन् २०२३, अगस्ट ३०). युद्ध कथामा पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना. *बौद्धिक अभियान*। DOI: https://doi.org/10.3126/bdkan.v8i01.57781
- **जर्नल/पत्रिका विशेषाङ्कमा प्रकाशित लेख**

  पराजुली, शारदा. (२०६८). स्मृतिका डोबहरू भित्र क्रान्तिचेतना. *भानु* (भवानी घिमिरे विशेषाङ्क, सम्पा. रामप्रसाद ज्ञवाली), ४९(१४५), पृ. २०१-२०५।
- **वर्ष, अङ्क उल्लेख नभएको पत्रिकाको लेख**

  लोप्चन, लोकबहादुर. (२०८०). सरकारी कामकाजमा मातृभाषाको प्रयोग : अवधारणा र अभ्यास. *भाषालोक,* पृ. १७२-१८१।
- **सम्पादकीय**

  पोखरेल, माधव प्रसाद. (२०८०). सम्पादकीय. *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास,* चौथो ठेली, नेपाली पद्य र बालसाहित्य. पृ. ग-ज।
- **पुस्तक समीक्षा**

  घिमिरे, विदुला. (२०८०, कात्तिक-चैत). इल्या भट्टराईका कथामा नारी उत्पीडन र सत्ता [इल्या भट्टराईद्वारा रचित जीवनका रङ्गहरू र त्यो एउटा बिहान कथासङ्ग्रहको समीक्षा). *अस्मिता.*

(कुमारी लामा, गीता त्रिपाठी र लक्ष्मी रुम्बा सम्पा.). १(२), पृ. ९६-१०२।

- **फेसबुक पोस्ट**
  अधिकारी, हेमाङ्ग. (सन् २०२४, जुलाई १८). पुराना नेपाली व्याकरणका तुलनामा वर्तमान नेपाली व्याकरणका विशेषता. www.facebook.com
- **सात जनासम्म लेखकको लेख भएको जर्नल लेख**
  प्रज्ञा नेपाली बृहत् शब्दकोशमा सात जना सम्पादकको नाम छ र सन्दर्भ सूचीमा सातै जनाको नाम उल्लेख गर्नुपर्छ। जर्नलका प्रकाशित लेखमा सात जनासम्म लेखकको नाम छ भने सातै जनाको नाम उल्लेख गर्नुपर्छ।
- **सात जनाभन्दा बढी लेखकको लेख भएको जर्नल**
  कुनै कुनै जर्नल लेखमा सात वा सात जनाभन्दा बढी लेखकहरू हुन सक्छन्। यस्तो अवस्थामा छ जनासम्मको थर र नाम क्रमैसँग उल्लेख गर्नुपर्छ र सातँदेखि बढीलाई ... दिएर अन्तिम नामलाई उल्लेख गर्नुपर्छ।

प्रकाशन प्रक्रिया :

- लेखप्राप्ति,
- सम्पादकमण्डलबाट प्रारम्भिक परीक्षण,
- सुधारका लागि लेखकलाई फिर्ता,
- सुधारसहित सम्पादकमण्डललाई लेखप्राप्तिपछि समीक्षाका निम्ति विज्ञकहाँ पठाइने,
- विज्ञको सुझावअनुसार लेख सुधार तथा परिमार्जनका निम्ति पुनः लेखकलाई पठाइने,
- परिमार्जन गरी आएका लेखलाई परीक्षण गरेर एकरूपता कायम गरी स्वीकृत लेखलाई प्रकाशन गर्ने।
- मापदण्डभित्र नपरेका लेखहरू छापिने छैनन् र फिर्ता पनि गरिने छैन।

*लेखको सुरुमा मुखपृष्ठ **(cover page)** बनाई त्यसमा शीर्षक, लेखकको नाम, पद, कार्यरत संस्था, सम्पर्क ठेगाना (इमेल) राखिएको हुनुपर्ने छ। लेखमा लेखकको परिचय खुल्ने अन्य कुनै पनि कुरा नराखिएको हुनुपर्ने छ।*

लेख पठाउने इमेल ठेगाना - lokdarpan@llspweb.org

नम्र निवेदन

पण्डित श्रीलोकनाथ लुइटेल स्मृति-प्रतिष्ठान, धरानले बृहत् प्राज्ञिक उद्देश्य राखेर अनुसन्धानमूलक पत्रिका लोकदर्पणको प्रकाशन सुरू गरेको छ। यस अर्धवार्षिक जर्नलमार्फत् बहुविषयात्मक अनुसन्धानमूलक लेखहरू समेट्दै प्राज्ञिक जगत्मा योगदान पुऱ्याउन हामी प्रयत्नरत छौँ । यस पुनीत कार्यमा सहयोगको अपेक्षा गर्दै आदरणीय अनुसन्धानकर्ताहरूलाई आ–आफ्ना विषयमा आफूले तयार गरेका अनुसन्धानमूलक लेखहरू इमेलमार्फत् हाम्रो ठेगानामा पठाउनुहुन प्रतिष्ठान सादर अनुरोध गर्दछ।

धरान-१६, सुनसरी,
कोशी प्रदेश, नेपाल ।
इमेल- lokdarpan@llspweb.org
वेवसाइट - llspweb.org

प्रकाशक :
पण्डित श्रीलोकनाथ लुइटेल स्मृति-प्रतिष्ठान
धरान, सुनसरी
email: lokdarpan@llspweb.org
www.llspweb.org
ISSN : 2795-1596 (P)